वार्षिक प्रगति प्रतिवेदन
२०७७।७८



महालेखापरीक्षकको कार्यालय
बबरमहल, काठमाडौं
नेपाल

प्रतिवेदन तयारीमा संलग्न कर्मचारीहरू

उप-महालेखापरीक्षक श्री राम प्रसाद डोटेल

नायब महालेखापरीक्षक श्री विन्दु विष्ट

नायब महालेखापरीक्षक श्री घनश्याम पराजुली

निर्देशक श्री नेत्रप्रसाद पौडेल

निर्देशक श्री किशोर पाण्डे

लेखापरीक्षण अधिकारी श्री नृपराज जोशी

लेखापरीक्षण अधिकारी श्री दिपकबहादुर सिंह

लेखापरीक्षण अधिकारी श्री विवेक काफ्ले

कम्प्युटर विशेषज्ञ श्री विष्णुगोपाल डंगोल

मन्तव्य

सर्वोच्च लेखापरीक्षण संस्थाको प्रचलित मान्यतालाई आत्मसात गर्दै सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४१ बमोजिम आर्थिक वर्ष २०७७।७८ मा महालेखापरीक्षकको कार्यालयले सम्पादन गरेका व्यवस्थापकीय तथा प्रशासनिक कामको यथार्थ स्थिति सार्वजनिक गर्ने अभिप्रायले यो प्रगति प्रतिवेदन तयार गरिएको छ । प्रतिवेदनमा समावेश भएका सूचना एवं जानकारी सबैमा उपयोगी हुने नै छ।

प्रतिवेदन तयारीमा संलग्न र सहयोग पुऱ्याउने सबैमा धन्यवाद दिन चाहन्छु ।

(टंकमणि शर्मा दंगाल)

२०७८ मङ्सिर

महालेखापरीक्षक

विषय-सूची

क्र.सं.	विषयवस्तु	पृष्ठ
१	पृष्ठभूमि	१
२	संविधान प्रदत्त अधिकार र कर्तव्य	३
३	लेखापरीक्षणमान र कार्यपद्धति	४
४	मानव संसाधन	८
५	आन्तरिक व्यवस्थापन	८
६	सस्थागत सुदृढीकरण	१४
७	आय-व्ययको स्थिति	१४
८	आन्तरिक कार्य प्रणाली तथा लेखापरीक्षण गुणस्तर सुधार	१६
९	अन्तर्राष्ट्रिय सम्बन्ध एवं सहयोग	१७
१०	राष्ट्रिय तालिम, सेमिनार, गोष्ठीमा सहभागिता	१७
११	सरोकारबालासँगको सम्बन्ध	१९
१२	लेखापरीक्षण नतिजा	२३
१३	वित्तीय तथा परिपालना लेखापरीक्षण	२४
१७	कार्यमूलक तथा विशेष लेखापरीक्षण	२७
१८	सुधारका क्षेत्रहरु	२७
	निष्कर्ष	४२
तालिका		
१	कर्मचारी दरबन्दी र पदपूर्ति विवरण	४३
२	बढुवा भएका कर्मचारीहरूको विवरण	४४
३	सेवा निवृत्त भएका कर्मचारीहरूको विवरण	४५
४	सरुवा भई आएका कर्मचारीहरूको विवरण	४६
५	आर्थिक वर्ष २०७७।७८ को वार्षिक आर्थिक विवरण (२०८०००० १३ चालु)	४७
६	आर्थिक वर्ष २०७७।७८ को वार्षिक आर्थिक विवरण (२०८०००११३ चालु)	४८
७	आर्थिक वर्ष २०७७।७८ को वार्षिक आर्थिक विवरणहरू (२०८०००११४ पुँजीगत)	४९
८	आर्थिक वर्ष २०७७।७८ को वैदेशिक स्रोत समावेश भएका बजेटको वार्षिक आर्थिक विवरण (३०५०११०१३ चालु)	५०
९	आर्थिक वर्ष २०७७।७८ को वैदेशिक स्रोत समावेश भएका बजेटको वार्षिक आर्थिक विवरण (३०५०११०१४ पुँजीगत)	५१
१०	आर्थिक वर्ष २०७७।७८ को राजस्वको वार्षिक आर्थिक विवरण	५२
११	आर्थिक वर्ष २०७७।७८ को धरौटीको आर्थिक विवरण	५३

१. पृष्ठभूमि

१.१ **कार्यालय परिचयः** नेपालको सर्वोच्च लेखापरीक्षण संस्थाको रूपमा २०१६ सालमा स्थापना भएको हो । नेपालको संविधान र लेखापरीक्षण ऐन, २०७५ ले महालेखापरीक्षकलाई संघ, प्रदेश र स्थानीय तहका सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी लेखापरीक्षण गर्ने जिम्मेवारी प्रदान गरेको छ । यसैगरी पचास प्रतिशतभन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व भएका संगठित संस्थाहरूको लेखापरीक्षणका लागि कार्यालयबाट परामर्श प्रदान गर्ने गरिएको छ । यस अतिरिक्त संस्थासम्बन्धी विशेष ऐन तथा कार्यकारी निर्णयले गठित समिति, प्रतिष्ठान, विश्वविद्यालयलगायतको लेखापरीक्षण महालेखापरीक्षकले गर्नुपर्ने गरी तोकिएकोमा कार्यालयबाट लेखापरीक्षण गर्ने गरिएको छ । कार्यालयले वित्तीय, कार्यमूलक, सूचना प्रविधि र वातावरणीय लेखापरीक्षण गर्दै आएको छ । महालेखापरीक्षकले आफूले गरेको कामको वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेस गर्ने र राष्ट्रपतिबाट प्रधानमन्त्रीमार्फत व्यवस्थापिका-संसद समक्ष पेस भई व्यवस्थापिका-संसदको सार्वजनिक लेखा समितिमा छलफल हुने गरेको छ र महालेखापरीक्षकले प्रत्येक प्रदेशको कामकारबाहीको सम्बन्धमा अलग अलग वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित प्रदेश प्रमुख समक्ष पेस गर्ने र उक्त प्रतिवेदन मुख्यमन्त्रीमार्फत प्रदेश सभामा पेस हुने गरेको छ । त्यसैगरी प्रत्येक गाउँपालिका र नगरपालिकाको अलग अलग वार्षिक प्रतिवेदन जारी हुने र उक्त प्रतिवेदन सम्बन्धित गाउँपालिका वा नगरपालिकाले स्थानीय तहको प्रचलित कानुनबमोजिम गाउँसभा वा नगरसभामा पेस गरी छलफल हुने गरेको छ ।

१.२ सर्वोच्च लेखापरीक्षण संस्थाको अन्तर्राष्ट्रिय मानदण्ड (International Standards of Supreme Audit Institution - ISSAI) २० र २१ मा व्यवस्था भएको पारदर्शिता र जवाफदेहिताको मान्यतालाई अङ्गीकार गरी आर्थिक वर्ष २०७७।७८ मा महालेखापरीक्षकको कार्यालयबाट सम्पादित कामलाई सरोकारवालाहरू समक्ष जानकारीको लागि सार्वजनिक गरिएको छ ।

१.३ **दूरदृष्टि (Vision), गन्तव्य (Mission) र मूल्य मान्यता (Core Values):** संविधान एवं कानुन प्रदत्त जिम्मेवारी निर्वाह गर्न कार्यालयले निम्नबमोजिम दूरदृष्टि, गन्तव्य र मूल्य मान्यताहरू निर्धारण गरेको छः

- **दूरदृष्टि (Vision):** जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।
- **गन्तव्य (Mission):** सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय सेवा प्रदान गर्ने ।
- **मूल्य मान्यता (Core Values):** महालेखापरीक्षकको कार्यालय र कार्यरत कर्मचारीहरूलाई निर्दिष्ट लक्ष्य एवं गन्तव्यतर्फ अग्रसर गराउन निम्न मूल्य मान्यताहरूलाई अङ्गीकार गरिएको छः
  - ***स्वतन्त्रताः*** व्यावसायिक विवेकको प्रयोगमा नकारात्मक प्रभाव पार्ने तत्वहरूसँग सम्झौता नगरी, स्वार्थगत विवादबाट टाढा रही निजी स्वार्थ र डर धम्कीबाट मुक्त रही, निष्पक्ष भई लेखापरीक्षण निष्कर्ष निकाल्ने, व्यहोरा औंल्याउने, लेखापरीक्षण राय व्यक्त गर्ने ।
  - ***निष्ठाः*** लेखापरीक्षणमा निजी वा बाह्य पक्षको स्वार्थबाट प्रभावित नभई इमान्दारिता, स्वच्छता, वस्तुपरकता र सत्यता प्रदर्शन गर्दै लेखापरीक्षण गराउने निकायसँग व्यवहार गर्दा पेशागत निष्ठा प्रस्तुत गर्ने।
  - ***जवाफदेहिताः*** लेखापरीक्षण पेशा र आम नागरिकप्रतिको जिम्मेवारी स्वीकार गर्दै जनताको सामूहिक हितको लागि सार्वजनिक स्रोतको उचित प्रयोग एवं संरक्षणतर्फ ध्यान केन्द्रित गरी कानुनको परिधिभित्र रही जनताको अपेक्षा पूरा गर्न जवाफदेही रहने ।
  - ***पारदर्शिताः*** पक्षपातरहित रायको प्रस्तुतीकरण, लेखापरीक्षणमानको निरन्तर प्रयोग, अन्तर्राष्ट्रिय उत्कृष्ट प्रचलनको अवलम्बन, सूचना, तथ्याङ्क सङ्कलन र विश्लेषणमा व्यवस्थित पद्धतिको अङ्गीकार र निश्चित

आधारमा लेखापरीक्षण नतिजा मूल्याङ्कन गरी सम्पादित कार्यको पारदर्शिता कायम राख्ने र लेखापरीक्षण सेवा प्रदान गर्दा गुणस्तर सुनिश्चित गर्ने ।

- ***व्यावसायिकता:*** व्यावसायिक र दक्ष जनशक्तिमार्फत गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्न कर्मचारीको सेवा प्रवेशपछि शिक्षा र तालिमको साथसाथै निरन्तर सीप विकास गर्ने र स्वाध्ययनलाई निरन्तरता दिने।

१.४ कार्यालयको गन्तव्य एवं लक्ष्य हासिल गर्न तय गरिएको रणनैतिक लक्ष्य र उद्देश्य

दूरदृष्टि

जनिहतका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धनमा विश्वसनीय लेखापरीक्षण संस्था

गन्तव्य

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

मूल्य मान्यता

- स्वतन्त्रता
- निष्ठा
- पारदर्शिता
- जवाफदेहिता
- व्यावसायिकता

रणनैतिक लक्ष्य

१	२	३	४	५
लेखापरीक्षणको गुणस्तर र प्रभाव वृद्धि गर्ने	आन्तरिक शासन र स्वतन्त्रता सुदृढीकरण गर्ने	संस्थागत तथा व्यवसायिक क्षमता विकास गर्ने	वित्तीय अनुशासन र जवाफदेहिता अभिवृद्धि गर्ने	सरोकारवालासँगको सम्बन्ध प्रवर्द्धन गर्ने
रणनैतिक उद्देश्य	**रणनैतिक उद्देश्य**	**रणनैतिक उद्देश्य**	**रणनैतिक उद्देश्य**	**रणनैतिक उद्देश्य**
१.१ सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय मानदण्डसँग आबद्ध लेखापरीक्षण पद्धतिको कार्यान्वयन गर्ने	२.१ आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्ने	३.१ प्रादेशिक संरचना सहितको सांगठनिक स्वरूप तयार पार्ने	४.१ सम्परीक्षण कार्यलाई प्रभावकारी बनाउने	५.१ सरोकारवालाको माग अनुसार सहभागीता बढाउने
१.२ लेखापरीक्षण कार्यमा सूचना प्रविधिको प्रयोगलाई प्रवर्धन गर्ने	२.२ लेखापरीक्षणमा गुणस्तर नियन्त्रण र गुणस्तर आश्वस्तता प्रणालीलाई सुदृढ गर्ने	३.२ पर्याप्त भौतिक पूर्वाधार र सेवा सुविधाको व्यवस्थापन गर्ने	४.२ लेखापरीक्षणबाट औल्याइएका व्यहोराको कार्यान्वनयमा जोड दिने	५.२ सरोकारवालासँगको सम्पर्कलाई बढावा दिने
१.३ समयमा पाठकमैत्री लेखापरीक्षण प्रतिवेदन पेस गर्ने	२.३ सुपरीवेक्षण र मूल्याङ्कन प्रणालीमा सुधार गर्ने	३.३ क्षमता विकासका लागि उपयुक्त योजना तयार गरी कार्यान्वयन गर्ने	४.३ वित्तीय अनुशासन र जवाफदेहिता कायम गर्न योगदान पुर्याउने	५.३ सरोकारवालाहरू बीच विश्वसनीयता कायम गर्ने
१.४ कार्यमूलयक लेखापरीक्षणको गुणात्मक र संख्यात्मक अभिवृद्धि गर्ने	२.४ नैतिक मूल्य र आचार पालनामा ध्यान दिने	३.४ मानव संसाधन विकास योजनालाई अद्यावधिक र कार्यान्वयन गर्ने साथै प्रेरणा र मनोबल सुधार गर्ने।		
	२.५ पूर्ण आर्थिक स्वतन्त्रता हासिल गर्ने			
	२.६ संस्थागत स्वतन्त्रताको कानूनी आधार तयार पार्ने			

१.५ **संगठन संरचनाः** महालेखापरीक्षकको कार्यालयको कार्यबोझ, कार्य प्रकृति र उपलब्ध दरबन्दीको अवस्थालाई दृष्टिगत गरी संगठन संरचना स्वीकृत गरी लागू गरिएको छ । जसअनुसार कार्यालयको प्रमुख पदाधिकारीको रूपमा महालेखापरीक्षक रहने व्यवस्था छ भने नीतिगत विषयमा महालेखापरीक्षकलाई राय सुझाव प्रदान गर्न उप-महालेखापरीक्षकको अध्यक्षतामा केन्द्रीय समन्वय समिति (Central Co-ordination Committee) रहेको छ । यसले लेखापरीक्षण कार्यको अनुगमन तथा मूल्याङ्कनसमेत गर्दछ । महालेखापरीक्षकको मातहतमा शासकीय व्यवस्था, पूर्वाधार विकास, अर्थ राजस्व र आर्थिक तथा सामाजिक सेवा लेखापरीक्षण विभाग हेर्ने गरी चार उप-महालेखापरीक्षक (राजपत्राङ्कित विशिष्ट श्रेणी) र विभागअन्तर्गत विभिन्न महानिर्देशनालय हेर्ने गरी १४ नायब महालेखापरीक्षक (राजपत्राङ्कित प्रथम श्रेणी) को व्यवस्था गरिएको छ । महानिर्देशनालयअन्तर्गत निर्देशक (राजपत्राङ्कित द्वितीय श्रेणी) को नेतृत्व रहने गरी ३७ निर्देशनालयहरूको व्यवस्था गरिएको छ । निर्देशनालयको कार्यसम्पादनका लागि निर्देशकको मातहतमा कार्यबोझअनुसार लेखापरीक्षण अधिकारी (राजपत्राङ्कित तृतीय श्रेणी) देखि कार्यालय सहयोगी (श्रेणीविहीन) सम्मका कर्मचारीहरू रहेका छन् । प्रदेश एवं स्थानीय तहको लेखापरीक्षण गर्नुपर्ने जिम्मेवारी समेतलाई मध्यनजर गरी नेपाल सरकारबाट मिति २०७५।३।३२ मा ६१४ कर्मचारी दरबन्दी स्वीकृति भएकोमा महालेखापरीक्षकको कार्यालयको कार्यक्षेत्रमा बढोत्तरीसँगै प्रदेशस्तरमा समेत कार्यालय खोल्नका लागि चालु आर्थिक वर्षमा ६४३ जना कर्मचारीको दरबन्दी स्वीकृत भएको छ ।

२. संविधान प्रदत्त अधिकार र कर्तव्य

नेपालको संविधानमा राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालय, सर्वोच्च अदालत, संघीय संसद, प्रदेश सभा, प्रदेश सरकार, स्थानीय तह, संवैधानिक निकाय वा सो को कार्यालय, अदालत, महान्यायाधिवक्ताको कार्यालय र नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल, नेपाललगायत सबै संघीय र प्रदेश सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । यसैगरी पचास प्रतिशतभन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व भएका संगठित संस्थाहरूको लेखापरीक्षणका लागि कार्यालयबाट परामर्श प्रदान गर्ने गरिएको छ । यस अतिरिक्त संस्थासम्बन्धी विशेष ऐन तथा कार्यकारी निर्णयले गठित समिति, प्रतिष्ठान, विश्वविद्यालयलगायतको लेखापरीक्षण महालेखापरीक्षकले गर्नुपर्ने गरी तोकिएअनुसार कार्यालयबाट लेखापरीक्षण गर्ने गरिएको छ । लेखापरीक्षण ऐन, २०७५ ले महालेखापरीक्षकले लेखापरीक्षण गर्ने तरिका, क्षेत्र, परीक्षण गर्ने कुराहरू र नेपाल सरकारको पूर्ण एवं अधिकांश स्वामित्व भएका संगठित संस्थाको लेखापरीक्षणको सम्बन्धमा गरिनुपर्ने कामहरूको बारेमा व्यवस्था गरेको छ । लेखापरीक्षण ऐनमा नेपाल सरकारको पूर्ण स्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षण महालेखापरीक्षकद्वारा हुने र अधिकांश स्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति गर्दा महालेखापरीक्षकको परामर्श लिनुपर्ने व्यवस्था छ ।

संविधान एवं कानुनमा व्यवस्था भएबमोजिम महालेखापरीक्षकको कार्यक्षेत्रभित्र देहायबमोजिमको लेखापरीक्षण गर्ने, परामर्श दिने र निर्देशन दिनेसम्बन्धी कार्य पर्दछन्:

- सर्वोच्च अदालत, व्यवस्थापिका-संसदलगायत सबै संवैधानिक अङ्ग, सुरक्षा निकाय र सरकारी कार्यालयहरूको लेखापरीक्षण,
- नेपाल सरकारको पूर्ण स्वामित्व भएका संगठित संस्थाहरूको लेखापरीक्षण,
- महालेखापरीक्षकले परीक्षण गर्नुपर्ने गरी कानुनद्वारा तोकिएका विश्वविद्यालय, प्राधिकरण, प्रतिष्ठान, विभिन्न कोष, विकास समिति तथा जिल्ला विकास समिति एवं स्थानीय निकायहरूको लेखापरीक्षण,
- नेपाल पक्ष रहेका सन्धि सम्झौताअन्तर्गतका निकायहरूको लेखापरीक्षण,
- नेपाल सरकारको अधिकांश स्वामित्व भएका संगठित संस्थाको लेखापरीक्षक नियुक्तिमा परामर्श,

- लेखासम्बन्धी व्यवस्था मिलाउन र नियमितता ल्याउनको लागि सम्बन्धित सरकारी निकाय वा संगठित संस्थालाई निर्देशन, र
- लेखाव्यवसायको विकास, संरक्षण र संवर्द्धन गर्ने सम्बन्धमा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थालाई निर्देशन ।

महालेखापरीक्षकले उपर्युक्तबमोजिम लेखापरीक्षण गरी आफूले गरेको कामको वार्षिक प्रतिवेदन संविधानको धारा २९४ अनुसार राष्ट्रपतिसमक्ष पेस गर्नुपर्ने व्यवस्था छ । राष्ट्रपतिले प्रधानमन्त्रीमार्फत त्यस्तो प्रतिवेदन संघीय संसदसमक्ष पेस गर्न लगाउने व्यवस्था छ । उक्त प्रतिवेदनमा संविधान प्रदत्त जिम्मेवारी पूरा गर्न महालेखापरीक्षकबाट निकायहरूको वित्तीय एवं कार्यमूलक लेखापरीक्षण गर्ने, संगठित संस्थाको लेखापरीक्षण गर्दा अपनाउनुपर्ने सिद्धान्त सम्बन्धमा आवश्यक निर्देशन दिने, लेखासम्बन्धी कागजात जुनसुकै बखत हेर्ने र लेखाको ढाँचा तोक्नेलगायतका कार्य भई आएको छ ।

३. लेखापरीक्षणमान र कार्यपद्धति

महालेखापरीक्षकको कार्यालयले सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय संगठनको सदस्यको हैसियतले सो संगठनबाट स्वीकृत लेखापरीक्षणमान, मार्गदर्शनको क्रमशः कार्यान्वयन गरी लागू गर्दै आएको छ । महालेखापरीक्षकको कार्यालयबाट सो संगठनबाट जारी भएका अन्तर्राष्ट्रिय लेखापरीक्षणमानमा आधारित सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण एवं कार्यमूलक लेखापरीक्षण निर्देशिकाहरू तयार गरी लागू गरिएको छ ।

३.१ **लेखापरीक्षणमानः** कार्यालयले संवैधानिक एवं कानुनी व्यवस्था, लेखापरीक्षणमान, विभिन्न क्षेत्रगत मार्गदर्शन एवं निर्देशिकालाई आधार बनाएर लेखापरीक्षण एवं प्रतिवेदन गर्ने र लेखापरीक्षणको गुणस्तर आश्वस्तता गर्ने गरेको छ । सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय मानदण्ड (International Standards for Supreme Audit Institutions - ISSAI) को आधारमा नेपाल सरकारी लेखापरीक्षण मान (Nepal Government Auditing Standards - NGAS) जारी गरी २०७७।४।१ देखि लागू गरिएको छ । यसबाट वि.सं. २०५३ मा जारी सरकारी लेखापरीक्षण मानदण्ड र वि.सं. २०६३ मा जारी सरकारी लेखापरीक्षण नीति मानदण्ड प्रतिस्थापन भएको छ ।

३.२ **लेखापरीक्षण कार्यपद्धतिः** लेखापरीक्षण ऐन, २०७५ ले महालेखापरीक्षकलाई लेखापरीक्षणको क्षेत्र, पद्धति, तरिका र समय निर्धारण गर्ने अधिकार प्रदान गरेको छ । प्रत्येक वर्ष महालेखापरीक्षकको कार्यालयले लेखापरीक्षण सञ्चालन गर्नु अघि वार्षिक कार्ययोजना तयार गरी मन्त्रालय/निकायका लेखाउत्तरदायी अधिकृत/सचिवलाई जानकारी दिने गरेको छ । उक्त कार्ययोजनाको आधारमा सम्बन्धित महानिर्देशनालयहरूले मन्त्रालयगत समष्टिगत लेखापरीक्षण योजना र लेखापरीक्षण गर्नुपर्ने प्रत्येक कार्यालयहरूको इकाईगत लेखापरीक्षण योजना तयार गरिन्छ । हरेक वर्ष निश्चित आधारहरू जस्तै कारोबारको परिमाण, प्रकृति, भौगोलिक क्षेत्र आदि पक्षलाई विचार गरी विभिन्न मन्त्रालयमातहत जिल्लामा कार्यसञ्चालन स्तरका कार्यालयहरूको समेत लेखापरीक्षण स्थलगत रूपमा लेखापरीक्षण टोली खटाई सम्पन्न गरिन्छ ।

लेखापरीक्षण मानदण्ड र विभिन्न मार्गदर्शन एवं निर्देशिकाको अधीनमा रही कार्यालयबाट लेखापरीक्षण एवं प्रतिवेदन गर्ने गरिन्छ । लेखापरीक्षण सम्पन्न भएपछि ३५ दिन म्याद दिई प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन लेखापरीक्षण गरिएको निकायलाई स्थलगत रूपमै उपलब्ध गराई सोको एक/एक प्रति तालुक मन्त्रालय, विभाग र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाइन्छ । सम्पादित लेखापरीक्षण कार्यको गुणस्तर सुनिश्चित गर्न गुणस्तर मूल्याङ्कन तथा पुनरावलोकन गरी प्रतिवेदन गर्ने पद्धति अवलम्बन गरिएको छ ।

३.३ **लेखापरीक्षण कार्यविधिः** आर्थिक वर्ष २०७६।७७ मा वार्षिक योजना र कार्यक्रमको अधीनमा रही ३०७९ संघिय मन्त्रालय र निकाय, १०१९ प्रदेश मन्त्रालय र निकाय, ६९९ स्थानीय तह (बक्यौता ५ समेत), ५८४

समिति र अन्य संस्था, ८१ संगठित संस्था को स्थलगत रूपमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन गरिएको छ। लेखापरीक्षणको गुणस्तर अभिवृद्धिका लागि कार्यान्वयन चरणमा निरीक्षण, सुपरिवेक्षण तथा आचारसंहिता पालनाको अनुगमन गरी गुणस्तर आश्वस्तताको निमित्त सम्पादित कामको पुनरावलोकन गर्ने गरिएको छ ।

लेखापरीक्षण गरिने निकाय र कारोबारको छनौट गर्दा जोखिम मूल्याङ्कनको आधारमा स्वीकृत योजना र कार्यविधि अबलम्बन गरी विस्तृत, संक्षिप्त र आन्तरिक लेखापरीक्षण तथा केन्द्रीय आर्थिक विवरणको आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ । कार्यमूलक लेखापरीक्षणको क्रममा केहीमा स्थलगत अवलोकनसहित नागरिक समाज, लाभग्राही समूहलगायत सरोकारवालालाई समेत सहभागी बनाई छलफल तथा अन्तरक्रियामा सहभागी गराई प्राप्त सूचनासमेतको विश्लेषण गरी प्रतिवेदन तयार गरिएको छ ।

३.४ निर्देशिका तथा मार्गदर्शन तर्जुमा

- **सरकारी लेखापरीक्षकको आचारसंहिता, २०७०:** सरकारी लेखापरीक्षकको निष्ठा, स्वतन्त्रता, निष्पक्षता, गोपनीयता र पेसागत नैतिक आचरण तथा मूल्य मान्यताको पालनाबाट यस कार्यालयको संवैधानिक जवाफदेहिता पूरा गर्न, लेखापरीक्षण कार्यप्रति सरोकारवालाहरूको विश्वास अभिवृद्धि गर्न र सार्वजनिक क्षेत्रमा पारदर्शिता एवं उत्तरदायित्व प्रवर्द्धन गर्न सकिने तथ्यलाई दृष्टिगत गरी कार्यान्वयनमा ल्याइएको "सरकारी लेखापरीक्षकको आचारसंहिता, २०७०" पालनाको अनुगमन समितिबाट अनुगमन हुने गरेको छ ।

- **वित्तीय लेखापरीक्षण मार्गदर्शनः** कार्यालयले कार्यान्वयनमा ल्याएको सरकारी लेखापरीक्षण सञ्चालन मार्गदर्शनलाई सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय संगठनले जारी गरेको मानदण्डको आधारमा सुधार गर्न वित्तीय लेखापरीक्षण मार्गदर्शन २०७३ तयार गरी लागू गरिएकोले कार्यालयको वित्तीय लेखापरीक्षण अन्तर्राष्ट्रिय स्तरको हुने अपेक्षा गरिएको छ ।

- **नेपाल सरकारी लेखापरीक्षणमान जारीः** लेखापरीक्षणलाई वस्तुपरक, विश्वसनीय र भरपर्दो बनाई लेखापरीक्षण गुणस्तर अभिवृद्धि गर्न साविकमा स्वीकृत भएका सरकारी लेखापरीक्षण मानदण्ड एवं सरकारी लेखापरीक्षण नीति मानदण्ड खारेज गरी देहायअनुसारका "नेपाल सरकारी लेखापरीक्षण मान" (Nepal Government Auditing Standards, NGAS) माननीय महालेखापरीक्षकज्यूबाट स्वीकृत भई २०७७।४।१ देखि लागू हुने गरी कार्यान्वयनमा आएको छ। सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय संगठनले जारी गरेका अन्तराष्ट्रिय लेखापरीक्षण मान (INTOSAI Framework for professional pronouncements, IFPP) मा आधारित रही लेखापरीक्षण ऐन, २०७५ को दफा २९ बमोजिम सो मानदण्ड जारी भएको हो ।

NGAS नम्बर	नेपाल सरकारी लेखापरीक्षण मानको नाम
INTOSAI-P1	The Lima Declaration
INTOSAI-P10	Mexico Declaration on SAI Independence
INTOSAI-P12	The value and Benefits of Supreme Audit Institutions-Making a difference in the life of citizen
INTOSAI-P20	Principles of Transparency and Accountability
ISSAI 100	Fundamental Principles of Public Sector Auditing
ISSAI 130	Code of Ethics
ISSAI 140	Quality control for SAIs
ISSAI 200-299	Financial Audit Principles
ISSAI 300-399	Performance Audit Principles
ISSAI 400-499	Compliance Audit Principles
ISSAI 2000-2899	Financial Audit Standards
ISSAI 3000-3899	Performance Audit Standards
ISSAI 4000-4899	Compliance Audit Standards

३.५ लेखापरीक्षण व्यवस्थापन

- **वित्तीय लेखापरीक्षणः** यो वर्ष ३ हजार ७९ सङ्घीय सरकारी निकायको रू.१५ खर्ब ५५ अर्ब ८१ करोड, १ हजार १९ प्रदेश सरकारी कार्यालयतर्फको रू.२ खर्ब ३७ अर्ब ४१ करोड, ६९९ (५बक्यौता समेत) स्थानीय तहको रु ८ खर्ब १५ अर्ब ९९ करोड, ५८४ समिति र अन्य संस्था(प्रदेश समेत) को रू.१ खर्ब ६३ अर्ब ५७ करोड, संगठित संस्थातर्फ ८१ इकाईको रू.२५ खर्ब ५५ अर्ब १३ करोडको वित्तीय लेखापरीक्षण सम्पन्न गरिएको छ ।

- **कार्यमूलक लेखापरीक्षणः** यो वर्ष ११ विषयको कार्यमूलक, १ विषयको वातावरणीय, २ विषयको सूचना प्रविधि र र कोभिड-१९ को रोकथाम, नियन्त्रण र व्यवस्थापन विषयको विशेष लेखापरीक्षण सम्पन्न गरिएको छ ।

- **संगठित संस्थाको लेखापरीक्षणः** यो वर्ष ४९ संस्थाको बक्यौतासमेत ६८ आर्थिक वर्षको लेखापरीक्षण गर्नुपर्नेमा ४० संस्थाको ५६ आर्थिक वर्षको लेखापरीक्षण सम्पन्न गरी अन्तिम प्रतिवेदन जारी भएको छ भने ९ संस्थाको १२ आर्थिक वर्षको लेखापरीक्षण बाँकी रहेको छ । प्रतिवेदन अवधिमा कार्यालयको जनशक्तिबाट २ संस्थाको लेखापरीक्षण सम्पन्न भएको छ । समयमा लेखापरीक्षण नगराउने संस्था र पदाधिकारीलाई जिम्मेवार बनाई आवश्यक कारबाही भएको छैन। लेखापरीक्षण ऐन, २०७५ को दफा ११(२) अनुसार संगठित संस्थाले लेखापरीक्षक नियुक्ति गर्दा महालेखापरीक्षकको परामर्श लिनुपर्ने व्यवस्था छ । लेखापरीक्षक नियुक्ति गर्दा परामर्श माग गर्नुपर्ने संगठित संस्थाको संख्या यकिन छैन । यो वर्ष ३३ संस्थाको ३६ आर्थिक वर्षको लागि लेखापरीक्षक नियुक्ति गर्न परामर्श माग गरेका छन् ।

- **अन्तर्राष्ट्रिय संस्थाको लेखापरीक्षणः** नेपाल सरकारले दातृ निकायबाट बजेटमा समावेश नभएका वा समावेश भएपनि दातृ निकायबाट सोझै भुक्तानी हुने गाभी एलाईन्सबाट सन् २०१५।१६ देखि २०१७।१८ मा कार्यान्वयन भएका ४ आयोजनाको अमेरिकी डलर ३२ लाख ७७ हजार तथा संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमबाट सन् २०२० मा कार्यान्वयन भएका ७ आयोजनाको अमेरिकी डलर ४० लाख ८८ हजार एवम् अमेरिकी सहयोग संस्थाले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र कर्णाली प्रदेशको सामाजिक विकास मन्त्रालयले खर्च गरेको अमेरिकी डलर ६ लाख ४१ हजारको लेखापरीक्षण गर्न लेखा व्यवसायीको सेवा लिई लेखापरीक्षण प्रतिवेदन ती निकायलाई उपलब्ध गराइएको छ।

- **लेखापरीक्षणको अन्तिम प्रतिवेदनः** लेखापरीक्षणका मान्य सिद्धान्तअनुसार लेखापरीक्षण गरिएका वित्तीय विवरणहरू उपर रायसहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नुपर्ने हुन्छ । संगठित संस्थाको अन्तिम लेखापरीक्षण प्रतिवेदन जारी गर्दा सम्बन्धित संस्थाको वित्तीय विवरणउपर राय दिने गरी आएको छ । गत वर्ष अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालयलगायत केन्द्रीयस्तरका निकायहरूको अन्तिम प्रतिवेदन र सञ्चितकोषको हकमा रायसहितको अन्तिम प्रतिवेदन जारी गरिएकोमा सो कार्यलाई यस वर्षपनि निरन्तरता दिइएको छ । यो वर्ष सञ्चितकोष समेत केन्द्रीयस्तरका निकाय, मन्त्रालय, नेपाल सरकारको पूर्ण स्वामित्व भएका संगठित संस्थाबाट प्रारम्भिक प्रतिवेदनको प्राप्त प्रतिक्रियासमेतमा कारबाही गरी अन्तिम प्रतिवेदन जारी गरिएको छ ।

- **रायसहितको लेखापरीक्षण प्रतिवेदनः** यो वर्ष महालेखा नियन्त्रक कार्यालयले तयार गरेको सञ्चित कोषको हिसाबउपर रायसहितको प्रतिवेदन उपलब्ध गराइएको छ । केन्द्रीय निकाय र संगठित संस्थाबाट पेस भएका वित्तीय विवरणमा रायसहितको लेखापरीक्षण प्रतिवेदन उपलब्ध गराइएको छ ।

- **आयोजना हिसाबको लेखापरीक्षणः** नेपाल सरकार र दातृ राष्ट्र/निकायबीच भएको सम्झौताअनुसार यो वर्ष ६७ आयोजनाको आयोजना हिसाब प्रमाणीकरणका लागि पेस हुनुपर्नेमा ५४ आयोजना हिसाब पेस भएकोले प्रमाणित गरी लेखापरीक्षण प्रतिवेदनसहित उपलब्ध गराइएको छ । आयोजना हिसाब सम्बन्धमा

रायसहितको लेखापरीक्षण प्रतिवेदन उपलब्ध गराइएकोमध्ये एसियाली विकास बैङ्कतर्फ २७, विश्व बैङ्क, अन्तर्राष्ट्रिय विकास संस्थातर्फ १६ र अन्य दातृराष्ट्र/निकायतर्फ११ रहेको छ । आयोजना १३ ले आयोजना हिसाब प्रमाणीकरणका लागि पेस गरेका छैनन् ।

- **सार्वजनिक क्षेत्र लेखामान (NPSAS) मा आधारित वित्तीय विवरण उपर रायः** यो वर्ष नेपाल सरकारका निकायबाट नेपाल सार्वजनिक क्षेत्र लेखामानअनुरूप वित्तीय विवरण पेस भएकोले सार्वजनिक क्षेत्र लेखामानमा आधारित भई तयार भएको वित्तीय विवरणउपर रायसहितको लेखापरीक्षण प्रतिवेदन उपलब्ध गराइएको छ ।

- **सम्परीक्षणः** लेखापरीक्षणबाट कायम भएका सम्परीक्षण गर्न बाँकी बेरुजू आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७ को व्यवस्थाअनुसार सम्बन्धित निकायले फर्स्यौट गरी स्थलगत रूपमा नै सम्परीक्षण गराउन अनुरोध गर्ने र अनुरोध भएको १५ दिनभित्र सम्परीक्षणको जानकारी गराउने नीति कार्यालयले लिएको थियो । तद्अनुरूप २०७७ श्रावणदेखि २०७८ आषाढ मसान्तसम्म नेपाल सरकारको कार्यालयले रू.१ खर्ब ३ अर्ब ७५ करोड ७९ लाख सम्परीक्षण गराएका छन् ।

- **वार्षिक लेखापरीक्षण योजनाः** आर्थिक वर्ष २०७६।७७ को कारोबारको लेखापरीक्षण कार्य नियोजित रूपमा छिटो छरितो, मितव्ययी एवं दक्षतापूर्ण तवरले सम्पादन गर्न लेखापरीक्षणको उद्देश्य, पद्धति, क्षेत्र, लेखापरीक्षणमा जोड दिइने विषयहरू, प्रतिवेदन व्यवस्था, लेखापरीक्षणका आधारहरू, गुणस्तर पुनरावलोकन, समिष्टगत योजना, तालिम तथा जनशक्ति विकास, कार्यतालिका लगायतका विषयहरू समेटी वार्षिक लेखापरीक्षण योजना, २०७७ तर्जुमा गरी लागू गरिएको छ ।

- **वार्षिक कार्यतालिकाः** आर्थिक वर्ष २०७६।७७ को कारोबारको लेखापरीक्षण २०७७ मङ्सिर पहिलो सातामा शुरु गरी २०७८ जेठ मसान्तसम्ममा सम्पन्न गर्ने र असार मसान्तभित्र वार्षिक प्रतिवेदन पेस गर्ने लक्ष्यसहित कार्यतालिका तयार गरिएकोमा विश्वव्यापीरूपमा देखा परेको कोरोना भाइरसको संक्रमण नियन्त्रण र रोकथामका लागि नेपाल सरकारबाट गरिएको बन्दाबन्दीका कारण २०७७ मा पहिलो साताबाट लेखापरीक्षण शुरु गरी २०७८ भाद्र ४ मा मात्र लेखापरीक्षण प्रतिवेदन सम्माननीय राष्ट्रपति समक्ष पेस गरिएको छ ।

- **लेखापरीक्षण टोलीको लागि निर्देशनः** जिल्लामा खटिने लेखापरीक्षण टोलीको कार्यसञ्चालन सम्बन्धमा प्रवेश तथा बहिर्गमन बैठक (Entry and Exit Meeting) सम्परीक्षणलगायतका विषय समावेश गरी तयार गरिएको निर्देशनअनुरूप लेखापरीक्षण गर्ने कार्यलाई निरन्तरता दिइएको छ ।

- **सुपरिवेक्षणः** स्थलगत लेखापरीक्षणको सुपरिवेक्षण गर्ने विधि, सुपरिवेक्षकको जिम्मेवारी र सुपरिवेक्षण गरी पेस गरिने प्रतिवेदनको ढाँचा समेटी लागू गरिएको लेखापरीक्षण अनुगमन तथा सुपरिवेक्षण निर्देशिका, २०७४ अनुरूप सुपरिवेक्षण गर्ने कार्य गर्ने गरिएको छ ।

३.६ **गुणस्तर आश्वस्तताः** कार्यालयले लागू गरेको गुणस्तर पुनरावलोकन निर्देशिकाअनुसार लेखापरीक्षणको प्रत्येक चरणमा उच्च पदाधिकारीबाट सुपरिवेक्षण गर्ने, आचारसंहिताको परिपालना र आन्तरिक नियन्त्रणका गतिविधिको अनुगमन गर्ने गरिएको छ । लेखापरीक्षणको क्रममा प्रारम्भिक प्रतिवेदन जारी हुनुपूर्व सम्बन्धित सुपरिवेक्षकबाट अनिवार्य गुणस्तर नियन्त्रणको व्यवस्था गरिएको छ । यसवर्ष सबै लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनहरू इमेलमार्फत सम्बन्धित सुपरिवेक्षकलाई पठाई पुनरावलोकन भएपश्चात मात्र सम्प्रेषण गर्ने नीति अबलम्बन गरिएको छ । गुणस्तर आश्वस्तता निर्देशिकाबमोजिम ६२ लेखापरीक्षणको गुणस्तर आश्वस्तता निर्देशनालयबाट प्रतिवेदन जारी हुनु पूर्वको गुणस्तर पुनरावलोकन गरिएको छ । यसैगरी ६९ लेखापरीक्षणको प्रतिवेदन जारी भइसकेपश्चात् छनौटको आधारमा गुणस्तर आश्वस्तता पुनरावलोकन गरिएको छ ।

यसवर्ष सर्वोच्च लेखापरीक्षण संस्थाको कार्यसम्पादन मापन सूचकको आधारमा मित्रराष्ट्र थाइल्याण्डको सर्वोच्च लेखापरीक्षण संस्थाबाट नेपालको महालेखापरीक्षकको कार्यसम्पादन प्रक्रियालाई मूल्याङ्कन गर्ने कार्य भइरहेको छ । सो क्रममा भर्चुअल माध्यमबाट छलफल, सूचना आदानप्रदानसमेत गरिएको छ ।

४. मानव संसाधन

यस कार्यालयमा निजामती सेवा ऐन, २०४९ बमोजिम नेपाल लेखापरीक्षण सेवा, नेपाल कानुन सेवा, नेपाल विविध सेवाका कर्मचारीहरू आवद्ध रहेका छन् । यस वर्ष कर्मचारी प्रशासन, तालिम र जनशक्ति विकासको अवस्था निम्नानुसार रहेको छः

४.१ **दरबन्दी र पदपूर्तिः** नेपाल सरकार (मन्त्रिपरिषद्) बाट २०७५।३।३२ मा स्वीकृत दरबन्दी विवरण अनुसार यस आर्थिक वर्षमा महालेखापरीक्षकको कार्यालयको स्वीकृत दरबन्दी ६१४ रहेको छ । स्वीकृत दरबन्दीमध्ये २०७७ असारसम्ममा ४३० पदपूर्ति भई १८४ रिक्त रहेकोछ । कुल पदपूर्तिमध्ये ६८ (१५.८१ प्रतिशत) महिला र ३६२ (८४.१९ प्रतिशत) पुरुष कर्मचारी छन् । दरबन्दी एवम् पदपूर्तिसम्बन्धी विवरण तालिका १ मा दिइएको छ ।

४.२ **बढुवाः** यो वर्ष निर्देशक ९, लेखापरीक्षण अधीक्षक ९ र कम्प्यूटर अपरेटर ५ समेत २३ जना कर्मचारीको कार्यक्षमता मूल्याङ्कनको आधारमा बढुवा भएको छ । यससम्बन्धी विवरण तालिका २ संलग्न छ ।

४.३ **सेवा निवृत्तः** यो वर्ष उमेर हद र राजीनामा समेतबाट निर्देशक ९, लेखापरीक्षण अधिकारी १, लेखापरीक्षण अधीक्षक १, हलुका सवारीचालक ४ र कार्यालय सहयोगी १ समेत १६ कर्मचारी सेवा निवृत्त हुनुभएको छ । यस सम्बन्धी तालिका ३ संलग्न छ ।

४.४ **सरुवाः** यस वर्ष विभिन्न पदका ६ कर्मचारीहरू अन्य कार्यालयबाट यस कार्यालयमा सरुवा भई आएका तथा यस कार्यालयबाट पदोन्नति तथा सरुवा भई १४ कर्मचारी अन्यत्र सरुवा भई गएका छन् । यससम्बन्धी तालिका ४ संलग्न छ ।

४.५ **दरबन्दी र कार्यबोझः** स्वीकृत दरबन्दी ६१४ मध्ये लेखापरीक्षणमा प्रत्यक्ष संलग्न रहने दरबन्दी ४७२ सुपरभिजनमा रहने दरबन्दी १८ र सहायकको रूपमा रहने १२४ दरबन्दी रहेको छ । प्रत्यक्ष लेखापरीक्षणमा संलग्न रहने ४७१ मध्ये ३७० मात्र पदपूर्ति भई १०१ पद रिक्त रहेको छ । स्थानीय तहमा प्रत्येक वर्ष बजेटको आकार बढिरहेको, स्थलगत रूपमा लेखापरीक्षण गर्नुपर्ने, कारोबारको जटिलता बढेको आदि कारणबाट स्वीकृत दरबन्दीअनुसार लेखापरीक्षण सम्पन्न गर्न कार्यबोझ बढी रहेकोले प्रत्यक्ष लेखापरीक्षणमा संलग्न रहने पदमा २९ दरबन्दी थप गर्ने प्रस्ताव गरिएकोमा नेपाल सरकार, मन्त्रिपरिषद्बाट २०७८।५।३ मा स्वीकृत भई हाल ६४३ दरबन्दी रहेको अवस्था छ ।

४.६ **विभूषणः** सविधान दिवस तथा राष्ट्रिय दिवस २०७७ को अवसरमा २०७७।६।३ मा यस कार्यालयका नायव महालेखापरीक्षक श्री त्रिलोचन आचार्यले सुप्रवल जनसेवा श्री (तृतीय) विभूषण प्राप्त गर्नुभएको छ ।

४.७ **निजामती सेवा पुरस्कारः** निजामती सेवा दिवस, २०७७ को अवसरमा यस कार्यालयका निर्देशक श्री नेत्रप्रसाद पौडेल उत्कृष्ट निजामती सेवा पुरस्कारबाट पुरस्कृत हुनुभएको छ ।

५. आन्तरिक व्यवस्थापन

५.१ प्रकाशनः सूचना सम्प्रेषणलाई प्रभावकारी बनाउन २०७५ आषाढ महिनादेखि मासिक रूपमा लेखापरीक्षण बुलेटिन प्रकाशन गर्ने कार्यको थालनी गरिएकोमा यस वर्ष २०७७ पौष मा १६ औं अंक बुलेटिन प्रकाशित गरिएको छ । सरकारी लेखा, राजस्व, लेखापरीक्षणलगायत सार्वजनिक वित्त व्यवस्थापनका सान्दर्भिक विषय तथा कार्यालय गतिविधि समेटी लेखापरीक्षण पत्रिकाको ९१ औं अङ्क २०७७ पौष महिनामा र ९२ औं अङ्क

२०७८ असार महिनामाप्रकाशन गरिएको छ । यसबाट वित्तीय व्यवस्थापनका क्षेत्रमा संलग्न व्यक्ति एवं पाठकवर्गका लागि सहयोग मिल्ने अपेक्षा राखिएको छ ।

५.२ **महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना, २०७७ कार्यान्वयनः** संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र कानुनद्वारा तोकिएका अन्य कार्यालय तथा संस्थाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षणका लागि माननीय महालेखापरीक्षकज्यूबाट २०७७।५।२२ मा स्वीकृत वार्षिक लेखापरीक्षण योजना, २०७७ अनुसार संघ, प्रदेश र स्थानीय तह तथा सोअन्तर्गतका निकायको लेखापरीक्षण गर्न विशिष्टीकरण हुने गरी २०७७ मङ्सिर पहिलो हप्ताबाट शुरु गरी २०७८ जेठ मसान्तसम्ममा सम्पन्न गर्ने लक्ष्यअनुसार लेखापरीक्षण सम्पन्न गरिएको थियो ।

५.३ **सार्वजनिक संस्थानमा खटाइएका लेखापरीक्षकहरूलाई निर्देशनः** नेपाल सरकारको पूर्ण तथा आंशिक स्वामित्व भएका सार्वनजिक संस्थानको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण गर्न नियुक्त लेखापरीक्षकहरूका लागि माननीय महालेखापरीक्षकज्यूको उपस्थितमीमा २०७७।६।६ मा अभिमूखीकरण कार्यक्रम सम्पन्न भएको थियो ।कार्यक्रममा माननीय महालेखापरीक्षकज्यूले सरकारको शेयर स्वामित्व रहेका संस्थानमा राज्यको ठूलो लगानी रहेको हुँदा अपेक्षित प्रतिफल प्राप्त गर्ने गरी काम हुनुपर्ने कुरामा जोड दिनुका साथै लेखापरीक्षण ऐनले निर्दिष्ट गरेका विषयवस्तुसमेतलाई ध्यान दिई सार्वजनिक संस्थानको स्थापनाको उद्देश्य तथा लक्ष्य अनुसार कार्य भए नभएको सम्बन्धमा विश्लेषण गरी प्रतिवेदन पेस गर्न सम्बन्धित लेखापरीक्षकहरूलाई निर्देशन दिनुभएको थियो ।

५.४ **लेखापरीक्षण मार्गदर्शन मस्यौदा उपर छलफलः** महालेखापरीक्षकको कार्यालयको संस्थागत सुदृढीकरण आयोजाअन्तर्गत नियुक्त परामर्शदाता Earnst & Young, LLP बाट पेस भएका लेखापरीक्षण मार्गदर्शनहरूको मस्यौदा माथि २०७७ आश्विन २३ मा छलफल कार्यक्रम सम्पन्न भयो । मस्यौदालाई परिमार्जन र पृष्ठपोषण दिन आयोजित कार्यक्रममा माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगालज्यूले कार्यालयले सञ्चालन गर्ने लेखापरीक्षण कार्यको गुणस्तर अभिवृद्धि र अन्तर्राष्ट्रिय मूल्य मन्यता अनुरूपको लेखापरीक्षण प्रतिवेदन तयार गर्न मार्गदर्शनहरूले महत्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गर्नुभएको थियो । छलफलको क्रममा उहाँले मार्गदर्शनलाई सरलीकृत गरी प्राप्त सुझावलाई समेटेर अन्तिम रूप दिनुपर्ने बताउनुभयो ।साथै दूर लेखापरीक्षण गर्न नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) को अपरिहार्यता भएको हुँदा समयमै काम सम्पन्न गर्न परामर्शदातालाई निर्देशन दिनुभयो ।

५.५ **कार्यमूलक लेखापरीक्षणसम्बन्धी छलफलः** माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगालज्यूको समुपस्थितिमा २०७७ मङ्सिर २२ देखि २४ सम्म कार्यमूलक लेखापरीक्षणसम्बन्धी तालिम कार्यक्रम भर्चुअलरूपमा सम्पन्न भयो । कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै माननीय महालेखापरीक्षकज्यूले कार्यमूलक लेखापरीक्षणले निकायहरूले मितव्ययिता, कार्यदक्षता र प्रभावकारितालाई विचार गरी स्रोतको उच्चतम प्रयोग गरे नगरेको तथा सार्वजनिक क्षेत्रका पदाधिकारीले आफ्नो उत्तरदायित्व निर्वाह गरे नगरेको र कार्यसम्पादन सम्बन्धी प्रतिवेदन विश्वसनीय र पर्याप्त भए नभएको विषयवस्तुलाई समेटी प्रतिवेदन पेस गर्नुपर्ने बताउनु भयो। उहाँले कार्यमूलक लेखापरीक्षणले सम्बन्धित निकाय, संसद र जनतालाई लेखापरीक्षण गरिने निकायले प्रयोग गरेको स्रोत र साधनको गतिविधि एवं संयन्त्रबाट कति उपलब्धि भयो भन्ने सु-सूचित गराउने बताउनुभयो । विश्वका सर्वोच्च लेखापरीक्षण संस्थाहरूको जोडसमेत कार्यमूलक लेखापरीक्षणमा रहेको र यस वर्ष कार्यालयले लेखापरीक्षणको लागि ३२ विषय छनौट गरिएको तथा यस्ता तालिम कार्यक्रमहरूले कर्मचारीमा कार्यमूलक लेखापरीक्षणको लागि क्षमता अभिवृद्धि हुने विश्वास व्यक्त गर्नुभयो । कार्यक्रममा कार्यालयका विभिन्न निर्देशनालयका ८० कर्मचारीले सहभागिता जनाउनुभएको थियो ।

५.६ **लेखापरीक्षण टोली प्रमुखहरूलाई अभिमुखीकरणः** माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगालज्यूको समुपस्थितिमा कार्यालयबाट आ.व.२०७६।७७ को स्थलगत लेखापरीक्षण टोली प्रमुखको रूपमा खटिने

लेखापरीक्षण अधिकारीहरूलाई २०७७ कार्तिक २३ मा अभिमुखीकरण कार्यक्रम भर्चुअल माध्यमबाट सम्पन्न भएको छ। कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै माननीय महालेखापरीक्षकज्यूले लेखापरीक्षण सम्बन्धी दक्षता, सीप र क्षमता भएका लेखापरीक्षण अधिकारीहरूलाई थप जिम्मेवार बनाई लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न तथा नेतृत्व क्षमता विकासको लागि यस वर्षदेखि डोर प्रमुखको रूपमा खटाउने व्यवस्था गरिएको उल्लेख गर्नुभयो । कार्यालयले उच्च विश्वास गरी दिइएको जिम्मेवारी सफलतापूर्वक निभाउने अपेक्षासहित नयाँ भूमिका र जिम्मेवारीको लागि तयार रहनुपर्ने, टोली प्रमुखको लागि आवश्यकीय गुणहरू विकास गर्दै सस्थाको गरिमालाई अभिवृद्धि गर्ने गरी कार्य गर्नुपर्ने बताउनुभयो । टोली व्यवस्थापन समुचित ढङ्गले गरी गुणस्तरीय लेखापरीक्षणका माध्यमबाट लेखापरीक्षण व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्ने बताउनुभयो । हरेक कर्मचारीले व्यक्तिगत र व्यावसायिक जीवनमा सदाचारयुक्त जीवनशैलीलाई अवलम्बन गर्दै "Boiling frog syndrome" बाट टाढा नै रही कार्यसम्पादन गर्नुपर्ने बताउनुभयो । पेशागत मर्यादा, निष्ठा र आचारसंहिताको पूर्ण परिपालना गर्नेतर्फ उहाँले सहभागीहरूको ध्यानाकर्षण गराउनुभयो ।

५.७ सार्वजनिक संस्थानमा खटाइएका लेखापरीक्षकलाई निर्देशनः माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगालज्यूको उपस्थितिमा नेपाल सरकारको पूर्ण तथा आंशिक स्वामित्व भएका सार्वजनिक संस्थानको लेखापरीक्षणमा संलग्न लेखापरीक्षकका लागि २०७७ फागुन २० मा अभिमुखीकरण कार्यक्रम सम्पन्न भयो। कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै माननीय महालेखापरीक्षकज्यूले संविधानले निर्दिष्ट गरेबमोजिम नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा लेखापरीक्षण गर्नुपर्ने तथा संस्थाको कार्य प्रकृति र कारोबारको प्रकृतिको आधारमा विषयवस्तुलाई हेर्नुपर्ने उहाँले बताउनुभयो । साथै माघ मसान्तसम्म लेखापरीक्षण कार्य सम्पन्न गर्नुपर्ने निर्देशन दिइएकोमा अधिकांश संस्थानको हालसम्म पनि समाप्त नभएकोले चैत्र मसान्तभित्र अनिवार्यरूपमा प्रतिवेदन टुंग्याइ पेस गर्न लेखापरीक्षकहरूको ध्यानाकर्षण गराउनुभयो । उहाँले कोभिड-१९ को कारणले बन्दाबन्दीको अवस्थामा संस्थानले गरेको खर्च औचित्यपूर्ण रहे नरहेको विस्तृत रूपमा हेर्न र वार्षिक प्रतिवेदनमा उल्लेख गर्न लायक मुख्य व्यहोराहरूलाई समयमै छलफल गरी तय गर्नसमेत निर्देशन दिनुभयो । लेखापरीक्षणका क्रममा पेशागत निष्ठा र मर्यादाको पूर्ण परिपालना गनुपर्नेमा समेत उहाँले जोड दिनुभयो । कार्यक्रममा सार्वजनिक संस्थानको लेखापरीक्षण गर्न नियुक्त लेखापरीक्षक र कार्यालयका पदाधिकारीको उपस्थिति रहेको थियो ।

५.८ सर्वोच्च लेखापरीक्षण संस्थाले तयार गरेको मूल्याङ्कनसम्बन्धी प्रतिवेदनः सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय संगठन (INTOSAI) द्वारा सन् २०१६ मा जारी SAI Performance Measurement Framework बमोजिम नेपालको सर्वोच्च लेखापरीक्षण संस्था महालेखापरीक्षकको कार्यालयको मूल्याङ्कन गर्न थाईल्याण्डको सर्वोच्च लेखापरीक्षण संस्था The State Audit Office of the Kingdom of Thailand लाई गरिएको अनुरोधबमोजिम SAI Performance Measurement कार्य भईरहेको छ । यसै सन्दर्भमा SAI Thailand ले तयार गरेको मूल्याङ्कनसम्बन्धी प्रारम्भिक प्रतिवेदन उपर भर्चुअल कार्यक्रमबीच छलफल भएको थियो। कार्यक्रममा माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगालले छोटो समयमा सूचना प्रविधिको माध्यमबाट कागजात प्रमाण सङ्कलन गरी प्रतिवेदन तयार गरेकोमा थाईल्याण्डका समकक्षी महालेखापरीक्षक श्री Prajuck Boonyoung र मूल्याङ्कन टोलीलाई धन्यवाद ज्ञापन गर्नुभएको थियो । उक्त मूल्याङ्कन प्रतिवेदन महालेखापरीक्षकको कार्यालयको सुधारका लागि कोशेढुङ्गा सावित हुने धारणा राख्दै हाल तयार भइरहेको महालेखापरीक्षकको कार्यालयको चौथो रणनीतिक योजना (२०२१-२०२५) को मुख्य आधार रहने विश्वास व्यक्त गर्नुभएको थियो ।

छलफल कार्यक्रममा नेपालको महालेखापरीक्षकको कार्यालयका तर्फबाट माननीय महालेखापरीक्षकज्यू, उप-महालेखापरीक्षक, नायव महालेखापरीक्षक, निर्देशक र लेखापरीक्षण अधिकारीसहितको उपस्थिति रहेको थियो भने थाईल्याण्डको सर्वोच्च लेखापरीक्षण संस्थाका तर्फबाट त्यहाँका महालेखापरीक्षकको नेतृत्वमा मूल्याङ्कन टोली सहित ७ जनाको सहभागिता रहेको थियो । मूल्याङ्कन प्रतिवेदनको विस्तृत विवरण पेस गर्दै

SAO Thailand का तर्फबाट मूल्याङ्कन टोलीले फ्रेमवर्कका ६ पक्ष Independence and Legal Framework, Internal Governance and Ethics, Audit Quality and Reporting, Financial Management, Assets and Support Services, Human Resources and Training , Communication and Stakeholder Management का २५ सूचकाङ्क आधारमा तयार गरिएको प्रारम्भिक मूल्याङ्कन प्रतिवेदनका विविध पक्षबारे जानकारी गराएको थियो । मूल्याङ्कन टोलीका संयोजक Dr. Sutthi Suntharanurak ले मूल्याङ्कन प्रतिवेदनको निष्कर्षबारे बोल्दै नेपालको सर्वोच्च लेखापरीक्षण संस्थाले वित्तीय अनुशासन कायम गर्न गरेको योगदानबारे चर्चा गर्नुभएको थियो ।

५.९ **चौंथो रणनीतिक योजना तर्जुमा कार्यशाला सम्पन्नः** महालेखापरीक्षकको कार्यालयको चौंथो रणनीतिक योजना तर्जुमा कार्यशाला माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगालज्यूको अध्यक्षतामा २०७७ चैत्र २४ मा सम्पन्न भयो । कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै माननीय महालेखापरीक्षकज्यूले कार्यालयको रणनैतिक योजना तर्जुमाका क्रममा सरोकारवाला निकायबाट प्राप्त सुझावलाई महत्वका साथ लिइने र योजनामा समेटिने बताउनुभयो । भर्चुअल माध्यमद्वारा तीन दिनसम्म सञ्चालित कार्यक्रममा संघीय संसदअन्तर्गत विभिन्न विषयगत समिति, प्रदेश सार्वजनिक लेखा समिति, संवैधानिक अङ्ग, विभिन्न संघीय मन्त्रालय, सर्वोच्च अदालत, संघीय संसद सचिवालय, प्रदेश आर्थिक मन्त्रालय तथा योजना मन्त्रालय, नागरिक समाजलगायतका प्रतिनिधिले योजना तर्जुमाका सम्बन्धमा सुझाव प्रस्तुत गर्नुभएको थियो।

कार्यक्रममा संघीय संसद, प्रतिनिधि सभाअन्तर्गतको सार्वजनिक लेखा समितिका माननीय सभापति श्री भरतकुमार शाह, अर्थ समितिका माननीय सभापति श्री कृष्णप्रसाद दाहाललगायतले रणनैतिक योजना तर्जुमाका सम्बन्धमा सुझावसहितको मन्तव्य व्यक्त गर्नुभएको थियो ।कार्यक्रममा मुख्य सचिव श्री शंकरदास वैरागी, संवैधानिक निकाय, मन्त्रालयका सचिव एवं संघीय संसदका विभिन्न समितिका सचिवहरू, प्रदेश सार्वजनिक लेखा समितिका सभापति, नगरपालिका संघका सभापति श्री अशोककुमार ब्येञ्जु, गाउँपालिका राष्ट्रिय महासंघका सभापति श्री होमनारायण श्रेष्ठ, प्रदेश प्रमुख सचिव, प्रदेश आर्थिक तथा योजना मन्त्रालयका सचिवहरू, महानगरपालिका, उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतहरू, कार्यालयका पूर्व कर्मचारी, विकास साझेदार, नियामक निकायका प्रतिनिधि तथा नागरिक समाजका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो।

५.१० **लेखापरीक्षण सल्लाहकार समितिको बैठकः** माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगालज्यूको संयोजकत्वमा लेखापरीक्षण सल्लाहकार समितिको बैठक २०७८ जेठ २१ मा भर्चुअल माध्यमद्वारा सम्पन्न भयो। बैठकमा माननीय महालेखापरीक्षकज्यूले गत वर्षको प्रतिवेदनको सारांश प्रस्तुत गर्नुहुँदै चालु वर्षमा लेखापरीक्षण कार्यसम्पादनको प्रगति तथा वार्षिक प्रतिवेदन तयारी सम्बन्धमा भइरहेका कार्यबारे जानकारी गराउनुभएको थियो । बैठकमा सल्लाहकार समितिका पदाधिकारीहरूले महालेखापरीक्षकको प्रतिवेदनलाई सबै सरोकारवालाहरूमा पहुँच बढाई दिइएका सुझावहरूको कार्यान्वयन अवस्थाको अनुगमन प्रक्रिया बढाउने, बेरुजू आउनुमा जिम्मेवार पदाधिकारी किटान गर्ने व्यवस्था मिलाउने, धेरै बेरुजू गर्ने पदाधिकारीको कार्यसम्पादन मूल्याङ्कन न्यून हुने व्यवस्था गर्नुपर्ने, महालेखापरीक्षकको प्रतिवेदनको समग्र कार्यान्वयन अवस्थाको स्वतन्त्र निकायबाट मूल्याङ्कन गराउनुपर्ने लगायतको सुझाव दिनुभएको थियो। साथै महालेखापरीक्षकको कार्यालयले लेखापरीक्षणमा सूचना प्रविधिको प्रयोग बढाउँदै लैजानुपर्ने, कार्यमूलक लेखापरीक्षण र अनुसन्धानमूलक लेखापरीक्षणमा जोड दिनुपर्ने र आगामी वर्षको वार्षिक प्रतिवेदनमा समावेश गर्नुपर्ने विषयहरूको सम्बन्धमा समेत सुझाव दिनुभएको थियो । बैठकमा महालेखापरीक्षकको कार्यालयको चौथो रणनीतिक योजना (२०२१-२०२५) को मस्यौदा सम्बन्धमा समेत छलफल गरी सुझाव प्राप्त भएको थियो ।

सो अवसरमा माननीय महालेखापरीक्षकज्यूले आर्थिक वर्ष २०७६।७७ को स्थलगत लेखापरीक्षण अन्तिम चरणमा पुगेको जानकारी गराउनुहुँदै सल्लाहकार समितिका पदाधिकारीहरूबाट प्रस्तुत सुझावलाई वार्षिक प्रतिवेदन तयारीका क्रममा मार्गदर्शनको रूपमा लिइने उल्लेख गर्नुभयो । साथै कार्यालयबाट सम्पादन

गरिने लेखापरीक्षणलगायतका अन्य काम कारबाही सम्बन्धमा निरन्तर सुधार गरी कार्यालयको प्रभावकारिता अभिवृद्धि गर्न आवश्यक सल्लाह तथा सुझाव प्रदान गर्नुभएकोमा सल्लाहकार समितिप्रति हार्दिक आभार व्यक्त गर्नुभयो ।

५.११ **महालेखापरीक्षकको कार्यालयको ६३ औँ वार्षिकोत्सव कार्यक्रम सम्पन्नः** महालेखापरीक्षकको कार्यालय स्थापना भएको ६२ औँ वर्ष पूरा भई ६३ औँ वर्षमा प्रवेश गरेको अवसरमा भर्चुअलरूपमा २०७८ आषाढ १५ मा शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगालज्यूले कार्यालय स्थापनाको ६३ औँ वार्षिक उत्सवको उपलक्ष्यमा कार्यालयका उप-महालेखापरीक्षक, नायब महालेखापरीक्षक, निर्देशक, लेखापरीक्षण अधिकारीलगायत सबै कर्मचारी वर्गमा हार्दिक शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो ।

मन्तव्यको क्रममा उहाँले सर्वोच्च लेखापरीक्षण संस्थाको रूपमा कार्यालयलाई आजको हैसियत र उचाईसम्म ल्याउन योगदान पुऱ्याउनुहुने पूर्व महालेखापरीक्षकज्यूहरू, कार्यालयका पूर्व कर्मचारीहरू, आम सञ्चारकर्मी, लेखापरीक्षण सल्लाहकार समिति, संघीय संसदका माननीय सदस्यज्यूहरूलगायत नेपाल सरकारका विभिन्न निकायका पदाधिकारीसहित सम्पूर्ण व्यक्तित्वप्रति हार्दिक आभार व्यक्त गर्नुभएको थियो । उहाँले विगत वर्षहरूमा सम्माननीय राष्ट्रपतिज्यू, सभामुखज्यूलगायत विशिष्ट अतिथिहरूको गरिमामय उपस्थितिमा कार्यालयको वार्षिकोत्सव भव्यरूपमा मनाउने गरिएकोमा गत वर्ष ६२ औँ र यस वर्ष ६३ औँ वार्षिकोत्सव समारोह कोभिड-१९ को महामारीका कारण सिर्जित स्वास्थ्य संवेदनशीलताका कारण भौतिक रुममा एकै स्थानमा उपस्थित भई मनाउन असमर्थ भए तापनि, सूचना प्रविधिको उपलब्धताले भर्चुअल रूपमा कार्यालयको ६३ औँ वार्षिकोत्सव मनाइएको बताउनुभयो ।

सम्बोधनका क्रममा उहाँले कोभिड-१९ का कारण लेखापरीक्षण कार्य सञ्चालनको क्रममा स्थलगत रूपमा खटिएका एक सयभन्दा बढी कर्मचारी कोरोना संक्रमित हुनुपरेको र स्थलगत लेखापरीक्षणमा रहनुभएका केही कर्मचारीलाई आकस्मिक उद्धार समेत गर्नुपरेको बताउनुभयो । कोरोना भाइरस (कोभिड-१९) को महामारीबीच महालेखापरीक्षकको ५८ औँ वार्षिक प्रतिवेदन तयारीको अन्तिम चरणमा रहेको र महामारीको यस विषम परिस्थितिमा पनि सक्रियतापूर्वक जिम्मेवारी निर्वाह गर्दै कार्य सम्पादन गर्नुहुने सम्पूर्ण कर्मचारीप्रति आभार व्यक्त गर्नुहुँदै सम्पूर्ण कर्मचारीले व्यवसायिक मर्यदा, सदाचार र सम्पादित कार्यबाट स्वयं कर्मचारीको आत्मसम्मान र पहिचान स्थापित हुने गरी आफ्नो जिम्मेवारी पूरा गर्न समेत ध्यानाकर्षण गराउनुभयो ।

कार्यक्रममा लेखापरीक्षण सल्लाहकार समितिका सदस्य श्री पृथ्वीराज लिगलज्यूले कार्यालयको स्थापना दिवसको अवसरमा कर्मचारीहरूलाई शुभकामना मन्तव्य व्यक्त गर्नुहुँदै संघीयता कार्यान्वय पश्चात् महालेखापरीक्षकको कार्यालयको लेखापरीक्षणको दायरा विस्तार भएको अवस्थामा जनशक्ति एवं संस्थागत क्षमता बढाउँदै लैजानुपर्ने बताउनुभयो । कार्याक्रममा उप-महालेखापरीक्षक श्री बाबुराम गौतमले कोभिड-१९ महामारीको विषम परिस्थितिमा समेत अहोरात्र खटिई कार्यसम्पादन गरेकोमा कर्मचारीलाई धन्यवाद व्यक्त गर्नुहँदै कार्यालयले कर्मचारीको वृत्ति विकास र अन्य समग्र पक्षमा निरन्तर कार्य गर्ने बताउनुभयो । नायव महालेखापरीक्षक श्री महेश्वर काफ्लेबाट सञ्चालन भएको कार्यक्रममा ट्रेड युनियनका तर्फबाट कार्यालयको आधिकारीक ट्रेड युनियनका अध्यक्ष लेखापरीक्षण अधिकारी श्री जयानन्द पाण्डेले शुभकामना मन्तव्य राख्नुभएको थियो । कार्यक्रममा यस वर्ष उत्कृष्ट कार्य सम्पादन गर्ने ७ कर्मचारीहरू निर्देशक श्री पदमबहादुर बस्नेत, लेखापरीक्षण अधिकारीहरू श्री बैभवदीप श्रेष्ठ, श्री लेखबहादुर थापा, श्री कमलराज अर्याल, श्री मञ्जु पन्थी, लेखापरीक्षण अधिक्षक श्री राजु पाण्डे र हलुका सवारी लक श्री जयकृष्ण गिरीलाई खाईपाई आएको आधा महिनाको तलबले पुरस्कृत गरिएको थियो । कार्यक्रममा लेखापरीक्षण सल्लाहकार समितिका सदस्यहरूसहित कार्यालयका कर्मचारीहरूको सहभागिता रहेको थियो ।

५.१२ खरिदः कार्यालयलाई आवश्यक मालसामान तथा सेवाहरू सार्वजनिक खरिद ऐन, २०६३ ले तोकेको प्रावधानअनुसार खरिद गर्न खरिद इकाई गठन गरी वार्षिक खरिद योजनाअनुसार बोलपत्र, सिलबन्दी दरभाउपत्र तथा सोझै माध्यमद्वारा खरिद कार्य गरिएको छ ।

क्र.सं.	खरिदको किसिम	खरिद विधि	खरिद सम्झौता रकम (मू.अ.कर बाहेक)
१	कार्यालय सामान	बोलपत्र/सिलबन्दी दरभाउपत्र/सोझै	७१,२५,४७२/-
२	मेसिनरी औजार	बोलपत्र/सिलबन्दी दरभाउपत्र/सोझै	१,६०,४७,४६९/-
३	फर्निचर	बोलपत्र/सिलबन्दी दरभाउपत्र/सोझै	३०,६३,१६७/-
४	सवारीसाधन भाडा	बोलपत्र	२४,३५,३३९/-

५.१३ विद्युतीय सुशासन (E-Governance): कार्यालयले आफ्नो कामकारबाहीलाई व्यवस्थित गर्न निम्न विद्युतीय सुशासन प्रणाली लागू गरिएको छः

- कर्मचारीहरूको उपस्थिति, सोको अभिलेख र बिदाको प्रतिवेदन व्यवस्थापन गर्न विद्युतीय हाजिरी (E-Attendance) व्यवस्थालाई निरन्तरता दिइएको छ ।
- कर्मचारीको अभिलेख अद्यावधिक गर्न निजामती किताबखानासँग गत वर्ष सम्झौता गरी सुरु भएको कर्मचारी सूचना प्रणाली (Personnel Information System) सम्बन्धी कार्य चालु रहेको छ ।
- कार्यालयको जिन्सी अभिलेख विद्युतीय माध्यममा राख्ने कार्यलाई निरन्तरता दिइएको छ ।
- कार्यालयको सबै निर्देशनालय तहसम्म कम्प्युटर र इन्टरनेट/इन्ट्रानेट सुविधा पुऱ्याइएको र वेभसाइट www.oagnep.gov.np लाई Static बाट Dynamic बनाई कार्यालय सम्बन्धी सूचनाहरू समावेश गरिएको छ ।
- कार्यालयमा दर्ता कम्प्युटरकृत गरी लेखाङ्कन गर्ने प्रणाली सञ्चालनमा छ ।
- कार्यालयका परिपत्रहरू Electronic माध्यमबाट सम्प्रेषण गर्ने व्यवस्थाको शुरुवात गरिएको छ ।

५.१४ महालेखापरीक्षकको कार्यालयको चौथो रणनैतिक योजना तर्जुमा गोष्ठीः महालेखापरीक्षकको कार्यालयको चौथो रणनीतिक योजना (२०२१-२०२५) तर्जुमा कार्यशाला गोष्ठी २०७७ माघ २५ मा सम्पन्न भयो । कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगालज्यूले विगतको रणनीतिक योजनाको कार्यान्वयनको समीक्षा गर्दै वस्तुपरक ढङ्गले आगामी योजना तर्जुमा गर्नुपर्ने बताउनुभयो । साथै योजना तर्जुमा गर्दा सर्वप्रथम वर्तमान अवस्थाको वस्तुनिष्ठ विश्लेषण गर्ने, जसअन्तर्गत सबल पक्ष, दुर्बल पक्ष, अवसर र चुनौतीको विश्लेषण, राजनीतिक, आर्थिक, समाजिक प्राविधिक पक्षको विश्लेषण एवं बाह्य र आन्तरिक पक्षहरूको विश्लेषण गर्नुपर्ने बताउनुहुँदै उद्देश्यलाई प्राथमिकीकरण गर्ने, रणनीतिक योजना तर्जुमा गर्ने, योजना कार्यान्वयन, व्यवस्थापन र योजनाका पृष्ठपोषण मूल्याङ्कन र निरन्तर सुधार जस्ता क्रियाकलापहरूलाई समेत समेटी यर्थाथपरक ढङ्गले योजना तर्जुमा हुने विश्वास व्यक्त गर्नुभयो । कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै उहाँले पूर्वीय दर्शनका अर्थशास्त्री चाणक्यले रणनीति सम्बन्धमा स्वामी, अमात्य, जनपद, दुर्ग, कोष, दण्ड र मित्र गरी ७ वटा विषयवस्तुलाई समेटेको उल्लेख गर्दै कार्यालयको रणनीति तर्जुमा गर्दा यस्ता विषयसमेतलाई विचार गरी कार्यालयको दूरदृष्टि, लक्ष्य, उद्देश्य रणनीति तथा कार्यनीति तय गर्नुपर्ने बताउनुभयो। कार्यक्रममा कार्यालयका उपमहालेखापरीक्षक, नायव महालेखापरीक्षक र निर्देशक लगायत ४० जना कर्मचारीहरूको सहभागिता रहेको थियो ।

५.१५ महालेखापरीक्षकको कार्यालयको ५८ औं वार्षिक प्रतिवेदन पेसः महालेखापरीक्षकको ५८ औं वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपतिसमक्ष माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगालज्यूले २०७८।५।४ मा पेस गर्नुभयो। सो अवसरमा सम्माननीय राष्ट्रपतिज्यूबाट आर्थिक अनुशासन कायम गर्न लेखापरीक्षणको भूमिका महत्वपूर्ण रहने भएकोले प्रतिवेदनमा उल्लिखित व्यहोरा नेपाल सरकारले कार्यान्वयन गर्ने जानकारी गराउनुभएको थियो ।

५.१६ **महालेखापरीक्षकको ६ वर्षे कार्ययोजना कार्यान्वयनः** माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगालज्यूको महालेखापरीक्षकमा २०७४।२।८ मा नियुक्ति भए पश्चात् संगठनात्मक व्यवस्था र कार्यप्रणाली सुधार, नीतिगत तथा कानुनी सुधार, लेखापरीक्षण प्रक्रियामा सुधार, लेखापरीक्षणको प्रभाकारिता र गुणस्तर सुधार, वित्तीय अनुशासन तथा जवाफदेहिता, संस्थागत सम्बन्ध र सञ्चारलगायत विषय समावेश गरी ६ वर्षे कार्ययोजना कार्यान्वयनमा रहेको छ । उक्त कार्ययोजना कार्यान्वयनको मूल्याङ्कन गर्दा संगठन र व्यवस्थापन सर्वेक्षण भएको, लेखापरीक्षण ऐन, २०७५ जारी भएको, लेखापरीक्षण प्रक्रिया, विधिमा सुधार भएको, लेखापरीक्षण पूर्वको गुणस्तर आश्वस्तता पुनरावलोकन कार्य शुरु भएको, भवन निर्माण कार्य अन्तिम चरणमा पुगेको, नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) लागू हुने अवस्थामा पुगेको लगायतका कार्यमा भएको प्रगति सन्तोषजनक देखिएको छ ।


६. संस्थागत सुदृढीकरण

विश्व बैङ्कको सहयोगमा सञ्चालित एकीकृत सार्वजनिक वित्तीय व्यवस्थापन सुधार आयोजना (PEFA) अन्तर्गतको कम्पोनेन्ट २ महालेखापरीक्षकको कार्यालयले कार्यान्वयन गरिरहेको छ । यस कार्यालयका लागि स्वीकृत रू.४० करोडमध्ये २०७८ आषाढसम्ममा रू.१६ करोड ६७ लाख ८१ हजार अर्थात् ४१.६९ प्रतिशत खर्च भइसकेको छ । आयोजनाको अवधि २०७८।७९ सम्म रहेको छ । आर्थिक वर्ष २०७८।७९ का लागि रू.२५ करोड ३५ लाख ९० हजार बजेट विनियोजन भएको छ । आयोजनाको हालसम्मको मुख्य प्रगति निम्न रहेको छः

- आयोजनाको परामर्शदाता Ernst and Young LLP सँग २९ अगष्ट २०१९ मा सम्झौता भएकोमा सम्झौता रकम अमेरिकी डलर १५,८३,२४३.०० को ६५ प्रतिशत भुक्तानी भइसकेको छ ।
- परामर्शदाताले १४ नोभेम्बर २०१९ मा Inception Report (प्रारम्भिक प्रतिवेदन) पेस गरिसकेको छ।
- परामर्शदाताबाट Public Audit Restructuring Framework, Risk Based Audit Framework, Completion Report on Developed NAMS, Code of Ethics, Financial Audit Manual, Compliance Audit Manual, Performance Audit Manual, Citizen Participatory Audit Manual, IT Policy, IT Excellence Centre, IT Sectoral Audit Guide को मस्यौदा पेस गरिसकेको छ ।
- आयोजनाअन्तर्गत वित्तीय लेखापरीक्षण प्रतिवेदन जारी, लेखापरीक्षण प्रक्रियामा नागरिक समाज परिचालन, लेखापरीक्षणको प्रभावकारी अनुगमनसम्बन्धी कार्य सम्पन्न भएका छन् ।
- सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय संगठन (INTOSAI) ले जारी गरेका लेखापरीक्षण मानदण्ड (FIPP) को आधारमा नेपाल सरकारी लेखापरीक्षणमान (Nepal Government Auditing Standards - NGAS) जारी गरी लागू गरिएको छ ।

७. आय–व्ययको स्थिति

७.१ **विनियोजनः** यस कार्यालयको २०७७।७८ को विनियोजन (चालु, पुँजीगत र अर्थ बजेट) तर्फको आर्थिक कारोबार देहायअनुसार रहेको छः



- ब.उ.शी.नं. २०८०००१३ (माननीय महालेखापरीक्षकज्यूको प्रशासनिक खर्च) तर्फ यो वर्ष रू.२७ लाख बजेट व्यवस्था भएकोमा रू.१४ लाख ५० हजार खर्च भएको छ । यससम्बन्धी विवरण तालिका ५ मा छ ।
- ब.उ.शी.नं. २०८००११३ (प्रशासनिक खर्च चालु) तर्फ यो वर्ष रू.४८ करोड ३६ लाख बजेट व्यवस्था भएकोमा रू.३९ करोड ५ लाख ८० हजार खर्च भएको छ । यससम्बन्धी विवरण तालिका ६ मा छ ।
- ब.उ.शी.नं. २०८००११४ (प्रशासनिक खर्च पुँजीगत) तर्फ यो वर्ष रू.१३ करोड ७३ लाख बजेट व्यवस्था भएकोमा रू.१२ करोड ३८ लाख खर्च भएको छ । यससम्बन्धी विवरण तालिका ७ मा छ ।
- ब.उ.शी.नं. ३०५०११०१३ सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्यक्रम (पेफा चालु) तर्फ यो वर्ष रू.२१ करोड ३८ लाख बजेट व्यवस्था भएकोमा रू.७ करोड ९८ लाख खर्च भएको छ । यससम्बन्धी विवरण तालिका ८ मा छ ।
- ब.उ.शी.नं. ३०५०११०१४ सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्यक्रम (पेफा पुँजीगत) तर्फ यो वर्ष रू.३ करोड ५० लाख बजेट व्यवस्था भएकोमा रू.१ करोड ४१ लाख खर्च भएको छ। यससम्बन्धी विवरण तालिका ९ मा छ ।
- अर्थ बजेटतर्फ सञ्चित बिदा र औषधि उपचारबापतको खर्च कोष तथा लेखा नियन्त्रक कार्यालयबाट भुक्तानी भएको हुँदा अभिलेख समावेश गरिएको छैन।

७.२ **राजस्वः** यस वर्ष परीक्षा शुल्क, अन्य प्रशासनिक सेवा शुल्क, अन्य राजस्व र बेरुजू समेत जम्मा ४ वटा शीर्षकमा रू.५५ लाख ८५ हजार राजस्व प्राप्त गरी सम्बन्धित शीर्षकमा सञ्चितकोष दाखिला गरिएको छ । राजस्वको आर्थिक विवरण तालिका १० मा छ ।

७.३ **धरौटीः** गत आर्थिक वर्षसम्मको जिम्मेवारी रू.२५ लाख १८ हजारमा यस आर्थिक वर्ष रू.१४ लाख २ हजार प्राप्त भई रू.३९ लाख २० हजार आम्दानी भएकोमा रू.१२ लाख ३४ हजार फिर्ता भई रू.२६ लाख ८६ हजार बाँकी रहेकोमा एकल खाता कोष निर्देशिकाअनुरूप उक्त रकम कोष तथा लेखा नियन्त्रक कार्यालय, काठमाडौं पठाइएको छ । धरौटीको आर्थिक विवरण तालिका ११ मा छ ।

७.४ **लेखापरीक्षण र बेरुजू फर्स्यौटः** यस कार्यालयको आर्थिक वर्ष २०७६।७७ को कारोबारको लेखापरीक्षण सम्पन्न भई लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन प्राप्त भएकोमा लगती बेरुजू कायम भएको छैन ।

७.५ **कार्यालय भवन निर्माणः** महालेखापरीक्षकको कार्यालयको भवन निर्माणको कार्य संघीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालयबाट हुँदै आएको छ । मिति २०७३।४।३१ मा निर्माण व्यवसायी लुम्बिनी/गौरी पार्वती/शान्ति जे.भी. सँग सम्झौता भई सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूबाट मिति

२०७४।८।१८ गते शिलान्यास भएको उक्त भवनको आर्थिक वर्ष २०७७।७८ सम्मको प्रगति विवरण देहायअनुसार रहेको छः

क्र.सं.	विवरण	शुरु रकम	संशोधित रकम
१.	लागत अनुमान (मू.अ.कर बाहेक)	६९२०९४५५०	७३५९३८३०२
२.	सम्झौता रकम (मू.अ.कर बाहेक)	५४२२२८०९२	५७८०५४६११
३.	हालसम्मको खर्च रकम (मू.अ.कर बाहेक)	५२१८६३२७६	५२१८६३२७६

८. आन्तरिक कार्य प्रणाली तथा लेखापरीक्षण गुणस्तर सुधार

लेखापरीक्षण आन्तरिक कार्यप्रणालीलाई व्यवस्थित गर्न लेखापरीक्षण मानदण्ड, अचारसंहिता जारी गरिएको छ भने क्षेत्रगत मार्गदर्शन स्वीकृत गरी कार्यान्वयन गरिएको छ । त्यस्तै लेखापरीक्षण गुणस्तर अभिवृद्धिका लागि लेखापरीक्षण गुणस्तर नियन्त्रण तथा आश्वस्तता पुनरावलोकनका कार्यक्रम सञ्चालन गरिएका छन् । यससम्बन्धी विवरण देहायबमोजिम प्रस्तुत गरिएको छः

- सर्वोच्च लेखापरीक्षण संस्थाको पेशागत मूल्य र मान्यताको आधारमा वस्तुनिष्ठता, विश्वसनीयता, पेशागत मर्यादा तथा व्यावसायिक कार्य संस्कृतिको विकासका लागि लेखापरीक्षण योजना तर्जुमा, कार्यान्वयन र प्रतिवेदन प्रणालीसँग सम्बन्धित विषयमा सुधारको कार्यलाई निरन्तरता दिइएको छ ।
- लेखापरीक्षणमा देखिएको कार्य बोझ, जोखिम, जनशक्ति, क्षमतासमेतका आधारमा जोखिममा आधारित लेखापरीक्षण पद्धतिको अवलम्बन गरिएको छ ।
- लेखापरीक्षणको गुणस्तर र विश्वसनीयता अभिवृद्धि गर्दै नतिजामूलक बनाउन कार्यमूलक, विशेष, सूचना प्रविधि र अन्य विविध विषयको लेखापरीक्षणलाई जोड दिने नीति अवलम्बन गरिएको छ ।
- नियमनकारी निकायहरूको लेखापरीक्षणमा विशेष ध्यान दिँदै पूर्ण सरकारी स्वामित्वका संगठित संस्थाहरूको लेखापरीक्षणकालागि आवश्यक जनशक्ति र क्षमता अभिवृद्धि गर्ने नीति अवलम्बन गरिएको छ ।
- लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न अनुगमन, सुपरिवेक्षण, गुणस्तर नियन्त्रण र आश्वस्तताको कार्यलाई विशेष प्राथमिकतामा राखिएको छ ।
- सार्वजनिक संस्थान तथा संगठित संस्थामा खटिएका लेखापरीक्षकहरूसँग नियमित अन्तरक्रिया तथा छलफलको माध्यमबाट गुणस्तरीय र विश्वसनीय प्रतिवेदन तयारीका लागि निर्देशन दिइएको छ ।
- कार्यमूलक लेखापरीक्षणका लागि आवश्यक सूचना सङ्कलन, लेखापरीक्षण योजना तर्जुमा, कार्यान्वयन, प्रतिवेदन तयारी, प्रतिवेदनको सम्प्रेषण र अनुगमन कार्यमा नागरिक समाज तथा सरोकारवालाको सहभागितालाई निरन्तरता दिइएको छ ।
- लेखापरीक्षण कार्यको समग्र अनुगमनका लागि अनुगमन तथा निरीक्षण निर्देशनालयको स्थापना र परिचालन गरिएको छ ।
- लेखापरीक्षण कार्यको स्थलगत अनुगमन तथा सुपरिवेक्षणका अलवा विद्युतीय माध्यमबाट समेत लेखापरीक्षण प्रतिवेदन जारी गर्नु पूर्व निकायको छनौटका आधारमा सुपरिवेक्षक तथा गुणस्तर आश्वस्तता निर्देशनालयबाट गुणस्तर पुनरावलोकन गर्ने कार्यलाई प्राथमिकता दिइएको छ ।
- लेखापरीक्षण कार्य शुरु गर्नुपूर्व र लेखापरीक्षण सम्पन्न भए पश्चात् देखिएका प्रमुख विषय तथा व्यहोराहरू उपर केन्द्रीयस्तरमा सम्बन्धित लेखाउत्तरदायी अधिकृतहरू छलफल तथा अन्तरक्रिया गर्ने गरिएको छ ।
- कार्यमूलक लेखापरीक्षणको क्षेत्र र दायरा विस्तार गर्न कार्यमूलक तथा विशेष लेखापरीक्षण महानिर्देशनालयका अलवा अन्य सम्बन्धित महानिर्देशनालयबाट समेत कार्यमूलक लेखापरीक्षण गर्ने कार्यको थालनी गरिएको छ ।
- सूचना प्रविधि लेखापरीक्षणलाई विशेष महत्व दिई लेखापरीक्षण कार्यमा अन्तर्राष्ट्रिय विज्ञहरूको समेत संलग्नता गराइएको छ ।

९. अन्तर्राष्ट्रिय सम्बन्ध एवं सहयोग

वैदेशिक तालिम, अध्ययन र अवलोकनः आर्थिक वर्ष २०७७।७८ मा माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगालज्यूबाट देहायअनुसारका अन्तर्राष्ट्रिय सम्मेलन तथा बैठकमा भर्चुअल सहभागिता जनाउनुभएको छः

सि.न.	मिति	कार्यक्रम	मुख्य एजेण्डा
१.	२७ जुलाई, २०२०	55th ASOSAI Governing Board Meeting Virtual Meeting	गभर्निङ्ग बोर्डका गतिविधि, वित्तीय व्यवस्थापन र क्षमता विकास
२.	२८-३० जुन २०२०	25th UN/INTOSAI Symposium	Working During and after the pandemic
३.	२९ जुन २०२०	International Budget Partnership-IBP (Audit Accountability Initiative Webinar 2020)	माननीय महालेखापरीक्षकज्यूको सम्बोधन
४.	४ चैत्र २०७७	SAI Performance Measurement	सर्वोच्च लेखापरीक्षण संस्थाको मूल्याङ्कन सम्बन्धी प्रारम्भिक प्रतिवेदनमाथी छलफल

आर्थिक वर्ष २०७७।७८ मा महालेखापरीक्षकको कार्यालयका अन्य कर्मचारीहरूबाट देहायअनुसारका अन्तर्राष्ट्रियस्तरका कार्यक्रममा भर्चुअल सहभागिता भएको छ ।

सि.नं.	कार्यक्रमको नाम	प्रकार	आयोजक	मिति	सहभागी सँख्या
१	ASOSAI WGEA Working Level Meeting	बैठक	ASOSAI WGEA	५।२२।२०७७	४
२	8th International Training Program on "Introduction to Environment Auditing"	तालिम	INTOSAI WEGA ICED	२३ नोभेम्बर र १ डिसेम्बर २०२०	२
३	ASOSAI Seminar on SAI's Responses to COVID-19	सेमिनार	ASOSAI_CDA	२०२० डिसेम्बर ३ र ४	१
४	ASOSAI Seminar on Audit of Implementation of Sustainable Development Goals	सेमिनार	ASOSAI_CDA	२०२० डिसेम्बर १ र २	१
५	Online training on "Solid Waste Audit"	तालिम	ASOSAI WGEA Secretaria	२०२० डिसेम्बर २२	
६	SAI Roles in Responding to crisis and Disaster	तालिम	Korea SAI	२०२१ जनुवरी २६-२८	
७	International Integrity Seminar	सेमिनार	SAI Hungary	२०२१ फेब्रुवरी	१
८	ASOSAI Capacity Development Program	सेमिनार	SAI Japan	२०२१ फेब्रुवरी	१
९	International Workshop on "Biodiversity"	तालिम	INTOSAI WGEA	२२-२४ फेब्रुवरी २०२१	४
१०..	International Intensive training program in Performance Auditing	तालिम	Permance Audit Wing (PAW)	१५ फेब्रुवरी २०२१ देखि ५ मार्च २०२१	३
११	Regional mentor for IDI-ASOSAI Transparency, Accountability & Inclusiveness Audits (TAI Audit)				१
१२	PESA-P SAI Coaches	सहजीकरण			७
१३	PESA-P SAI Auditors	अध्ययन			१६
१४	Seminar of Financial Accounting & Management for Officials of Development Countries	सेमिनार	Chinese Embassy	१८ देखी ३१ अगष्ट २०२१	५

१०. राष्ट्रिय तालिम, सेमिनार तथा गोष्ठीमा सहभागिता

२०७७।७८ मा महालेखापरीक्षकको कार्यालयबाट देहायअनुसारका तालिम, सेमिनार तथा गोष्ठीमा सहभागिता भएको छः

सि.नं.	तालिमको विषय	आयोजक	मिति	सहभागी संख्या
१.	Professional Course on Management and Development	नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान	२०७७।५।१ देखि ३० कार्यदिन	१

२.	Professional Course on Management and Development	नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान	२०७७।५।१५ देखि ३० कार्यदिन	१
३.	Certificate in Public Financial Management (Cert PFM)	एसियाली विकास बैङ्क	२०७७ भाद्रदेखि	१०
४.	Professional Course on Management and Development	नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान	२०७७।६।१४ देखि ३० कार्यदिन	३०
५.	सार्वजनिक खरिद व्यवस्थापन	नीति, योजना, जनशक्ति विकास, अन्तर्राष्ट्रिय सम्बन्ध र गुणस्तर तथा अनुगमन महानिर्देशनालय	२०७७।६।१३	१००
६.	युनिकोड तालिम	नीति, योजना, जनशक्ति विकास, अन्तर्राष्ट्रिय सम्बन्ध र गुणस्तर तथा अनुगमन महानिर्देशनालय	२०७७।६।२०	१००
७.	वित्तीय, कार्यमुलक र परिपालना लेखापरीक्षण मार्गदर्शन तालिम	नीति, योजना, जनशक्ति विकास, अन्तर्राष्ट्रिय सम्बन्ध र गुणस्तर तथा अनुगमन महानिर्देशनालय	२०७७।६।२१ देखि २३	२००
८.	SUTRA, CGAS, RIMS, FMIS	नीति, योजना, जनशक्ति विकास, अन्तर्राष्ट्रिय सम्बन्ध र गुणस्तर तथा अनुगमन महानिर्देशनालय	२०७७।६।२८ देखि २०७७।६।३०	२००
९.	39th Senior Executive Development Program	नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान	२०७७।७।२४ देखि	१
१०.	Advanced Course on Management and Development	नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान	२०७७।८।२२ देखि ३० कार्यदिन	१
११.	डोर प्रमुखका रूपमा खटिने लेखापरीक्षण अधिकारीहरूको अभिमुखीकरण	नीति, योजना, जनशक्ति विकास, अन्तर्राष्ट्रिय सम्बन्ध र गुणस्तर तथा अनुगमन महानिर्देशनालय	२०७७।७।२३	६०
१२.	Professional Course on Management and Development	नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान	२०७७।८।१५ देखि ३० कार्यदिन	१
१३.	सार्वजनिक वित्त व्यवस्थापन सम्बन्धी	सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	२०७७।८।१७ देखि ३० कार्यदिन	५
१४.	Advanced Course on Management and Development	नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान	२०७७।८।८ देखि ३० कार्यदिन	१
१५.	सार्वजनिक वित्त व्यवस्थापन सम्बन्धी	सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	२०७७।८।२२ देखि ३० कार्यदिन	५
१६.	कार्यमूलक लेखापरीक्षण	नीति, योजना, जनशक्ति विकास, अन्तर्राष्ट्रिय सम्बन्ध र गुणस्तर तथा अनुगमन महानिर्देशनालय	२०७७।८।२२ देखि ३ दिन	
१७.	Financial Management training	Asian Development Bank	२०२० अक्टोबर ८ देखि १६	३
१८.	Project Financial Statements	Asian Development Bank	२०२० नोभेम्बर १८ देखि २० सम्म र २३	२
१९.	सहायकस्तरीय तालिम	स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान	२०७७।९।२७ देखि ३० कार्यदिन	१
२०.	आर्थिक प्रशासन	सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	२०७७।९।२७ देखि ३० कार्यदिन	५
२१.	Project Skill Training	सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व सचिवालय	२०७७।९।२६ देखि ४ दिन	४

२२.	Advanced Course on Management and Development	नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान	२०७७।९।१५ देखि ३० कार्यदिन	१
२३.				
२४.	सार्वजनिक वित्त व्यवस्थापन सम्बन्धी	सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	२०७७।१०।५ देखि ३० कार्यदिन	५
२५.	सम्मिश्रित वित्त	अर्थ मन्त्रालय	२०७७।१०।१३ र १४	१

११. सरोकारबालासँगको सम्बन्ध

११.१ **राय परामर्शः** नेपाल सरकार अर्थ मन्त्रालयबाट वैदेशिक सहायतामा सञ्चालित आयोजनाहरूको लेखापरीक्षण प्रतिवेदन, ICAN र ICAEW बीच हुने Mutual Recognition सम्बन्धी सम्झौता, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था र Institute of Internal Auditors-India (IIA-India) बीच हुने Memorandum of Understanding स्वीकृति, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था र Chartered Accountants Australia and New Zealand (CA ANZ) बीच हुने Memorandum of Understanding स्वीकृति सम्बन्धमा र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्रदेश सरकार वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०७७ र स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०७७ मा राय परामर्श माग भएकोमा परामर्श प्रदान गरिएको छ ।

११.२ **संस्थागत सम्बन्ध तथा सञ्चार -** लेखापरीक्षण नतिजाको प्रभाव वृद्धि गर्दै प्रतिवेदन कार्यान्वयन पक्षलाई प्रभावकारी बनाउन संघीय संसद, संसदीय समिति, संघ, प्रदेश र स्थानीय तहका पदाधिकारी, सार्वजनिक संस्थानका पदाधिकारी, निजी क्षेत्र, सञ्चार माध्यम र अन्य सरोकारवालासँग निरन्तर अन्तर्क्रिया र छलफल गर्ने कार्य गरिएको छ । स्थलगत लेखापरीक्षण कार्यक्रमको नियमित अनुगमन, छलफल तथा अन्तरक्रिया, प्रेस नोट, मासिक बुलेटिन, लेखापरीक्षण पत्रिका, वेब-साइट मार्फत् सूचना प्रवाह तथा सञ्चार माध्यमसँगको सम्बन्ध सुदृढ गर्दै वित्तीय अनुशासन पालनाको अवस्था बारे आम नागरिक तहसम्म जानकारी प्रवाह गरिएको छ ।

११.३ **संसदीय समितिहरूसँगको सम्बन्ध -** लेखापरीक्षणको प्रभावकारिता अभिवृद्धि गर्न संघीय संसदको सार्वजनिक लेखा समिति, अर्थ समिति, दिगो विकास तथा सुशासन समिति, प्रदेश सभाका सार्वजनिक लेखा समितिहरूसँग निरन्तर छलफल, सम्पर्क र अन्तरक्रिया गरिएको छ । संसदीय समितिहरूले विभिन्न विषयउपर अध्ययन, अनुसन्धान र विश्लेषण गरी निकालेका निष्कर्ष समेतलाई लेखापरीक्षणको आधारको रूपमा लिने गरिएको छ। संघीय संसद र प्रदेश संसदका सार्वजनिक लेखा समितिमा महालेखापरीक्षकको वार्षिक प्रतिवेदन उपर हुने छलफलमा कार्यालयका कर्मचारीहरूलाई सहभागी गराइएको छ ।

११.४ **सार्वजनिक संस्थानका पदाधिकारीहरूसँग छलफलः** माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगालज्यूको समुपस्थितिमा नेपाल सरकारको पूर्ण र आंशिक स्वामित्व भएका सार्वजनिक संथानका प्रमुख, लेखा प्रमुख र महालेखापरीक्षकको कार्यालयका पदाधिकारीबीच आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सञ्चालन र व्यवस्थापन सम्बन्धमा २०७७।६।७ मा छलफल भयो । उक्त छलफलमा माननीय महालेखापरीक्षकज्यूले सार्वजनिक संस्थानहरूले प्रदान गर्ने सेवा प्रवाहमा सुधार गरी राष्ट्रिय ढुकुटीमा योगदान पुऱ्याउनुपर्नेमा ध्यानाकर्षण गराउनुभएको थियो ।

११.५ **सूचना प्रविधिसम्बन्धी अभिमूखीकरण कार्यक्रम :** महालेखापरीक्षकको कार्यालयका कर्मचारीहरूको लागि सूचना प्रविधिसम्बन्धी तीन दिने अभिमुखीकरण कार्यक्रम २८आश्विन, २०७७ देखि भर्चुअल माध्यमबाट सम्पन्न भयो। उक्त कार्यक्रममा महालेखा नियन्त्रक कार्यालयले प्रयोगमा ल्याएका सफ्टवेयर SUTRA, TSA, CGAS, RIMS and FIMS को परिचय, यसको सञ्चालन, प्रतिबेदन व्यवस्था र यसको विश्लेषण एवं लेखापरीक्षणमा प्रयोगसम्बन्धी प्रशिक्षण सञ्चालन गरिएको थियो । कार्यक्रमको उद्घाटन सत्रलाई सम्बोधन

गर्नुहुँदै माननीय महालेखपरीक्षकज्यूले महालेखा नियन्त्रक कार्यालय अन्य कार्यालय भन्दा सूचना प्रविधिको प्रयोगमा अग्रणी रहेको बताउनुभयो । उहाँले लेखापरीक्षणको क्रममा SUTRA,TSA, CGAS, RIMS and FIMS जस्ता सफ्टवेयरको तथ्यांकलाई आधारको रूपमा लिनुपर्ने भएको हुँदा सक्रियतापूर्वक सहभागिता जनाइ अनिवार्यरूपमा सूचना प्रविधिमा सबै कर्मचारी अभ्यस्त हुनुपर्ने र लेखापरीक्षणलाई आगामी दिनमा क्रमशः डिजिटलाइज गर्दै लगिने उल्लेख गर्नुभयो । साथै, लेखाप्रणालीलाई विकास गर्न महालेखा नियन्त्रक कार्यालयले गरेको प्रयासको सराहना गर्नुभयो ।

११.६ **लेखा उत्तरदायी अधिकृतसँग छलफलः** माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगालज्यूको समुपस्थितिमा लेखा उत्तरदायी अधिकृतसँग आ.व.२०७६।७७ को लेखापरीक्षणसम्बन्धी ५ दिने छलफल कार्यक्रम भर्चुअल माध्यमबाट सम्पन्न भयो । २०७७ मङ्सिर ७ देखि १५ सम्म सञ्चालित उक्त कार्यक्रममा संवैधानिक निकाय, संघीय सरकारका विभिन्न मन्त्रालयका लेखाउत्तरदायी अधिकृतहरू मातहतका विभागीय प्रमुखहरू लेखा प्रमुखलगायतको उपस्थिति रहेको थियो । कार्यक्रममा माननीय महालेखापरीक्षकज्यूले कोभिड-१९ महामारीको विषम परिस्थितिले गर्दा लेखापरीक्षण शुरु गर्न केही समय ढिलाई हुन गएको उल्लेख गर्नुहुँदै यस वर्ष ५ हजार ५ सय ५६ निकायहरूको लेखापरीक्षण गर्ने कार्यक्रम रहेको व्यहोरा उल्लेख गर्नुभयो । यस वर्ष लेखापरीक्षणको लागि कार्यालयहरूलाई उच्च जोखिम, मध्यम जोखिम र न्यून जोखिम गरी वर्गीकरण गरिएको जसमध्ये मध्यम जोखिममा रहेको र उच्च जोखिममा रहेका कार्यालयहरूको स्थलगतरुमा नै लेखापरीक्षण गरिने र न्यून जोखिम अन्तर्गत रहेका कार्यालयको दूर लेखापरीक्षण विधिबाट सूचना प्रविधिको उपयोगका माध्यमबाट नै गरिने रहेको उल्लेख गर्नुभयो ।

साथै उहाँले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले लेखा उत्तरदायी अधिकृत र जिम्मेवार व्यक्तिहरूको जवाफदेहिता र उत्तरदायित्व सम्बन्धमा व्यवस्था गरेको र सोको परिपालना सम्बन्धमा समेत लेखापरीक्षणले समेट्ने बताउनुभयो। लेखापरीक्षण ऐन, २०७५ को दफा ९ ले कुनै पदाधिकारीले वित्तीय जवाफदेहिता बहन गरे, नगरेको सम्बन्धमा लेखापरीक्षणका मान्य सिद्धान्तबमोजिम परीक्षण गर्न सक्ने व्यवस्था रहेको र विभागीय प्रमुखहरूको कार्य सम्पादन सम्झौताको कार्यान्वयन सम्बन्धमा लेखापरीक्षण गरिने उल्लेख गर्नुभयो । उहाँले यस वर्ष गरिने कार्यमूलक लेखापरीक्षणको विषयहरूको बारेमा जानकारी गराउनुहुँदै स्वास्थ्य मापदण्डको पालना, लेखारीक्षण कार्यलाई सहजीकरणको लागि फोकल पर्सनको व्यवस्था र अलग्गै कोठाको व्यवस्थापन गरी लेखापरीक्षणमा सहजीकरणको कार्य गराइदिनुहुन निर्देशन दिनुभयो । यस वर्षको कार्यमूलक लेखापरीक्षणको विषयवस्तु सम्बन्धमा जानकारी गराउनुभयो ।

११.७ **महालेखा नियन्त्रकद्धारा एकीकृत वित्तीय विवरण पेसः** माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगालज्यूसमक्ष महालेखा नियन्त्रक श्री मधुकुमार मरासिनीले आर्थिक वर्ष २०७६।७७ को केन्द्रीय लेखाको एकीकृत वार्षिक वित्तीय विवरण २०७७ पौष २८ मा पेस गर्नुभयो। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २९ बमोजिम महालेखा नियन्त्रक कार्यालयले तोकिएको अवधिभित्र प्रत्येक आर्थिक वर्षको संघीय सञ्चित कोषको अतिरिक्त वैदेशिक अनुदान र ऋण सहायता तथा लगानीको लेखा र विनियोजन, राजश्व, धरौटी तथा अन्य कोषहरूसहितको अन्य लेखाको एकीकृत वित्तीय विवरण महालेखापरीक्षकको कार्यालयसमक्ष पेस गर्नुभएको हो। कार्यक्रममा माननीय महालेखापरीक्षकज्यूले कोभिड-१९ को विषम परिस्थितिमा समेत तोकिएको समयमै एकीकृत वित्तीय विवरण पेस गरेकोमा धन्यवाद व्यक्त गर्नुभयो ।

११.८ **नियामक निकायका पदाधिकारीसँग छलफलः** माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगालज्यूको समुपस्थितिमा विभिन्न नियामक निकायका प्रमुखहरूसँग लेखापरीक्षणका विविध विषयमा २०७७ मङ्सिर १० मा भर्चुअल माध्यमबाट छलफल सम्पन्न भयो । छलफलमा नेपाल राष्ट्र बैङ्क, सहकारी विभाग, लेखापरीक्षणमान बोर्ड, नेपाल लेखामान बोर्ड, बीमा समिति, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थालगायत ९ निकायका प्रमुख तथा पदाधिकारीहरूको सहभागिता रहेको थियो। कार्यक्रममा माननीय महालेखापरीक्षकज्यूले नियमनकारी निकायको मुख्य कार्य मातहतका निकायहरूले नियम, कानुन र पद्धति नियमितरूपमा पालना गरे नगरेको

सम्बन्धमा सजग गराउने, संस्थाको प्रभावकारिता अभिवृद्धि गर्ने तथा राज्यप्रति जनविश्वास र भरोसा बढाउने भएको बताउनुभयो । उहाँले नियमनकारी निकाय स्वयंको वित्तीय पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन हुने गरी सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शनको पालना, नेपाल वित्तीय प्रतिवेदनमान कार्यान्वयन गर्न तथा नियमनकारी निकायबीच निरन्तर समन्वय, सुधार र सहयोग हुन निर्देशन दिनुभयो। कार्यक्रममा नेपाल राष्ट्र बैङ्कका गभर्नर श्री महाप्रसाद अधिकारीले नियमनकारी निकायबीचका यस्ता अन्तर्क्रिया कार्यक्रम उपयोगी हुने बताउनुहुँदै कोभिड-१९ संक्रमणको वर्तमान परिप्रेक्ष्यमा समग्र वित्तीय अवस्थाको बारेमा सहभागीहरूलाई जानकारी गराउनुभयो । कार्यक्रममा सहकारी विभागका रजिष्ट्रार डा. टोकराज पाण्डे, लेखापरीक्षणमान बोर्डका अध्यक्ष श्री अनुपकुमार श्रेष्ठ, लेखामान बोर्डका अध्यक्ष श्री महेश खनाल, बीमा समितिका अध्यक्ष श्री चिरञ्जिवी चापागाईं, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (आइक्यान) का अध्यक्ष श्री मदन शर्मा, सहमहालेखा नियन्त्रक श्री भगिरथ पाण्डे र नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष श्री पुरुषोत्तम खनालले आफ्नो निकायसँग सम्बन्धित विषयवस्तु तथा कोभिड-१९ सक्रमणको अवस्थामा भए गरेका क्रियाकालाप बारे प्रस्तुतीकरण गर्नुभएको थियो ।

११.९ **लेखापरीक्षण सम्बन्धी प्रदेशगत भर्चुअल अन्तर्क्रिया :** माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगालज्यूको समुपस्थितिमा प्रदेश नं. १, २, बागमती प्रदेश, गण्डकी प्रदेश, लुम्बिनी प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशका लेखाउत्तरदायी अधिकृत तथा जिम्मेवार व्यक्तिसँग आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्बन्धी छुट्टाछुट्टै अन्तक्रिया तथा छलफल कार्यक्रम मङ्सिर १२ देखि १६ सम्म भर्चुअल माध्यमबाट सम्पन्न भयो । कार्यक्रमहरूमा प्रदेश प्रमुख सचिव, मन्त्रालयका सचिव, संसद सचिवालयका सचिव, प्रदेश लेखा नियन्त्रक र लेखाप्रमुखको सहभागिता रहेको थियो । कार्यक्रममा माननीय महालेखापरीक्षकज्यूले लेखापरीक्षण कार्यलाई व्यवस्थित बनाई अन्तर्राष्ट्रिय असल अभ्यासहरूको अनुसरण गर्दै जोखिममा आधारित सूचकको आधारमा निकायहरूको वर्गीकरण गरी बढी जोखिमयुक्त निकायहरूको लेखापरीक्षणमा ध्यान केन्द्रित गरी विस्तृत विधिबाट परीक्षण गरिने तथा न्यून र मध्यम जोखिमयुक्त निकायहरूलाई यथासम्भव विद्युतीय सूचना प्रविधिको तथ्याङ्कको आधारमा विश्लेषण गरी दूर लेखापरीक्षण विधिबाट परीक्षण गर्ने नीति अवलम्बन गरेको बताउनुभयो । विगतमा कतिपय प्रादेशिक कार्यालयहरूले समयमा नै वित्तीय विवरणहरू तयार नगरेको र केही स्थानीय तहले लेखापरीक्षण समेत नगराएको अवस्था रहेकोले यस्ता प्रवृत्ति नदोहोऱ्याउन निर्देशन दिनुहुँदै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को व्यवस्था अनुरूप लेखा उत्तरदायी अधिकृत र जिम्मेवार पदाधिकारीले कार्य सम्पादन गरी आर्थिक अनुशासन, वित्तीय उत्तरदायित्व र जवाफदेहिता प्रवर्द्धन गर्नुपर्ने उहाँले बताउनुभयो। प्रादेशिक शासकीय इकाईले स्थानीय तहहरूसँग समन्वयकारी र सहजकर्ताको भूमिका निर्वाह गर्नुपर्ने बताउनुभयो। कोभिड- १९ को महामारीको सन्दर्भमा कार्यालयबाट लेखापरीक्षणमा खटिने टोलीहरूलाई आवश्यक स्वास्थ्य मापदण्डको पालना गरी लेखापरीक्षण कार्य सम्पन्न गर्न आवश्यक सहयोग उपलब्ध गराउन निर्देशन दिनुभयो ।

कार्यक्रममा सम्बन्धित प्रदेशका प्रमुख सचिव, सचिव प्रदेश प्रमुख लेखा नियन्त्रकलगायतले हालको प्रदेशको कार्यसम्पादन अवस्था, विद्यमान समस्या र लेखापरीक्षणका विविध विषयमा आफ्ना भनाइहरू राख्नुभएको थियो । उहाँहरूले स्वास्थ्यको मापदण्ड पालना गरी समयमै लेखापरीक्षण सम्पन्न गर्न पूर्ण सहयोग गर्ने प्रतिवद्धता जनाउनुभएको थियो ।

११.१० **माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री र माननीय महालेखापरीक्षक बीच छलफलः** माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री गिरीराजमणि पोखरेलज्यू, माननीय महालेखापरीक्षक टंकमणि शर्मा दंगालज्यू तथा मन्त्रालयका सचिवज्यूहरू, त्रिभुवन विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय, पोखरा विश्वविद्यालय, नेपाल संस्कृत विश्वविद्यालय, कृषि तथा वन विज्ञान विश्वविद्यालय, राजर्षि जनक विश्वविद्यालय, नेपाल खुला विश्वविद्यालयका उपकुलपतिहरू एवं रजिष्ट्रार, मन्त्रालयअन्तर्गतका अन्य आयोग, प्रतिष्ठान, शिक्षालयका प्रमुख तथा आर्थिक

प्रशासन प्रमुखहरूसँग आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण एवं बेरुजू सम्परीक्षण सम्बन्धमा २०७७ मङ्सिर १७ मा भर्चुअल कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा माननीय मन्त्रीज्यूले बक्यौता लेखापरीक्षण अविलम्व गराउन विश्वविद्यालयका पदाधिकारीलाई विगतमा देखिएका कमी कमजोरीलाई सुधार गर्दै बेरुजू न्यूनीकरण गर्न र प्राज्ञिक क्षेत्रले नमुनायोग्य तवरले वित्तीय क्रियाकलाप सञ्चालन गर्न निर्देशन दिनुभयो। कार्यक्रममा माननीय महालेखापरीक्षकज्यूले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले विभागीय मन्त्री एवं संवैधानिक निकायका प्रमुखसमेतलाई जिम्मेवार बनाएको उल्लेख गर्दै वित्तीय परिपालनामा जवाफदेहिता हुने गरी कार्य सम्पादन गर्नुपर्ने धारणा व्यक्त गर्नु भयो । मुलुकको अग्रणी शैक्षिक संस्था भएर पनि विश्वविद्यालयले समयमा नै लेखापरीक्षण नगराउदा आर्थिक प्रशासन माथि सरोकारवालाले प्रश्न उठाउने हुँदा यथाशीघ्र बक्यौता लेखापरीक्षण गराउन निर्देशन दिनुहुँदै लेखापरीक्षणको लागि कार्यालयबाट आवश्यक सहजीकरण गरिने बताउनुभयो ।

कार्यक्रममममा उपस्थित पदाधिकारीहरूले आफू सम्बद्ध निकायको बेरुजूसम्बन्धी विवरण उल्लेख गर्नुभएको थियो । साथै मन्त्रालयका सचिव श्री गोपीनाथ मैनालीले बेरुजू फर्स्यौट तथा बेरुजू न्यूकरण गर्ने कार्ययोजना प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा महालेखापरीक्षकको कार्यालयबाट उप-महालेखापरीक्षक श्री राममममाया कुँवर, नायव महालेखापरीक्षक श्री पदमराज पौडेल तथा शिक्षा लेखापरीक्षण निर्देशनालयका निर्देशक तथा अन्य कर्मचारीको सहभागिता रहेको थियो ।

११.११ **महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, २०७७ एवं बेरुजू फर्स्यौट प्रक्रियासम्बन्धी अन्तर्क्रियाः** वागमती प्रदेश सभाअन्तर्गत सार्वजनिक लेखा समितिको आयोजनामा महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, २०७७ एवं बेरुजू फर्स्यौट प्रक्रियासम्बन्धी काभ्रेको धुलिखेलमा २०७८ बैशाख ६ मा आयोजित छलफल तथा अन्तर्क्रिया कार्यक्रममा माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगालज्यूले विशेष अतिथिका रूपमा सहभागिता जनाउनुभयो ।कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै माननीय महालेखापरीक्षकज्यूले प्रदेश तहको लेखापरीक्षणबाट देखिएका बेरुजू फर्स्यौटमा तदारुकता देखाउनु आवश्यक रहेको बताउनुहुँदै प्रतिवेदन उपर सार्वजनिक लेखा समितिमा समयमा नै छलफल गरी निर्णय हुनुपर्ने उल्लेख गर्नुभयो। उहाँले एकै प्रकृति एवं व्यहोराको बेरुजूको पुनरावृत्ति नहुने गरी कार्य गर्न गराउन सरोकारवाला सबै पक्षले समयमै आवश्यक पहलकदमी लिनुपर्नेमा जोड दिनुभयो ।कार्यक्रममा उपमहालेखापरीक्षक श्री रामुप्रसाद डोटेलले महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, २०७७, प्रदेश सरकारको आयव्यय, सार्वजनिक खरिद, खर्च व्यवस्थापनसम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।त्यसैगरी नायव महालेखापरीक्षक श्री इन्द्रप्रसाद आचार्यले महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, २०७७ मा प्रदेश मन्त्रालयहरूको लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोराबारे प्रस्तुतीकरण गर्दै सहभागीका जिज्ञासाको समाधान गर्नुभएको थियो ।कार्यक्रम समापन समारोहमा संघीय संसद् सार्वजनिक लेखा समिति सभापति श्री भरतबहादुर शाह, वागमती प्रदेश सभामुख श्री सानुकुमार श्रेष्ठ, प्रदेश उपसभामुख श्री राधिका तामाङ्गलगायतले मन्तव्य व्यक्त गर्नुभएको थियो ।

११.१२ **अन्तर्राष्ट्रिय सम्बन्ध -** सार्वजनिक लेखापरीक्षणको क्षेत्रमा असल अभ्यासको अनुसरण गरी लेखापरीक्षणलाई अन्तर्राष्ट्रियस्तर अनुरूप बनाउने, अन्य मुलुकको लेखापरीक्षण अभ्यासबारे जानकारी लिने तथा कार्यालयले गरेका कामहरू अरु मुलुकलाई जानकारी गराउने उद्देश्यले अन्तर्राष्ट्रिय क्षेत्रमा सक्रियतापुर्वक सहभागी हुने नीति अनुरूप यस बर्ष भएका गतिविधिहरू देहायबमोजिम छन्:


- एसियाली सर्वोच्च लेखापरीक्षण संस्थाहरूको संगठन (एसोसाई) गभर्निङ बोर्डको जुलाई २०२० मा आयोजित ५५औं बैठकमा महालेखापरीक्षकको नेतृत्वमा कार्यालयका अन्य कर्मचारीहरूको सहभागिता रहेको थियो । गभर्निङ बोर्डको बैठक अनलाइन भिडियो लिङ्कमार्फत भर्चुअल माध्यमबाट सञ्चालन गरिएको थियो । बैठकमा गभर्निङ्ग बोर्डका १२ सदस्य राष्ट्र, लेखापरीक्षण समितिका २ सदस्य राष्ट्र र

इन्टोसाइ डेभलपमेन्ट इनिसिएटिभका प्रतिनिधिको समेत सहभागिता रहेको थियो । बैठकमा विभिन्न २४ एजेन्डामा छलफल भई प्रतिवेदन पारित भएको थियो ।

- अन्तर्राष्ट्रिय बजेट साझेदारी संस्थाद्वारा २०२० जुनमा आयोजित अडिट एकाउण्टाबिलिटी इनिसिएटिभ वेबिनार २०२० लाई महालेखापरीक्षकले सम्बोधन गर्नुभएको थियो । उक्त कार्यक्रममा यस संस्थाले लेखापरीक्षणमा जवाफदेहिता अभिवृद्धि गर्न र पारदर्शिता प्रवर्द्धनमा विश्वका सर्वोच्च लेखापरीक्षण संस्थाहरूसँग गरिरहेको सहकार्यलाई प्रशंसा गर्नुहुँदै कोभिड-१९ का कारणले बदलिँदो विश्वपरिवेशमा नवीन चुनौतीहरूको सामना गर्न कार्यालयले सूचना प्रविधिमा आधारित दूर लेखापरीक्षण विधिलाई प्रयोग गर्न गैरहेको, सर्वोच्च लेखापरीक्षण संस्था र नागरिकबीच दोहोरो सञ्चार स्थापित गर्न मोबाइल एप निर्माणाधीन क्रममा रहेको बताउनुभयो । कार्यक्रममा विभिन्न देशका सर्वोच्च लेखापरीक्षण संस्थाका प्रमुख लगायत प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।
- एसोसाई अन्तर्गत वातावरणीय लेखापरीक्षण कार्य समूह को सातौँ बैठक सन् २०२०, सेप्टेम्बरमा भर्चुअल माध्यमबाट सम्पन्न भएको थियो । कार्यक्रममा यस कार्यालयका तर्फबाट २ नायव महालेखापरीक्षक र १ निर्देशकको सहभागिता रहेको थियो । बैठकमा एसिया महादेशका १७ राष्ट्रका सर्वोच्च लेखापरीक्षण संस्थाका ६० प्रतिनिधिको सहभागिता रहेको थियो।
- संयुक्त राष्ट्रसंघ र सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय संगठन (इन्टोसाइ)को आयोजनामा सञ्चालित २५ औं युएन/इन्टोसाइ सिम्पोजियममा महालेखापरीक्षकको नेतृत्वमा कार्यालयका अन्य पदाधिकारीहरूले सहभागिता रहेको थियो । भिडियो कन्फरेन्स मार्फत् आयोजित सो कार्यक्रममा १२० इन्टोसाइ सदस्य राष्ट्रका तर्फबाट ३०० भन्दा बढी प्रतिनिधिको उपस्थिति रहेको थियो । तीन दिनसम्म सञ्चालित सो कार्यक्रममा कोभिड-१९ को महामारीमा सर्वोच्च लेखापरीक्षण संस्थाहरूको लेखापरीक्षण विधि, प्रभाव तथा असर सम्बन्धमा छलफल केन्द्रित भएको थियो ।

१२. लेखापरीक्षण नतिजा

१२.१ **नतिजा सम्प्रेषणः** इन्टोसाई लेखापरीक्षणमानले सर्वोच्च लेखापरीक्षण संस्थाहरूलाई प्रत्येक लेखापरीक्षण नतिजा सम्प्रेषण हेतु लिखित लेखापरीक्षण प्रतिवेदन तयार गर्न सुझाव दिएको छ । नेपालको संविधानअनुसार वर्षभरिमा सम्पादन गरेको कामको प्रतिवेदन व्यवस्थापिका-संसदमा प्रस्तुति एवं छलफलका लागि तयार गर्नु महालेखापरीक्षकको अधिकार एवं कर्तव्य हो । त्यसैले महालेखापरीक्षकबाट गरिने लेखापरीक्षणको नतिजा सम्प्रेषणको ढाँचालाई देहायको चित्रमा प्रस्तुत गरिएको छ ।



१२.२ **लेखापरीक्षण नतिजा सार्वजनिकः** महालेखापरीक्षकले आफूले गरेका कामको वार्षिक प्रतिवेदन पेस गर्नुपर्ने संवैधानिक व्यवस्थाअनुसार यो वर्ष संघीय मन्त्रालय तथा निकाय ३ हजार ७९, प्रदेश मन्त्रालय तथा निकाय १०१९, स्थानीय तह ६९९, समिति ५८४ र संगठित संस्था ८१ निकायको लेखापरीक्षण सम्पन्न गरी २०७८ भाद्र ४ गते सम्माननीय राष्ट्रपतिज्यूसमक्ष महालेखापरीक्षकको अन्ठाउन्नौं वार्षिक प्रतिवेदन पेस गरिएको छ भने प्रदेश सरकारको लेखापरीक्षण वार्षिक प्रतिवेदन सोही दिन सातै प्रदेशका माननीय प्रदेश प्रमुखसमक्ष डिजिटल रूपमा पेस गरिएको थियो । उक्त वार्षिक प्रतिवेदन यस कार्यालयको वेभसाइट www.oag.gov.np मा राखिएको छ ।

लेखापरीक्षण गरिएका निकायको विवरण

लेखापरीक्षण गरिएका निकाय र विषय	संख्या	रकम	बेरुजू	बेरुजू प्रतिशत
(क) वित्तीय तथा पालनाको लेखापरीक्षण	५४६२	५३२७९१	१०४३८	-
१. सङ्घीय मन्त्रालय तथा निकाय	३०७९	१५५५८१	४४३९	२.८५
२. प्रदेश मन्त्रालय तथा निकाय	१०१९	२३७४१	६५०	२.७४
३. स्थानीय तह (बक्यौता ५ समेत)	६९९	८१५९९	४०८३	५.००
४. समिति र अन्य संस्था	५८४	१६३५७	१२६६	७.७४
५. संगठित संस्था	८१	२५५५१३	-*	-
(ख) कार्यमूलक, सूचना प्रविधि र विशेष लेखापरीक्षण १५		-	-	-
जम्मा	**५४६२**	**५३२७९१**	**१०४३८**	-

१३. वित्तीय तथा परिपालना लेखापरीक्षण

यो वर्ष ३ हजार ७९ संघीय मन्त्रालय तथा निकायको रू.१५ खर्ब ५५ अर्ब ८१ करोड र प्रदेश मन्त्रालय तथा निकाय १०१९ को रू.२ खर्ब ३७ अर्ब ४१ करोड, स्थानीय तह ७५३ मध्ये ६९९ (गत वर्षको बक्यौता ५ समेत) को रू.८ खर्ब १५ अर्ब ९९ करोड, विश्वविद्यालय, समिति, संस्था प्रतिष्ठानसमेत ५८४ को रू.१ खर्ब ६३ अर्ब ५७ करोड र संगठित संस्था ८१ को रू.२५ खर्ब ५५ अर्ब १३ करोडसमेत रू.५३ खर्व २७ अर्ब ९१ करोडको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

१३.१ **कारबाही टुङ्गो लगाउनुपर्ने रकम** - सङ्घीय तथा प्रदेश सरकारी कार्यालय, स्थानीय तह, जिल्ला समन्वय समिति, अन्य समिति र संस्थातर्फको बेरुजूका अतिरिक्त लेखापरीक्षण बक्यौता, राजस्व बक्यौता, शोधभर्ना लिनुपर्ने वैदेशिक अनुदान तथा ऋण रकमका सम्बन्धमा समयमा नै कारबाही गरी टुङ्गो लगाउनुपर्ने अद्यावधिक रकम रू.२ खर्ब ५७ अर्ब ५६ करोड १ लाख रहेको छ । उक्त रकम गतवर्ष भन्दा ४.६५ प्रतिशत बढेको छ ।

(रू. लाखमा)

क्र.सं.	विवरण	गतवर्षसम्म	थप/घट	अद्यावधिक
१	लेखापरीक्षण बक्यौता	४७४१२	१३४५२३	१८१९३५
२	राजस्व बक्यौता	१९७८४११	१७७२७६	२१५५६८७
३	शोधभर्ना लिन बाँकी वैदेशिक अनुदान	१४९१६८	-५९०३२	९०१३६
४	शोधभर्ना लिन बाँकी वैदेशिक ऋण	२६५६८९	-१३८३४६	१२७३४३
५	जमानत बसी दिएको ऋणको भाखा नाघेको साँवा ब्याज	२०५००	०	२०५००
	जम्मा	**२४६११८०**	**११४४२१**	**२५७५६०१**

उक्त रकममा अद्यावधिक बेरुजू रू.४ खर्व १८ अर्ब ८५ करोड थप गर्दा कारबाही गरी टुङ्गो लगाउनुपर्ने अद्यावधिक रकम रू.६ खर्व ७६ अर्ब ४१ करोड पुगेको छ । गतवर्ष यस्तो रकम रू.६ खर्ब ६४ अर्ब ४४ करोड रहेको थियो । गत वर्षको तुलनामा कारबाही गरी टुङ्गो लगाउनुपर्ने रकम १.८१ प्रतिशतले बढको छ ।

१३.२ **बेरुजूः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २(त) मा प्रचलित कानुनबमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको व्यहोरालाई बेरुजूको रूपमा परिभाषित गरिएको छ।

बेरुजूलाई असुल गर्नुपर्ने, अनियमित भएको, प्रमाण कागजात पेस नभएको, जिम्मेवारी नसारेको, शोधभर्ना नलिएको र पेस्की बाँकीमा वर्गीकरण गरिएको छ । पेस्की अन्तर्गत कर्मचारी पेस्की, मोबिलाइजेसन पेस्की, प्रतीतपत्र पेस्की र संस्थागत पेस्कीमा वर्गीकरण रहेको छ । यो वर्ष सङ्घीय र प्रदेश, सरकारी कार्यालय, स्थानीय तह, संगठित संस्था, समिति र अन्य संस्थातर्फ लेखापरीक्षणबाट देहायअनुसार रू.१ खर्ब ४ अर्ब ३९ करोड बेरुजू औंल्याइएको छ । बेरुजू वर्गीकरण अङ्क निम्नानुसार रहेको छः

(रू. लाखमा)

वर्गीकरण	सरकारी कार्यालय	प्रदेश सरकारी कार्यालय	स्थानीय तह	समिति र अन्य संस्था	जम्मा	कुल बेरुजूको प्रतिशत
१. असुल गर्नुपर्ने	२०२९२१	६३६४	५४७४९	७४६१	२७१४९५	२६.०१
२. नियमित गर्नुपर्ने	१८२७०२	४८३२५	२८१७९९	१०९८०८	६२२६३४	५९.६५
• अनियमित भएको	५६७९९	२१०५६	१०७५१८	६००२९	२४५४०२	२३.५१
• प्रमाण कागजात पेस नभएको	१२५८४७	२७२६९	१७१६६५	४९७७३	३७४५५४	३५.८८
• जिम्मेवारी नसारेको	३९	०	२४४९	०	२४८८	०.२४
• शोधभर्ना नलिएको	१७	०	१६७	६	१९०	०.०२
३. पेस्की	५८२९७	१०३०८	७१७९९	९३०९	१४९७१४	१४.३४
• कर्मचारी पेस्की	३४२	९३३	२९२९६	६८६	३१२५८	२.९९
• मोबिलाइजेसन पेस्की	१२८०९	०	०	०	१२८०९	१.२३
• प्रतीतपत्र पेस्की	०	०	०	०	०	०
• अन्य पेस्की	४५१४६	९३७५	४२५०३	८६२३	१०५६४७	१०.१२
जम्मा बेरुजू	४४३९२०	६४९९७	४०८३४७	१२६५७८	१०४३८४२	१००

द्रष्टव्यः *संगठित संस्थाहरूको बेरुजूको लगत राख्ने एवं सम्परीक्षण कार्य सम्बन्धित निकायबाट हुने भएकोले उल्लिखित अङ्कमा समावेश छैन ।*

१३.३ **मन्त्रालयगत बेरुजूः** संघीय सरकारी कार्यालयतर्फ यो वर्ष रकमगत आधारमा बढी बेरुजू हुने मन्त्रालय निम्नानुसार छन्:

(रु. लाखमा)

क्र.सं.	मन्त्रालय	लेखापरीक्षण अङ्क	बेरुजू अङ्क				कुल बेरुजूको प्रतिशत	ले.प.अङ्कको तुलनामा बेरुजू प्रतिशत
			असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने	पेस्की बाँकी	जम्मा		
१	अर्थ	९०८६५२४	१५३५२२	७४८७२	७३	२२८४६७	५१.४७	२.५१
२	भौतिक पूर्वाधार तथा यातायात	१०२५८२५	११६४३	३१०१२	२५५३९	६८१९५	१५.३६	६.६५
३	कृषि तथा पशुपन्छी विकास	२०५३५९	१०७७९	१४९९५	७८३	२६५५७	५.९८	१२.९३
४	खानेपानी	१२७८५७	२७११	१६८५७	३०२८	२२५९६	५.०९	१७.६७
५	स्वास्थ्य तथा जनसंख्या	२३९६१६	९३	८१२४	१०२०६	१८४२३	४.१५	७.६९
६	सञ्चार तथा सूचना प्रविधि	३८५६७२	१२२२४	२५०२	४९५	१५२२१	३.४३	३.९५
७	सहरी विकास	३२७९९०	१२६८	६९३२	३८७८	१२०७९	२.७२	३.६८
८	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	६५२६०७	१७८२	५९९९	२६८२	१०४६३	२.३६	१.६०
९	संघीय मामिला तथा सामान्य प्रशासन	२०८२३६	९६५	१४३३	७३९७	९७९५	२.२१	४.७०
१०	भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण	२८९२६१	१७३१	६२०७	४०३	८३४१	१.८८	२.८८
	अन्य	३००९१२७	६२०२	१३७६८	३८१२	२३७८२	५.३६	०.७९
	जम्मा	१५५५८०७५	२०२९२०	१८२७०२	५८२९७	४४३९२०	१००	२.८५

उल्लिखित दश मन्त्रालयमा संघीय सरकारी कार्यालयतर्फको कुल बेरुजूको ९४.६४ प्रतिशत रहेको छ ।

- यो वर्ष ३ हजार ७९ संघीय सरकारी कार्यालयको लेखापरीक्षण गरेकोमा १ हजार ५०६ कार्यालय (४८.९१ प्रतिशत) मा लगती बेरुजू देखिएन । प्रदेश सरकारी कार्यालयतर्फ १ हजार १९ को लेखापरीक्षण गरेकोमा ३३३ कार्यालय (३२.६७ प्रतिशत) मा लगति बेरुजू देखिएन ।
- यो वर्ष ५ हजार ४६२ संघीय सरकारी कार्यालय, प्रदेश र स्थानीय तहको १ लाख ८ हजार ९०७ दफा बेरुजू देखिएकोमा ६९ हजार ८५३ दफा सैद्धान्तिक र ३९ हजार ५४ दफा लगती बेरुजू कायम भएको छ ।
- संघीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय, स्थानीय तह, अन्य समिति र संस्थातर्फ यो वर्ष लेखापरीक्षणबाट असुल गर्नुपर्ने देखिएको बेरुजू रू.२८ अर्ब ८२ करोड ९ लाखमध्ये संघीय सरकारी कार्यालयतर्फका २२ मन्त्रालय/निकाय अन्तर्गतका कार्यालयले लेखापरीक्षणको क्रममा रू.९ करोड ५३ लाख र प्रारम्भिक प्रतिवेदन पठाएपछि २० निकाय/मन्त्रालय अन्तर्गतका कार्यालयले रू.४४ करोड ७६ लाख तथा गत विगतको बेरुजू सम्परीक्षणको क्रममा २० निकाय/मन्त्रालय मातहतका कार्यालयले रू.३ अर्ब ९५ करोड ८४ लाख, अन्य निकायले रू.४ करोड ७ लाख, प्रदेश सरकार मातहतका निकायले रू.५१ करोड ६५ लाख र स्थानीय तहले रू.१ अर्ब १० करोड ८२ लाखसमेत रू.६ अर्ब १६ करोड ६७ लाख असुल गराएका छन् ।
- यो वर्षको संघीय सरकारी कार्यालयतर्फ लेखापरीक्षणबाट असुल गर्न बाँकी देखिएको रू.२० अर्ब २९ करोड २० लाखमध्ये १० मन्त्रालय/निकायको रू.१९ अर्ब ९३ करोड ८२ लाख (९८.२६ प्रतिशत) र बाँकी मन्त्रालय/निकायको रू.३५ करोड ३८ लाख (१.७४ प्रतिशत) देखिएको छ ।
- संघीय सरकारी कार्यालयतर्फ म्याद नाघेको गत वर्षसम्मको पेस्की रू.१ खर्ब ६४ करोड ९१ लाख बाँकी रहेकोमध्ये यो वर्ष रू.३१ अर्ब ५८ करोड ९५ लाख (३१.३८ प्रतिशत) फर्स्यौट भई रू.६९ अर्ब ५ करोड ९६ लाख बाँकी रहेको र सोमा यो वर्ष थप भएको रू.५ अर्ब ८२ करोड ९६ लाखसमेत कुल पेस्की रू.७४ अर्ब ८८ करोड ९२ लाख बाँकी रहेको छ । सोमध्ये कर्मचारी पेस्की रू.९८ करोड ४९ लाख (१.३१ प्रतिशत), मोबिलाइजेसन पेस्की रू.२८ अर्ब २२ करोड ४२ लाख (३७.६९ प्रतिशत), प्रतीतपत्र पेस्की रू.१२ अर्ब ९७ करोड ६१ लाख (१७.३२ प्रतिशत) र अन्य पेस्की रू.३२ अर्ब ७० करोड ४० लाख (४३.६७ प्रतिशत) रहेको छ । यसका अतिरिक्त यो वर्ष म्याद ननाघेको पेस्की रू.२३ अर्ब ४५ करोड २४ लाख बाँकी रहेको छ।

१३.४ तुलनात्मक बेरुजू स्थितिः संघीय सरकारी निकायतर्फ विगत ३ वर्षको लेखापरीक्षण र बेरुजू अङ्कको तुलनात्मक स्थिति निम्नानुसार छः

(रू. करोडमा)

प्रतिवेदन	लेखापरीक्षण अङ्क	बेरुजू अङ्क	प्रतिशत
छपन्नौं	२०,०८,८४	१,०६,३४	५.२९
सनताउन्नौं	१७,५६,०४	७१,०६	४.०५
अन्ठाउन्नौं	१५,५५,८१	४४,३९	२.८५

लेखापरीक्षण अङ्कको तुलनामा बेरुजू गत वर्ष ४.०५ प्रतिशत रहेकोमा यो वर्ष २.८५ प्रतिशत रहेको छ ।

१३.५ बेरुजू फर्स्यौटः यो वर्ष बेरुजू फर्स्यौट तथा सम्परीक्षणको स्थिति देहायबमोजिम छः

(रु.लाखमा)

विवरण	विगतको बेरुजू	समायोजनबाट थप (घट)	फर्स्यौट तथा सम्परीक्षण	विगतको खुद बाँकी	चालू वर्षको थप बेरुजू	अद्यावधिक बाँकी बेरुजू
संघीय सरकारी कार्यालयहरू	२७३५७९१	१०	८५४३५०	१८८१४५१	४४३९२०	२३२५३७१
प्रदेश सरकारी कार्यालयहरू	८३९२६	०	२४१३३	५९७९३	६४९९७	१२४७९०
स्थानीय तह	६९८१०९	-९४२	७५१३७	६२२०३०	४०८३४७	१०३०३७७
अन्य संस्था समिति (प्रदेश समेत)	६६५३४७	०	८३९५९	५८१३८८	१२६५७९	७०७९६७
जम्मा	**४१८३१७३**	**-९३२**	**१०३७५७९**	**३१४४६६२**	**१०४३८४३**	**४१८८५०५**

१३.६ **बेरुजू न्यूनीकरणः** सरकारको आर्थिक कारोबारमा महालेखापरीक्षकबाट प्रत्येक वर्ष औँल्याइएको त्रुटिलाई सुधार नगरी अनियमित कामको निरन्तरताले बेरुजूको मात्रा बढ्न गई समग्रमा आर्थिक अनुशासनको स्थिति कमजोर देखिएको छ । यस्तो स्थिति आउनमा मूलतः कमजोर आन्तरिक नियन्त्रण प्रणाली, अप्रभावकारी आन्तरिक लेखापरीक्षण, आर्थिक कार्यविधि, खरिदलगायतका कानुनमा रहेका जटिलता र अपर्याप्तता एवं पालनामा कमी, कमजोर अनुगमन तथा नियमन र कर्मचारीतन्त्रमा जिम्मेवारी वहनको स्थितिमा आएको कमी प्रमुख छन् । अनियमित कार्यमा संलग्न व्यक्ति उपर न्यून मात्रामा कारबाही भई दण्डहीनताले प्रश्रय पाएको छ भने वित्तीय जिम्मेवारी पालनाको मूल्याङ्कन गरी प्रोत्साहित गर्ने प्रभावकारी व्यवस्था छैन । कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनमा वित्तीय जिम्मेवारी वहनको सूचकाङ्कको व्यवस्थासहित उपर्युक्त कमजोरीमा सुधार गर्नु जरुरी छ ।

१४. कार्यमूलक तथा विशेष लेखापरीक्षण

वित्तीय लेखापरिक्षणको अतिरिक्त यो वर्ष भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना कार्यान्वन, काठमाण्डौं उपत्यका भित्रका स्थानीय तहको सेवा प्रवाह, काठमाण्डौं उपत्यकाको यातायात व्यवस्थापन, कृर्षि मल व्यवस्थगापन,लुम्बिनी प्रदेशमा खानेपानी योजना तर्जुमा एवं कार्यान्वयन व्यवस्था, प्रधानमन्त्री रोजकार कार्यक्रम, व्यवसायीक तालिमको प्रभावकारिता, विश्वविद्यालय अनुदान आयोगको कार्य सम्पादनलगायत ११ विषयको कार्यमूलक लेखापरीक्षण गरिएको छ भने राष्ट्रिय निकुञ्जको व्यवस्थापनको वातावरणीय लेखापरीक्षण, कोभिड-१९ को रोगथाम नियन्त्रण र व्यवस्थापन विषयको विशेष लेखापरीक्षण र भू अभिलेख सूचना व्यवस्थापन प्रणाली र राष्ट्रिय तथ्याङ्क सूचना प्रणाली विषयको सूचना प्रविधि लेखापरीक्षण गरिएको छ ।

१५. सुधारका क्षेत्रहरू

वित्तीय जिम्मेवारी, जवाफदेहिता र पारदर्शिताका माध्यमबाट वित्तीय अनुशासन कायम भई समग्र वित्तीय सुशासन कायम गर्न मद्दत पुग्दछ । यसका लागि बजेट तर्जुमा, निकासा, खर्च प्रणाली, प्रतिवेदन, लेखापरीक्षण एवं अनुगमन र मूल्याङ्कन पक्षमा निरन्तर सुधारको आवश्यकता रहन्छ । संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा तथा लेखापरीक्षण, अन्तर्राष्ट्रिय असल अभ्यासको प्रयोग, सूचना प्रविधिको उपयोग, अभिलेख तथा प्रतिवेदन प्रणालीलगायतका विषयमा भविष्यमा गर्नुपर्ने सुधारका विषयलाई देहायबमोजिम प्रस्तुत गरिएको छः

१५.१ दिगो विकास लक्ष्य

- दिगो विकास लक्ष्य हासिल गर्नका लागि योजना र कार्यक्रमको तर्जुमा र सोको कार्यान्वयन, समन्वय तथा अनुगमन र मूल्याङ्कन गर्नका लागि संघ र प्रदेशका विषयगत मन्त्रालयमा र सबै स्थानीय तहमा उपयुक्त संरचना र विधिको व्यवस्था गर्नुपर्दछ ।
- दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण गर्न सबै तहका सरकारले योजना तथा बजेटलाई दिगो विकास लक्ष्यसँग आवद्ध गरी कोभिड-१९ महामारीले शिक्षा, स्वास्थ्य, रोजगारी, आय आर्जन र समग्र अर्थतन्त्रमा पारेको असरलाई विश्लेषण गरी सो असरलाई सम्बोधन गर्न लगानीका स्रोतको प्रबन्ध गर्न सार्वजनिक, निजी र सहकारी क्षेत्रको परिचालन गर्ने, वैदेशिक सहायताको परिचालन गर्ने, तीनै तहका सरकारमा अन्तरसम्बन्ध कायम गर्न आवश्यक देखिन्छ।
- दिगो विकास लक्ष्यका कार्यान्वयनको प्रगतिको मापन र मूल्याङ्कन गर्न आवश्यक पर्ने तथ्याङ्कहरू सबै तहका सरकारी तहहरूबीच समन्वय गरी सङ्कलन, विश्लेषण र प्रकाशन गर्न सवल कानुनी र संस्थागत व्यवस्था गर्नुपर्ने देखिन्छ ।

१५.२ बजेट व्यवस्थापन

- आर्थिक तथा कार्यात्मक वर्गीकरणअनुसारको बजेट तर्जुमा र सोको यथार्थ कार्यान्वयन अवस्थाको विश्लेषण गरी कार्यान्वयनयोग्य बजेट तर्जुमा गर्नेतर्फ प्रयास गर्नुपर्दछ।
- राष्ट्रिय बजेट प्रणाली बाहिर रहने गरी विभिन्न कोष खडा गरी संसदीय निगरानीबेगर खर्च गर्ने कार्यलाई निरुत्साहित गरी बजेट प्रणालीबाट नै खर्च गर्ने व्यवस्था गर्नुपर्दछ । साथै छरिएर रहेका विभिन्न कोषहरू एकीकृत गरी समग्र बजेट प्रणालीभित्र ल्याई नियमित विद्यमान संरचनाबाट कार्य सम्पादन गर्नुपर्दछ ।
- भैपरी वा आकस्मिक दायित्व र अन्य वित्तीय जोखिमहरूको पहिचान र विश्लेषण गरी बजेटमार्फत् उचित सम्बोधन गर्नुपर्दछ ।
- सम्भाव्यता अध्ययन, विस्तृत सर्वेक्षण, ड्रइङ डिजाइन भइसकेका र आयोजना बैङ्कमा समाविष्ट आयोजना मात्र वार्षिक बजेटमा समावेश गर्ने व्यवस्था कडाइका साथ लागू गर्नुपर्दछ । साथै प्रदेश सरकार र स्थानीय तहमा समेत सो स्तरको आयोजना बैङ्क तयार गर्ने र सोमा परेका योजना मात्र बजेटमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।
- समग्र खर्चको आवश्यकता र स्रोत परिचालनको अवस्था विश्लेषण गरी भावी पुस्तालाई बोझ नहुने गरी उत्पादन र रोजगारी सिर्जना गर्न योगदान हुने गरी मात्र सार्वजनिक ऋणको परिचालन गर्नुपर्दछ । वैदेशिक सहायतामा सञ्चालन हुने आयोजनाको लागि सहायता प्राप्तिको सुनिश्चितता भएपछि मात्र बजेटमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।
- विनियोजन भएको रकममध्ये बचत हुने अनुदान संख्याबाट अपुग हुने अनुदान संख्यामा रकमान्तर गर्दा प्रचलित विनियोजन ऐनले तोकेको सीमाभित्र रहेर मात्र गर्नुपर्दछ । बजेटमा समावेश नभएका सेवा र कार्यमा बजेट पारित भएपश्चात् गैरबजेटरी रकम उपलब्ध गराउने तथा अर्थ विविध वा अबण्डामा बजेट राखी पछि बाँडफाँट गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । रकमान्तरको सीमा लागू नहुने अनुदान संख्यामा ठूलो रकम विनियोजन गरी सोबाट अन्य अनुदान संख्यामा सार्ने प्रवृत्तिलाई वाञ्छित सीमाभित्र राख्नु आवश्यक देखिन्छ।
- बजेट कार्यान्वयन तालिका र त्रैमासिकरूपमा विभक्त क्रियाकलापहरूको प्रभावकारी कार्यान्वयन गर्ने र सो को अनुगमन गर्ने व्यवस्था मिलाउनुपर्दछ । बजेट तर्जुमा प्रक्रियालाई पारदर्शी र सहभागितामूलक बनाउँदै मध्यावधि समीक्षा तथा बजेट कार्यान्वयनसम्बन्धी पृष्ठपोषणलाई आगामी बजेट तर्जुमा गर्दा उपयोग गर्नुपर्दछ।

१५.३ वैदेशिक सहायता

- राष्ट्रको खर्च आवश्यकता र उपलब्ध राष्ट्रिय स्रोतबाट नपुग हुने अवस्थामा राष्ट्रिय हित र प्राथमिकतालाई आधार बनाउँदै वैदेशिक सहायता लिने प्रक्रियालाई थप पारदर्शी बनाउँदै प्राप्त हुने वैदेशिक सहायतालाई राष्ट्रिय बजेट प्रणाली र सञ्चितकोषमार्फत परिचालन गर्नुपर्दछ ।
- राष्ट्रिय हितअनुकूल उत्पादन र उत्पादकत्व वृद्धि हुने, रोजगारी सिर्जना हुने, आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन हुने उच्च प्रतिफल प्राप्त हुने तथा भौतिक र मानवीय पुँजी निर्माण तथा दिगोपनामा सहयोग पुऱ्याई आत्मनिर्भर अर्थतन्त्र निर्माणमा योगदान गर्ने क्षेत्र वा आयोजनाहरूको लागि मात्र विदेशी सहायता परिचालन गर्नुपर्दछ।
- वैदेशिक सहायता परिचालन कार्यमा संलग्न हुने जनशक्तिको ज्ञान, सीप एवं दक्षता अभिवृद्धि गर्ने तथा संस्थागत संरचनाहरूलाई सबल बनाउने र संलग्न संस्थाहरूबीच समन्वय गर्नुपर्दछ । आर्थिक कूटनीतिमार्फत् उपयुक्त प्रकारको वैदेशिक सहायता प्राप्त गर्न प्रयास गर्नुपर्दछ ।

- शर्तसहितको वैदेशिक सहायता सकेसम्म स्वीकार नगर्ने नीति अख्तियार गर्नुपर्दछ । आयोजना र कार्यक्रममा आधारित बहुक्षेत्र तथा बहुनिकायमा छरिएको सहयोगभन्दा राष्ट्रिय बजेट सहयोगमा प्राप्त हुने वैदेशिक सहायता प्राप्तिमा जोड दिनुपर्दछ ।
- विकास साझेदारबाट हुने सहायताको प्रतिबद्धता र यथार्थ प्राप्ति बीच ठूलो अन्तर देखिएकाले प्रतिवद्धताअनुसार विकास सहायता प्राप्त गर्न क्रियाशील हुनुपर्दछ ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूमार्फत् परिचालन हुने वैदेशिक सहायतालाई पारदर्शी र जवाफदेही बनाउन अनुगमन संयन्त्रको विकास गरी सरकारी संरचनामार्फत परिचालन गर्ने व्यवस्था गर्नुपर्दछ।
- वैदेशिक सहायतामा सञ्चालित आयोजनामा समयमा शोधभर्ना नभएको कारणले राज्यले प्राप्त गर्नुपर्ने अनुदान गुमाउनु पर्ने र सरकारी स्रोततर्फ चाप पर्न जाने भएकोले समयमै शोधभर्ना प्राप्त गर्न थप प्रयास हुनुपर्दछ। प्रदेश तथा स्थानीयतहले खर्च गरेका वैदेशिक सहायताको संघीय सरकारमा प्रतिवेदन गर्ने र समयमै शोधभर्ना माग गर्ने उपयुक्त व्यवस्था मिलाउनुपर्दछ ।

१५.४ आयोजना व्यवस्थापन

- विस्तृत अध्ययन र लागत लाभ विश्लेषणको आधारमा आयोजनाको प्राथमिकीकरण र छनौट गरी आयोजना बैङ्कको अभ्यासलाई व्यवहारमा कार्यान्वयन गर्नुपर्दछ । आयोजनासँग सम्बन्धित सूचनाहरूलाई व्यवस्थित गर्न एवं प्रगतिको अनुगमन मूल्याङ्कन आवश्यक पर्ने सूचना उपलब्ध गर्न आयोजना व्यवस्थापन सूचना प्रणाली तर्जुमा गरी कार्यान्वयनमा ल्याउनुपर्दछ । आयोजनाको अनुगमन र मूल्याङ्कन गर्न आधुनिक विधिहरू प्रयोगमा ल्याउनुपर्दछ ।
- आयोजनाको नेतृत्व गर्ने पदाधिकारीसँग कार्य सम्पादन करार गरी आयोजना अवधिभर अन्यत्र सरुवा नगर्ने नीति अवलम्वन गर्दै निजको कार्य सम्पादनलाई वृत्ति विकाससँग आवद्ध गर्नुपर्दछ ।
- आयोजना कार्यान्वयन पूर्व गरिसक्नुपर्ने जग्गा प्राप्ति, वातावरणीय अध्ययन, अन्तर निकाय समन्वय र स्वीकृतिलगायतका कार्यहरू सम्पन्न भएपछि खरिद कारबाही शुरु गर्नुपर्दछ । आयोजनाहरूको लागि आवश्यक जग्गा प्राप्ति, मूल्याङ्कन र क्षतिपूर्ति वितरणको कार्यलाई सरलीकृत, पारदर्शी, वैज्ञानिक र व्यवस्थित गर्नुपर्दछ ।
- निर्माण कार्यमा गुणस्तर सुनिश्चित गर्न सो निर्माण कार्यको सुपरिवेक्षण कार्यलाई सबल र प्रभावकारी बनाई पर्याप्त गुणस्तर परीक्षण गरी तोकिएको मापदण्डबमोजिम गुणस्तर कायम भए नभएको आश्वस्तता प्रदान गर्ने पद्धति तयार गर्नुपर्दछ ।
- आयोजना कार्यान्वयन गर्दा अन्तरसम्बन्धित रहेका सडक, विद्युत, टेलिफोन, सिँचाइ, खानेपानी, वनसँग सम्बन्धित निकायहरूबीच समन्वयका आधारमा कार्य सञ्चालन गर्नुपर्दछ ।
- पूर्वाधार निर्माणका लागि आवश्यक पर्ने जनशक्ति, हेभी मेसिन उपकरणहरू, निर्माण सामग्रीको उपलब्धताको आधारमा निर्माण व्यवसायीको व्यावसायिक र प्राविधिक क्षमता मूल्याङ्कन गरी समग्र राष्ट्रिय निर्माण क्षमता विश्लेषण गर्नुपर्दछ ।
- आयोजनाको ड्रइङ डिजाइन, लागत अनुमान तयारी, सर्वेक्षण, प्रक्षेपित वित्तीय विवरण तयारी जस्ता कार्य उपलब्ध विभागीय जनशक्तिबाट गर्न नभ्याउने वा नसक्ने पर्याप्त आधार र प्रमाण भएमा मात्र परामर्शदाताबाट गराउने व्यवस्था गरिनुपर्दछ ।

१५.५ सार्वजनिक खरिद व्यवस्थापन

- सार्वजनिक खरिदसम्बन्धी कानुनी व्यवस्थाहरूको समयानुकूल परिमार्जन गरी कार्यान्वयनमा सरलता ल्याउन सार्वजनिक खरिद अनुगमन कार्यालयले आवश्यकता अनुसार निर्देशिका, मार्गदर्शन तयार गर्नुपर्दछ। सार्वजनिक खरिद अनुगमन कार्यालयले जारी गरेका बोलपत्रसम्बन्धी कागजातहरू प्रदेश, स्थानीय तह र सबै सार्वजनिक निकायले कार्यान्वयन गर्नुपर्दछ ।
- निर्माण कार्यको लागत अनुमान तयार गर्न प्रयोग हुने नर्म्सलाई प्रविधिमा भएको परिवर्तनअनुसार अद्यावधिक बनाई लागू गर्नुपर्दछ ।
- निर्माण व्यवसायीको व्यावसायिक र प्राविधिक क्षमताको मूल्याङ्कनको आधारमा निजले गर्न सक्ने रकमगत र संख्यागत कार्यको अधिकतम सीमा तोकी उक्त सीमाभित्र पर्ने अवस्थामा मात्र प्रतिस्पर्धामा सहभागी हुन पाउने व्यवस्था गर्नुपर्दछ ।
- काममा मितव्ययिता, प्रतिस्पर्धात्मक क्षमतामा अभिवृद्धि, गुणस्तरीय र समयमा कार्य सम्पन्न हुन सक्ने अवस्था, आवश्यक पर्ने प्राविधिक तथा व्यावसायिक सक्षमता, खर्चको पारदर्शिता र लेखापरीक्षण जस्ता पक्षहरू विचार गरी उपभोक्ता समिति मार्फत गराउन सकिने कामको सम्बन्धमा गहन अध्ययन विश्लेषण गरी आवश्यकता अनुसार कानुनी व्यवस्थामा परिमार्जन गर्नुपर्दछ ।
- सार्वजनिक खरिदमा प्रतिस्पर्धा सीमित हुनेगरी कामलाई टुक्राटुक्रा (स्लाइसिङ्ग) स्लाइसिङ्ग र प्याकेजिङ्ग गर्ने कार्यलाई व्यवस्थित बनाउनुपर्दछ ।
- सबै सार्वजनिक निकायले विद्युतीय प्रणालीबाट खरिद कार्य गर्ने व्यवस्था अनिवार्यरूपमा लागू गर्ने र दातृ निकाय तथा राष्ट्रबाट गरिने खरिदमा समेत विद्युतिय खरिद प्रणाली प्रयोग गर्ने व्यवस्था मिलाउनुपर्दछ।
- पूर्वाधार निर्माणलगायतका संरचना निर्माण कार्यको ड्राइङ डिजाइन तयार गर्ने कार्यलाई विश्वसनीय, वैज्ञानिक र गुणस्तरीय बनाउन त्यस्तो कार्यमा संलग्न प्राविधिक कर्मचारी वा परामर्शदातालाई कानुनबमोजिम जिम्मेवार बनाउनुपर्दछ ।
- निर्माण कार्य समयमा सम्पन्न नहुँदा सेवाग्राही सेवाबाट वञ्चित भएकोले समयमा कार्यसम्पन्न गर्न सहज वातावरण निर्माण गर्ने, सुपरिवेक्षण तथा अनुगमनलाई प्रभावकारी बनाउने र कार्यान्वयनको चरणमा आएका बाधा व्यवधान समयमै समाधान गर्न अग्रसरता लिई सबै निकायबीच समन्वय तथा सहकार्य हुने व्यवस्था गर्नुपर्दछ ।
- खरिद सम्झौताबमोजिम समयमा कार्य सम्पन्न नगरेको अवस्थामा सम्झौता अन्त्य गरी वित्तीय फरफारख र क्षतिपूर्ति लिने सम्बन्धी कानुनी प्रावधानको कडाईका साथ कार्यान्वयन गर्नुपर्दछ ।

१५.६ खर्च व्यवस्थापन

- अनुत्पादक खर्च नियन्त्रण गरी अधिक प्रतिफल प्राप्त हुने गरी खर्च गर्ने सम्बन्धमा बेलाबेला गठन भएका सार्वजिनक खर्च पुनरावलोकन कार्यदलको अध्ययनबाट दिइएका सुझाव कार्यतालिका बनाई कार्यान्वयन गर्नुपर्छ। साथै सरकार आफैंले लागू गरेको मितव्यिता कायम गर्ने व्यवस्थाहरू कडाइका साथ लागू गर्ने र सोको अनुगमन गर्ने, प्रतिवेदन लिने र सुधारात्मक कार्यहरू गर्नुपर्दछ ।
- नेपालको संविधानले व्यवस्था गरेबमोजिमको संघ, प्रदेश र स्थानीय तहको कार्यक्षेत्रमा दोहोरो नपर्ने गरी समन्वयात्मक कार्य गर्न संगठनात्क पुनर्संरचना गरिनुपर्दछ । मन्त्रालय तथा विभागबाट हुनसक्ने कार्यका लागि पनि गठित कोष, परिषद्, आयोग, बोर्डहरूको कार्यदक्षता र प्रभावकारिता मूल्याङ्कन गरी औचित्य र सान्दर्भिकताको आधारमा खारेज गर्ने वा गाभ्ने कार्य गर्नुपर्दछ ।

- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ मा उल्लिखित वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता बहन गर्ने व्यवस्थाको अवलम्बन गर्नुपर्दछ ।
- उच्च पदस्थ पदाधिकारीहरू आफैं मितव्ययी, मर्यादित र उदाहरणीय रूपमा प्रस्तुत हुने, विविध खर्च नियन्त्रण गर्ने, बैठक सभा सम्मेलन भेला वार्षिकोत्सब, विदेश भ्रमणलगायतमा हुने खर्चमा नियन्त्रण हुनुपर्दछ ।
- राजनैतिक नियुक्ति भएका व्यक्तिहरूलाई सुविधास्वरूप दिइने सुविधा सम्बन्धमा स्पष्ट मापदण्ड बनाउनुपर्दछ। सरकारी कार्यालय वा कर्मचारीले प्रयोग गर्ने भवन, अफिस कोठा, फर्निचर, उपकरण तथा सवारीसाधन सम्बन्धमा मापदण्ड निर्धारण गरी रूपमा कार्यान्वयन गर्नुपर्दछ ।
- महँगो सवारीसाधन खरिद गर्ने, सरकारी सवारीसाधनहरू निजी प्लेटमा राख्ने र मर्मत गरी प्रयोग गर्न सकिने सवारीसाधन मर्मत नगरी नयाँ खरिद गर्ने व्यवस्था अन्त्य हुनुपर्दछ । अवैध पैठारीको क्रममा नियन्त्रणमा लिएका सवारीसाधनहरूको अवस्था र चालू हालतमा ल्याउन गर्नुपर्ने खर्चसमेत विचार गरी आवश्यक पर्ने सरकारी निकायलाई उपलब्ध गराउनुपर्दछ ।

१५.७ अनुदान तथा सहायता

- संघ, प्रदेश र स्थानीय तहका बहुनिकायमार्फत् अनुदान र आर्थिक सहायता वितरण सम्बन्धमा स्पष्ट कार्यक्षेत्र निर्धारण गरी अनुदान र आर्थिक सहायता वितरणलाई पारदर्शी, कानुनी व्यवस्था गर्नुपर्दछ ।
- नगद तथा वस्तुगत अनुदान उपलब्ध गराउने मापदण्ड तयार गर्नुपर्दछ । अनुदान उपलब्ध गराउँदा सोबाट प्राप्त हुने उपलब्धि सुनिश्चित गर्नुपर्दछ । पुँजी निर्माण हुने, सार्वजनिक सम्पत्ति सिर्जना हुने, लक्षित वर्ग र क्षेत्रका जनताको आर्थिक तथा सामाजिक उत्थान हुने, उद्यमशीलता र पूर्वाधार विकास, क्षमता विकास, व्यवसायीकरण तथा आधुनिकीकरण र मूल्यश्रृङ्खला प्रवर्द्धनमा टेवा पुग्नेतर्फ विशेष ध्यान दिनुपर्दछ। उपभोगमा आधारित अनुदान र आर्थिक सहायता दिने परिपाटी अन्य गरिनुपर्दछ । अनुदान उपयोगको सम्बन्धमा अनुगमन तथा मूल्याङ्कन गर्नुपर्दछ ।
- अनुदानको लाभग्राही छनौटको स्पष्ट आधार निर्धारण गरी पारदर्शी तवरले छनौट गरिनुपर्दछ । एउटै लाभग्राहीलाई पटक पटक अनुदान दिने बिभिन्न निकायले सोही प्रयोजनको लागि अनुदान दिने र लाभग्राहीको लागत सहभागिता नहुने गरी अनुदान दिने परिपाटी अन्त्य गरिनुपर्दछ । निजी व्यवसायीलाई प्रदान गरिने अनुदानबाट सर्वसाधारणले लाभ लिनसक्ने व्यवस्था हुनुपर्दछ ।
- नेपाल सरकारले प्रदेश सरकार तथा स्थानीय सरकारबाट सञ्चालन गरिनुपर्ने कुनै राष्ट्रय नीति, योजना तथा कार्यक्रम निश्चित प्राथमिकताका आधारमा प्रदेश तथा स्थानीय सरकारमार्फत लागू गराउनै पर्ने कार्यक्रमहरूलाई मात्र अनुदानको उपयोग गरिनुपर्दछ ।

१५.८ राजस्व व्यवस्थापन तथा दायरा विस्तार

- आयातमा आधारित राजस्वको हिस्सा अधिक रहेकोले आन्तरिक राजस्वका क्षेत्रहरू विस्तारमा बढी ध्यान दिनुपर्दछ । एकीकृत कर तथा गैर संहिता तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।
- आर्थिक ऐनले दिएको राजस्व छुटबाट गुमेको राजस्वको रकमगत प्रतिवेदन संसदमा पेस गर्ने अन्तर्राष्ट्रिय अभ्यासको अनुसरण गर्नुपर्दछ । विशेष ऐन, नियम, आदेश वा ऋण अनुदान सहायता सम्झौताअन्तर्गत राजस्व छुट दिएकोमा तोकिएको शर्त अनुसार सदुपयोग भएको सुनिश्चित हुन अनुगमन गर्नुपर्दछ । यसरी दिइने समग्र राजस्व छुटबाट गुमेको राजस्वको रकम, सो छुटबाट अपेक्षा गरिएको उपलब्धि प्राप्तिलाई संसदमा पेस गर्ने व्यवस्था गर्नुपर्दछ ।

- गैरकर राजस्वलाई लागत प्रभावी बनाई सेवाप्रवाह, लागत, सुविधा, प्रविधिको उपयोग र समयसमेतलाई ध्यान दिई समयानुकूल पुनरावलोकन गर्नुपर्दछ ।
- कानुनी व्यवस्था कार्यन्वयन गरी राजस्व वक्यौता असुली गर्नुपर्दछ । बक्यौता नतिर्नेहरूलाई पछिल्ला वर्षमा छुट सुविधा दिने परिपाटीलाई अन्त्य गरिनु पर्दछ ।
- भन्सारमा मालवस्तुको घोषणा, वर्गीकरण र मूल्याङ्कनलाई यथार्थपरक र कारोबार मूल्यमा आधारित बनाउन अन्तर्देशीय भन्सार प्रशासनसँग विद्युतीय सूचना आदानप्रदान गर्ने एवं भन्सार दरबन्दी व्याख्यालाई थप स्पष्ट गर्नुपर्दछ ।
- सामाजिक संजाल, सोसियल मिडिया, भर्चुअल मिटिङ्ग प्लेटफर्म, अनलाइन व्यवसायलगायत भौगोलिक सीमाविहीन स्वरूपले हुने विद्युतीय कारोबारलाई कानुनी दायरामा ल्याउनुपर्दछ ।
- जोखिमका आधारमा करपरीक्षण गर्ने पद्धतिलाई सुदृढीकरण गरिनुपर्दछ ।
- राजस्व प्रशासनमा संलग्न जनशक्तिको क्षमता विकास, जोखिम सूचकको आधारमा समकक्षी पुनरावलोकन हुने पद्धतिको अवलम्बन गरी सही कर निर्धारण (Right Taxation) को अवधारणा कार्यान्वयनमा ल्याउनुपर्दछ।
- करदाताको तर्फबाट आय विवरण प्रमाणीकरण गर्ने लेखापरीक्षकले न्यूनतमरूपमा परीक्षण गरी प्रमाणित गर्नुपर्ने विषय निर्धारण गरी सो को पालना नगर्ने लेखापरीक्षकलाई कारबाही गर्ने व्यवस्था हुनुपर्दछ ।
- वर्तमान सूचना प्रविधि प्रणालीमा सुधार गरी आन्तरिक राजस्वतर्फको आर्थिक विवरण स्वचालितरूपमा तयार हुने र बक्यौता असुलीलगायतका विवरणहरू स्वचालितरूपमा भिडान हुने, करपरीक्षण प्रतिवेदनको अपलोड हुने, सूचना प्रविधिमा आधारित एकीकृत कर प्रणाली र राजस्व व्यवस्थापन सूचना प्रणालीका सूचना एक आपसमा भिडान हुने व्यवस्था गर्नुपर्दछ ।
- सूचना प्रविधिको अधिकतम सुविधा प्रयोग गर्दै करदातालाई विद्युतीय माध्यमबाट सेवा प्रवाह गर्ने फेसलेस कर प्रणालीको विकास गर्नुपर्दछ । साथै अनुसन्धान एवं कर विवरणको नियमित अनुगमन कर परीक्षणमा कृत्रिम बौद्धिकताको प्रयोग गर्नुपर्दछ ।
- करदाताहरूले जारी गरेको बिलिङ्गमा अनलाइनबाटै विभागको पहुँच पुऱ्याउने उद्देश्यले कार्यान्वयनमा ल्याइएको केन्द्रीय बीजक अनुगमन प्रणालीलाई सबै करदातालाई लागू गर्नुपर्दछ । साथै बजार अनुगमनलाई प्रभावकारी बनाउनुपर्दछ ।
- भन्सारमा हुने न्यून मूल्याङ्कन, घर जग्गाको खरिद बिक्रीमा हुने मूल्याङ्कन, बजारमा वस्तु तथा सेवा बिक्री वितरणमा हुने न्यून बीजकीकरण र घर जग्गा बहालमा हुने न्यून आय घोषणालाई निरुत्साहन गर्न सम्बद्ध सबै निकायसँगको सूचना आदनप्रदान गर्ने र बजारको अनुगमनलाई प्रभावकारी बनाउनुपर्दछ ।
- उद्योग, व्यापार, पेशा, व्यवसाय, संस्था दर्ता गर्ने, नियमनकारी निकायहरू र कर प्रशासनबीच विद्युतीय माध्यमबाट सूचना प्राप्त गरी कर सूचना सञ्जाल स्थापना गर्नुपर्दछ।
- कर निर्धारणसम्बन्धी विवादलाई समयमै निरूपण तथा समाधान गर्ने सम्बन्धमा अध्ययन गरी आवश्यकता र असल अभ्यास मेत विचार गरी उपयुक्त कानुनी र संरचनागत व्यवस्था गर्नुपर्दछ ।
- सम्बद्ध पक्षहरू बीच मूल्य हस्तान्तरण (ट्रान्सफर प्राइसिङ्ग), आयको खण्डीकरण र कर मुक्ति योजनाको प्रबन्ध हुने कार्यलाई रोकथाम गरी आर्म्स लेन्थ सिद्धान्तअनुरूप सही करारोपणका लागि विदेशी निकायबाट सूचना आदान प्रदान गर्न अन्तर्राष्ट्रिय संघ संस्थाहरूसंग समन्वय र सहकार्य गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

- राजस्व सङ्कलनमा प्रभावकारिता ल्याउन कर सहभागिता तथा कर सेवामा अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्नुपर्दछ । राजस्व चुहावट नियन्त्रण गर्न अन्तर निकाय सूचना आदानप्रदान तथा समन्वयमा जोड दिई संगठनात्मक तथा अनुसन्धानात्मक क्षमता वृद्धि गर्नु आवश्यक देखिन्छ ।

१५.९ सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग

- संघ, प्रदेश र स्थानीय तह तथा अन्य सार्वजनिक निकायको एकीकृत र जिल्लागत सार्वजनिक सम्पत्तिको अभिलेख अद्यावधिक गरिनुपर्दछ । सार्वजनिक सम्पत्ति सूचना प्रणालीमा सबै सम्पत्तिको अभिलेख प्रविष्टि गरी एकीकृत सम्पत्ति विवरण तयार गरी सार्वजनिक गर्नुपर्दछ ।
- सरकारी जग्गालगायत प्राकृतिक स्रोत साधनहरू विभिन्न व्यक्ति वा संस्थालाई उपयोग वा भोग गर्न दिने, नदीजन्य तथा खानीजन्य पदार्थहरूको उत्खनन्, सङ्कलन तथा निकासी गर्ने लगायतको प्राकृतिक स्रोतको उपयोगसम्बन्धी काम कारबाहीलाई व्यवस्थित गर्न मापदण्ड तयार गरी सोको अभलेख समुचित उपयोग र प्रतिफल प्राप्त हुने व्यवस्थापन गर्नुपर्दछ ।
- सरकारी, सार्वजनिक निकाय एवं विश्वविद्यालयको स्वामित्वमा रहेका सार्वजनिक र गुठी जग्गाहरूबाट अतिक्रमण हटाई सम्बन्धित निकायको अधीन र उपयोगमा ल्याउनुपर्दछ ।
- सार्वजनिक मठ, मन्दिर, देवालय, गुम्बा, तीर्थस्थललगायत पुरातात्विक र धार्मिक स्थलहरूको अभिलेख, मर्मत सम्भार, उचित संरक्षण र उपयोग तथा धार्मिक स्थलमा दर्शनार्थीबाट चढाइने भेटीघाटी व्यवस्थापन, त्यसको अभिलेख र संरक्षणको व्यवस्थालाई प्रभावकारी बनाउनुपर्दछ ।
- सार्वजनिक प्रयोगको लागि अधिग्रहण गरिएका जग्गा जमिनको संरक्षण र प्रयोग उद्देश्यबमोजिम भए नभएको अनुगमन गरिनुपर्दछ ।
- वस्तुगत सहायताको रूपमा दाताहरूबाट प्राप्त भएका र उपहार स्वरूप प्राप्त भएका यन्त्र उपकरण सवारीसाधन लगायतका सम्पत्तिहरूको समयमै हस्तान्तरण प्राप्त गरी खरिद भएका अन्य सम्पत्ति सरह अभिलेख र व्यवस्थापन गर्नुपर्दछ।
- राष्ट्रिय महत्वका अभिलेख, फाइल, नक्सा, डिजाइन, सन्धि सम्झौतालगायतका ऐतिहासिक दस्तावेजहरूलाई डिजिटाइजेसनसमेत गरी सुरक्षित गर्ने र त्यस्ता कागजातहरूलाई दीर्घकालसम्म रहने गरी भौतिक रूपमै पनि सुरक्षित रहने गरी व्यवस्थापन गर्नुपर्दछ ।

१५.१० संस्थान व्यवस्थापन

- राज्य पुनर्संरचनाको सन्दर्भमा संस्थानले प्रदान गर्ने सेवा, प्रतिष्पर्धात्मक क्षमता, सञ्चालन लागत एवं सान्दर्भिकता विश्लेषण गरी सञ्चालनमा रहेका संस्थानलाई खारेज गर्ने, गाभ्ने सञ्चालनको प्रारूप परिवर्तन गर्ने लगायतका विकल्पबारे विचार गर्नुपर्दछ ।
- संस्थानमा सरकारले गरेको शेयर तथा ऋण लगानी, व्याज तथा लाभांश प्राप्तिको लेखाङ्कनलाई नियमित भिडान गरी अद्यावधिक गर्नुपर्दछ ।वित्तीय योजना तयार गरी नेपाल सरकारलाई तिर्नुपर्ने ऋणको साँवा ब्याज चुक्ता गर्नुपर्दछ ।
- संस्थानलाई प्रभावकारी रूपमा सञ्चालन र व्यवस्थापन गर्न सञ्चालन र व्यवस्थापनसम्बन्धी कानुन तर्जुमा गरिनुपर्दछ । संस्थाहरूको सञ्चालक समितिमा व्यावसायिक दक्षता भएका विशेषज्ञलाई जिम्मेवारी दिने र ती संस्थाका कार्यकारी प्रमुखको नियुक्तिमा व्यावसायिक कार्य योजनाको आधारमा नियुक्ति गरी सोको पालनाको मापन गरी निरन्तरता दिने नदिने व्यवस्था मिलाउनुपर्दछ ।

- संस्थानमा आर्थिक अनुशासन कायम गर्न नेपाल वित्तीय प्रतिवेदन मान कार्यान्वयन गरिनुपर्दछ । आन्तरिक नियन्त्रणलाई प्रभावकारी बनाई समयमै अन्तिम लेखापरीक्षण सम्पन्न गर्नुपर्ने व्यवस्थालाई कडाइका साथ कार्यान्वयन गर्ने र लेखापरीक्षणबाट देखिएका ब्यहोरा कार्यान्वयन गर्ने व्यवस्था मिलाउनुपर्दछ।
- सरकारको ठूलो लगानी रहेका नेपाल विद्युत प्राधिकरण, नेपाल नागरिक उड्डयन प्राधिकरण, नेपाल टेलिकम, नेपाल बायुसेवा निगमलगायतका संस्थानमा सुधारका लागि विशेष कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्दछ।
- सार्वजनिक संस्थानको स्वामित्वमा भएका जग्गा, जमिन, भवनलगायतका सम्पत्तिको अभिलेख राख्ने, प्रतिवेदन तयार गर्ने र उपयोग तथा संरक्षणको उचित व्यवस्था गर्नुपर्दछ ।
- संस्थानको कार्यालय सञ्चालन खर्च, सवारी साधन खरिद तथा उपयोग, कर्मचारी तथा पदाधिकारीको सुविधा लगायतका खर्चहरू वान्छित सीमाभित्र राख्न उपयुक्त नियन्त्रणको व्यवस्था गर्नुपर्दछ ।
- निजीकरण गरिएका संस्थानमा लामो समयदेखि समाधान हुन नसकेका विवाद निरूपण गर्नुपर्दछ । निजीकरण गरिएका संस्थानको सम्झौतामा उल्लिखित प्रावधान कार्यान्वयन अनुगमन गर्नुपर्दछ । खारेज भएका वा चालु अवस्थामा नरहेका संस्थानको मेसिनरी औजार, जग्गा, भवन, तथा अन्य उपकरणहरूको लगत लिई सम्पत्ति व्यवस्थापन गरिनुपर्दछ ।

१५.११ नियमित सेवा प्रवाह

- सेवा प्रवाहको समय, दूरी र लागत घटाउने तथा त्यस्तो सेवा प्रवाहलाई सुरक्षित, भरपर्दो र दिगो बनाउन सेवा प्रवाहमा संलग्न निकायहरूको सेवालाई विद्युतीय तथा मोबाइल गभरनेन्ससँग आवद्ध गर्नुपर्दछ । शासनको अवधारणा अनुरूप एकल सेवा विन्दुबाट कागजरहित सेवा प्रवाह गर्नुपर्दछ ।
- निजी, सामुदायिक र गैरसरकारी क्षेत्रले सेवा प्रवाहमा अवलम्बन गरेका उदाहरणीय कार्य, पद्धति, विधि र तरिकालाई सार्वजनिक निकायमा भित्र्याउन अध्ययन तथा अनुसन्धानमा जोड दिई ती क्षेत्रसँग सहकार्य गर्नुपर्दछ ।
- क्षतिपूर्तिसहितको नागरिक बडापत्र राखी सोबमोजिम सार्वजनिक निकायले सेवाप्रवाह गरे नगरेको, समयमै सेवा प्रवाह नगरेकोमा सेवाग्राहीलाई क्षतिपूर्ति दिने व्यवस्था लागू भए नभएको सम्बन्धमा प्रभावकारी अनुगमन हुनुपर्दछ ।सार्वजनिक सुनुवाइ र सेवाग्राही सन्तुष्टि सर्वेक्षण गरी प्राप्त सुझावहरू लागू गर्नुपर्दछ।
- सार्वजनिक परीक्षण, सामाजिक परिक्षण, सार्वजनिक सुनुवाइका, माध्यमबाट सेवा प्रवाहका सम्बन्धमा पृष्ठपोषण लिई सेवाको गुणस्तर मापदण्ड निर्धारण गरी लागू गर्नुपर्दछ ।
- सेवाग्राहीको प्रकृति, संख्या, अवस्थितिलगायतका तथ्याङ्कलाई एकीकृत गरी सेवा प्रवाह गर्नुपर्दछ । आवश्यकताअनुसार चक्रीय समय प्रणाली, टोकन प्रणाली, लेआउट व्यवस्थापन, गुनासो सुनुवाइको व्यवस्था र हेल्पडेस्क प्रणाली लगायतका विधि कार्यान्वयनमा ल्याउनुपर्दछ ।
- सेवा प्रवाहसम्बन्धी कार्यविधिलाई सर्वसाधारणले बुझ्ने किसिमको बनाउनुपर्छ। संलग्न गर्नुपर्ने कागजातको संख्या घटाउनुपर्दछ । सरकारी निकायमा पटकपटक एउटै कागजात बुझाउनुपर्ने अवस्थालाई हटाउन सरकारी निकायबीच एकीकृत सेवाग्राहीको विवरण सूचना प्रयोग गर्ने व्यवस्था गर्नुपर्दछ ।
- सेवा वापत सेवाग्राहीले बुझाउनुपर्ने रकम र बुझाउने तरिका पारदर्शी बनाउनुपर्दछ । सरकारको दायित्वलाई आत्मसात् गर्दै सेवाग्राहीलाई आर्थिक भार नपर्ने गरी सेवा शुल्क निर्धारण गरिनुपर्दछ ।

- सेवा प्रवाहलाई प्रभावकारी बनाउन गुनासो सुनुवाइ व्यवस्थापनमा सामाजिक सञ्जाल र विद्युतीय माध्यमको प्रयोग गर्ने, तालुक निकाय तथा नियामक निकाय र स्वतन्त्र निकायबाट अनुगमन मूल्याङ्कन प्रणालीलाई प्रयोग गरी गुनासो सुनुवाइको विश्वसनीयता वृद्धि गर्ने तथा संलग्न पदाधिकारी र जनशक्तिलाई सेवाग्राहीप्रति उत्तरदायी र जवाफदेही हुनुपर्ने व्यवस्था गर्नुपर्दछ ।

१५.१२ आकस्मिक सेवा प्रवाह

- महामारीलगायतका प्राकृतिक प्रकोप वा गैरप्राकृतिक विपदबाट मानवीय, सामाजिक तथा आर्थिक पक्षमा पार्ने असर र प्रभावको जोखिम पहिचान, आँकलन तथा लेखाजोखा र नक्साङ्कन गरी समयमा पूर्व सूचना प्रवाह गर्ने तथा पूर्व तयारीका कार्यहरू गरिनुपर्दछ ।
- कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा उपचारको लागि कोभिड परीक्षण, क्वारेन्टिन तथा आइसोलेसनको कार्यलाई प्रभावकारी वनाउनुपर्छ । औषधि तथा मेडिकल उपकरण, भेन्टिलेटर, आईसीयू तथा अक्सिजनको सहज आपूर्ति व्यवस्था मिलाउनुपर्छ । सबै नागरिकहरूलाई समयवद्धरूपमा खोपको व्यवस्था गर्नुपर्दछ ।
- कोभिड-१९ को व्यवस्थापनमा भएको सबै खर्चको विवरण सार्वजनिक गरिनुपर्दछ । संघ, प्रदेश तथा स्थानियतह बीचको सहकार्यमा अभिवृद्धि गर्नुपर्दछ ।
- महामारी, संकट, आपतकालीन अवस्था, प्राकृतिक प्रकोप एवं विपदलगायतका विशेष परिस्थितिमा गरिने खरिदका लागि छुट्टै कार्यविधि तयार गर्नुपर्दछ ।
- विपद् व्यवस्थापनका कार्य प्रभावकारीरूपमा सञ्चालन गर्न संघ, प्रदेश र स्थानीय तहमा सरकारी, निजी र गैरसरकारी संस्थाबीच सहकार्य र समन्वय गर्न आवश्यक व्यवस्था गर्नुपर्दछ । विपदको राहत उद्धार पुनर्स्थापन तथा पुनर्निर्माण प्रयोजनको लागि सहायता परिचालन गर्न एकद्वार नीति अवलम्बन गर्नुपर्दछ।
- विपद् व्यवस्थापनका लागि कानुनमा व्यवस्था गरिएका कोषलाई परिचालन गरी अन्य कोष खडा गर्ने कार्यलाई रोक्नुपर्दछ ।

१५.१३ सूचना प्रविधिको उपयोग

- सार्वजनिक सेवाहरूलाई सर्वसुलभ, भरपर्दो, विश्वसनीय र कम खर्चिलो बनाउन सूचना प्रविधिको उपयोगमा जोड दिनुपर्दछ । सरकारी निकायहरूले प्रयोगमा ल्याएका सूचना प्रणालीहरूको अभिलेख राखे, प्रणालीलाई एकीकृत गरी नियामक निकाय र अन्य सम्वन्धित निकायहरूको सूचनामा पहुँच हुने तथा सूचना आदानप्रदान गर्न सक्ने प्रणालीको विकास गर्नुपर्दछ ।
- विद्युतीय र डिजिटल कारोबार सञ्चालनलाई व्यवस्थित र विश्वसनीय बनाउन उपयुक्त कानुनी व्यवस्थाको तर्जुमाका साथै विद्युतीय हस्ताक्षर सम्बन्धी व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।
- सरकारी निकायले छुट्टाछुट्टै डाटा सेन्टर सञ्चालन गर्ने कार्य आर्थिक, प्राविधिक एवं सुरक्षाको दृष्टिकोणले समेत चुनौतीपूर्ण देखिएकाले सरकारी एकीकृत डाटा सेन्टरलाई अन्तर्राष्ट्रिय मापदण्डअनुरूप विकास गरी सबै सरकारी निकायले प्रयोग गर्ने अनिबार्य व्यवस्था मिलाउनुपर्दछ । साथै डाटा सेन्टरलाई क्लाउड कम्प्युटिङको अबधारणाअनुरूप सञ्चालनमा ल्याउनुपर्दछ ।

१५.१४ जनशक्ति व्यवस्थापन

- प्रदेश र स्थानीय तहमा दरबन्दीबमोजिम जनशक्तिको पदपूर्ति समयमा हुन नसक्दा सेवा प्रवाहका कार्यमा असर परेको छ । तसर्थ दरबन्दी पुनरावलोकन गरी दरबन्दीअनुसार पदपूर्ति गर्ने व्यवस्था मिलाउनुपर्दछ।

- निजामती सेवाभित्रका सेवा समूहबीच वृत्ति विकासमा सामञ्जस्यता कायम गर्ने, सरुवा तथा बढुवालाई अनुमानयोग्य बनाउने र नेतृत्व क्षमता मूल्याङ्कन गरी बिभागीय प्रमुख तथा आयोजना प्रमुखलगायतको जिम्मेवारी दिने व्यवस्था अवलम्बन गर्नुपर्दछ ।
- सार्वजनिक सेवामा प्रतिभावान व्यक्तिहरूलाई आकर्षण गर्न आवश्यक व्यवस्था गर्नुपर्दछ । अन्तराष्ट्रियस्तरमा प्रभावकारी तवरले प्रस्तुत हुन सक्ने ज्ञान, सीप, क्षमताको विकास गर्ने र वैदेशिक अध्ययन तालिमबाट प्राप्त ज्ञान सीप क्षमताको उपयोग गर्ने व्यवस्था मिलाउनुपर्दछ ।
- निजामती कर्मचारीको विषय क्षेत्रगत ज्ञान र सीपलाई अद्यावधिक गर्न निरन्तर तालिमको व्यवस्था गर्नुपर्दछ। सम्बन्धित विषयमा तोकिएको कार्य सम्पादन गर्न आवश्यकतानुसार केही वर्षको अन्तरालमा सीपको परीक्षण गर्ने व्यवस्था गर्नुपर्दछ ।
- अप्राविधिक सेवाअन्तर्गत पर्ने तर खास ज्ञान तथा सीप आवश्यक पर्ने सार्वजनिक खरिद, राजस्व प्रशासन, लेखा, लेखापरीक्षणमा काम गर्ने कर्मचारीको भर्ना हुन आवश्यक पर्ने शैक्षिक तथा पेशागत योग्यता तथा तालिम लगायतका क्षमता विकासका कार्यमा आवश्यक व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक संस्थान, आयोग, बोर्ड तथा प्रतिष्ठानको जनशक्ति आवश्यकता निर्धारण गरी दरबन्दी स्वीकृति गर्ने, भर्ना, पदस्थापन र वृत्ति विकासलाई पारदर्शी र वैज्ञानिक बनाइनुपर्दछ । निकायको खरिद, लेखाङ्कन तथा प्रतिवेदनमा आवश्यक पर्ने जनशक्तिको कमी र क्षमता अभावको कारण अभिलेख र प्रतिवेदन समयमा तयार नहुने जस्ता पक्षहरूमा सुधार गर्नुपर्दछ ।

१५.१५ लेखाङ्कन तथा प्रतिवेदन

- महालेखापरीक्षकबाट लेखापरिक्षण हुने सबै तहका सरकारी तथा अन्य निकायहरूले महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्दछ । सबै तहका सरकारी निकायबाट आम्दानी र खर्चको लेखाङ्कन गर्दा एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या प्रयोग गर्नुपर्दछ । यसका साथै कार्यात्मक वर्गीकरण, दिगो विकास लक्ष्य संकेत, लैंगिक उत्तरदायी बजेट संकेत, जलवायु परिवर्तन बजेट संकेतसमेतको आधारमा लेखाङ्कन गर्ने र विवरण तथा प्रतिवेदन प्रस्तुत गर्ने व्यवस्था गर्नुपर्दछ ।
- नेपाल सार्वजनिक क्षेत्र लेखामान (नेप्सास) लाई अन्तर्राष्ट्रिय सार्वजनिक क्षेत्र लेखामान (इप्सास) मा भएको परिवर्तनबमोजिम अद्यावधिक गर्नुपर्दछ । नेपाल सरकारको नगदमा आधारित लेखा प्रणालीलाई सुधार गरी प्रोदभावी आधारको लेखा प्रणालीमा रुपान्तरण गर्ने कार्ययोजना तयार गरी लागू गर्नुपर्दछ ।
- तीनवटै तहका सरकार र अन्तर्गतका बजेटरी तथा गैरबजेटरी निकायहरूको कारोबारलाई समेटी एकीकृत वित्तीय विवरण तयार गर्नुपर्दछ ।
- सरकारी कार्यालयको लेखाङ्कनका लागि प्रयोगमा रहेको कम्प्युटरमा आधारित एकीकृत सरकारी लेखाप्रणाली (सिग्यास) लाई पूर्ण कार्यान्वयनमा ल्याई लेखाका आधारभूत विवरण स्वचालित रूपमा तयार हुने व्यवस्था गर्नुपर्दछ । लेखासम्बन्धी कागजात सो प्रणालीमा अपलोड हुने व्यवस्था मिलाई कागजरहित लेखाप्रणालीको शुरुवात गरिनुपर्दछ ।
- सरकारी सम्पत्ति तथा जायजेथाको विवरण एकीकृत गरी लेखाङ्कन तथा प्रतिवेदन प्रणालीको पूर्ण कार्यान्वयन हुनुपर्दछ । बहुवर्षीय आयोजनाबाट वा अन्य तरिकाबाट सिर्जना हुने दायित्व तथा प्रतिवद्धताको लेखा राख्ने व्यवस्था गर्नुपर्दछ । साथै सरकार जमानत बसेको ऋणको समेत लेखाङ्कन गरी खुलासा गर्ने व्यवस्था हुनुपर्दछ ।

- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम बाँडफाँट हुने राजस्व तथा प्राकृतिक स्रोतबाट प्राप्त हुने रकमका लागि खडा गरिएका विभाज्य कोषमा जम्मा हुने रकम तोकिएको समयमै सबै तहमा बाँडफाँट गर्नुपर्दछ ।
- नेपालमा सार्वजनिक क्षेत्रमा सार्वजनिक बित्त सम्बन्धी दक्ष जनशक्तिको व्यवस्था गर्न वित्त व्यवस्थापन विज्ञ प्रमाणीकरण गर्ने तथा आर्थिक प्रशासनका जनशक्तिको क्षमता अभिवृद्धि गर्न उपयुक्त संरचना तथा नियमनको व्यवस्था मिलाउनुपर्दछ ।
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले तोकेको उत्तरदायी तहहरूले एकीकृत वित्तीय विवरण अर्थ मन्त्रालयबाट प्रमाणित गर्नुपर्दछ । वित्तीय विवरण प्रकाशन गर्दा महालेखापरीक्षकको प्रतिवेदन र प्रमाणित वित्तीय विवरणहरूसंलग्न गरी प्रकाशन गर्नुपर्दछ ।
- वित्तीय हस्तान्तरण अन्तर्गत अनुदान निकासा गर्दा खर्च लेखाङ्कन भए पनि खर्च रकम यथार्थपरक नहुने अवस्था छ । तीन तहका सरकारबीच वित्तीय हस्तान्तरणबाट हुनसक्ने आम्दानी खर्चको दोहोरो लेखाङ्कन हटाउन तथा समग्र सरकारको आम्दानी र खर्चको तथ्याङ्क तयार पार्न आवश्यक छ।

१५.१६ आन्तरिक नियन्त्रण प्रणाली

- सबै तहका सार्वजनिक निकाय र संगठित संस्थाहरूले उद्देश्यहरू प्राप्त गर्ने क्रममा आईपर्न सक्ने जोखिमको पहिचान गर्ने, आँकलन गर्ने, तिनको विश्लेषण गरी प्राथमिकताको आधारमा ती विषयलाई व्यवस्थापन गर्न आवश्यक आन्तरिक नियन्त्रण प्रणालीको विकास गरी लागू गर्नुपर्दछ ।
- सबै तहका सार्वजनिक जवाफदेहीको पदमा बहाल पदाधिकारीहरूका लागि प्रचलित ऐन कानुनमा उल्लेख भएका आचरण, कार्यालयको प्रकृतिअनुरूपको आचारसंहिता सोको कडाइका साथ परिपालना एवं अनुगमन गर्ने व्यवस्था मिलाउनुपर्दछ । खास गरी त्यस्ता पदाधिकारीको स्वार्थ बाझिने क्रियाकलापको पहिचान गर्ने, अभिलेख खडा गर्ने, त्यस्ता स्वार्थ बाझिने क्रियाकलापमा संलग्न हुन नपाउने र त्यस्ता क्रियाकलापमा संलग्नता भए नभएको अनुगमन गर्ने व्यवस्था गर्नुपर्दछ ।
- कानुनी वा अन्य तरिकाबाट तोकिएको आन्तरिक प्रशासन तथा वित्तीय प्रशासनको जिम्मेवारी र जवाफदेहिता पालना भए नभएकोबारे निरन्तर तथा आवधिक अनुगमन तथा मूल्याङ्कन गर्ने र आवश्यकताअनुसार दण्ड तथा पुरस्कार गर्ने प्रणाली विकास गर्नुपर्दछ ।
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ बमोजिमको आन्तरिक नियन्त्रण तथा लेखापरीक्षण समितिलाई सक्रिय बनाउनुपर्दछ । साथै अन्तर्राष्ट्रिय असल अभ्याससमेत विचार गरी यस किसिमको समितिमा कार्यसञ्चालन तहका पदाधिकारीको सट्टा निकायको शासकीय जिम्मेवारीको भूमिकामा रहने पदाधिकारीहरू रहने व्यवस्था गर्न संरचनामा आवश्यक सुधार गर्नुपर्दछ ।
- उच्च पदस्थ पदाधिकारीहरूलाई निजको वित्तीय जिम्मेवारी, उत्तरदायित्व र जवाफदेहितावारेको कानुनी तथा प्रशासनिक ज्ञान अभिवृद्धि गर्न सो सम्वन्धी ज्ञान प्रदान गर्ने तथा जानकारी गराउने उपयुक्त व्यवस्था गर्नुपर्दछ।
- केन्द्रीय निकायहरूले मातहत निकायको नियमित अनुगमन तथा सुपरिवेक्षण गरी सेवा प्रवाह, विकास निर्माण तथा अन्य काममा देखिएको त्रुटि वा कमजोरी तत्काल सुधार गर्न निर्देशन दिने र सोको अभलेख राख्नुपर्दछ । हिनामिना वा लापरवाही गरेको देखिएमा प्रचलित कानुनबमोजिम कारबाहीसमेत गर्नुपर्दछ।

१५.१७ आन्तरिक लेखापरीक्षण

- आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउन अन्तर्राष्ट्रिय असल अभ्याससमेतको आधारमा व्यवस्थापकीय तथा सञ्चालनगत जिम्मेवारीबाट स्वतन्त्र राख्न संरचनागत सुधार गर्नुपर्दछ ।
- आन्तरिक लेखापरीक्षण मानदण्ड एवं निर्देशिकाको प्रभावकारी कार्यान्वयन गर्ने, कर्मचारीको क्षमता विकास गर्ने, लेखापरीक्षण कार्यको अनुगमन निरीक्षण एवं सुपरिवेक्षण गर्ने, लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका विषयहरू आन्तरिक नियन्त्रण तथा लेखापरीक्षण समितिमा छलफल गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ मा तोकिएबमोजिम समयमै फर्स्यौट गर्ने व्यवस्था मिलाउनुपर्दछ ।
- आन्तरिक लेखापरीक्षण कार्य कारोबारगत लेखाको जाँचमा मात्र सीमित नरही निकायको जोखिम व्यवस्थापन, आन्तरिक नियन्त्रण प्रणाली र शासकीय प्रवन्धका विषयहरूको मूल्याङ्कनसमेत गर्ने गरी सुधार गर्नुपर्दछ ।
- स्थानीय तहलगायत विश्वविद्यालय, समिति, बोर्ड, संगठित संस्थालगायत सार्वजनिक निकाय प्रभावकारी आन्तरिक लेखापरीक्षणको व्यवस्था गर्नुपर्दछ ।
- आन्तरिक लेखापरीक्षणको प्रभावकारिता अभिवृद्धि गर्दै अन्तिम लेखापरीक्षण र आन्तरिक लेखापरीक्षणको बीचको समन्वय बढाउनुपर्दछ । अन्य मुलुकको असल अभ्याससमेत विचार गरी महालेखापरीक्षकले आन्तरिक लेखापरीक्षकमार्फत् कार्यहरू सम्पादन गराउन सक्ने कानुनी व्यवस्था गरिनुपर्दछ ।

१५.१८ अन्तिम लेखापरीक्षण

- लेखापरीक्षण प्रक्रिया सरल, छरितो, मितव्ययी, दक्ष र प्रभावकारी बनाउन सूचना प्रविधिको उच्चतम प्रयोग गरी सबै लेखापरीक्षण प्रकृयालाई डिजिटलाइज्ड गरी कागजरहित लेखापरीक्षणको अवधारणा कार्यान्वयन गर्नुपर्दछ । साथै कार्यस्थलमै गई भौतिक कागजात जाँच गर्ने अवस्थामा सुधार गर्दै सम्बन्धित निकायको सूचना प्रविधिमा पहुँच स्थापना गरेर दूर लेखापरीक्षण (रिमोट अडिट) गर्नुपर्दछ । सूचना तथा प्रमाण सङ्कलन र जोखिमयुक्त एवं अनियमितताका विषयहरू लेखापरीक्षण टोलीलाई जानकारी गराउने सन्दर्भमा मोबाइल एप तयार गरी कार्यान्वयनमा ल्याउनुपर्दछ ।
- जोखिममा आधारित लेखापरीक्षणको अवधारणाको प्रभावकारी कार्यान्वयन गर्ने, कार्यमूलक लेखापरीक्षणको दायरा विस्तार गर्नुपर्दछ ।
- वित्तीय र परिपालना लेखापरीक्षणको अतिरिक्त सामयिक लेखापरीक्षण, विपद् तथा महामारीको लेखापरीक्षण, वातावरणीय लेखापरीक्षण, दिगो विकासलगायत अन्य समसामयिक र नवीन घटनाहरूको विशेष लेखापरीक्षण गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।
- लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न लेखापरीक्षणमा संलग्न हुने कर्मचारीको क्षमता विकासका लागि आवश्यक स्रोतको व्यवस्था गर्नुपर्दछ । लेखापरीक्षणमा पेशागत विशेषज्ञहरूको संलग्नता बढाउने तथा प्राविधिक कार्यको गुणस्तर जाँच गर्न कार्यालयको आफ्नै ल्याबको व्यवस्था गर्नेतर्फ विचार गर्नुपर्ने अवस्था छ । यसका लागि लेखापरीक्षण अभिलेखालय तथा उत्कृष्टता केन्द्रको स्थापना भौतिक पूर्वाधारको व्यवस्था मिलाउनुपर्दछ ।
- विद्यमान संघीय संरचनाअनुरूप प्रदेश तहसम्म कार्यालयको भौगोलिक उपस्थितिको लागि कार्यालयको विद्यमान सांगठनिक संरचना विस्तार गर्नुपर्ने देखिन्छ । कार्य वातावरणमा सुधार ल्याउन आवश्यक पर्ने सूचना प्रविधिमैत्री भौतिक पूर्वाधारको व्यवस्था हुनुपर्दछ ।
- सम्परीक्षण (अनुगमन लेखापरीक्षण) कार्यलाई व्यवस्थित बनाउन आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व तथा लेखापरीक्षणसम्बन्धी कानुनी तथा संरचनागत सुधार गरी व्यवस्थित बनाउनु जरुरी

छ। कार्यमूलक तथा विशेष लेखापरीक्षणबाट दिइएका सुझावहरूको कार्यान्वयन अवस्थाबारे समेत अनुगमन लेखापरीक्षण गर्ने व्यवस्थामा थप सुधार गर्नुपर्ने देखिएको छ ।

- वित्तीय विवरण तथा लेखासम्बन्धी समयमा उपलब्ध नगराउने, तोकिएको ढाँचामा लेखा नराख्ने र लेखापरीक्षण नगराउनेलाई कारबाही गर्ने व्यवस्थाको कार्यान्वयन हुनुपर्दछ ।
- महालेखापरीक्षकबाट पेस हुने संघीय तथा प्रदेश सरकारको वार्षिक प्रतिवेदन तथा स्थानीय तहको लेखापरीक्षण प्रतिवेदन समयमै सम्बन्धित व्यवस्थापकीय अंगमा पेस गर्ने र समयमानै छलफल हुने व्यवस्था गर्नुपर्दछ । स्थानीय तहको बेरुजू फर्स्यौंट गर्ने सम्बन्धमा उपयुक्त विधि र संयन्त्र तय गर्नुपर्ने देखिन्छ ।
- लेखापरीक्षण ऐन, २०७५ को दफा १६ मा महालेखापरीक्षकद्वारा जारी मानदण्ड, नीति, निर्देशन, निर्देशिका तथा लेखापरीक्षण योजनाबमोजिम सम्पन्न गरेको लेखापरीक्षण कार्यबाट हुन गएको क्षति वा त्रुटिको लागि महालेखापरीक्षकको कार्यालयका कर्मचारी व्यक्तिगतरूपमा जिम्मेवार नहुने व्यवस्था छ। लेखापरीक्षण मानदण्ड, निर्देशिकाको आधारमा लेखापरीक्षण गर्दा पहिचान हुन नसकेका त्रुटि वा कमजोरीका विषयमा लेखापरीक्षण ऐन, २०७५ को दफा १४ बमोजिम समकक्षी पुनरावलोकन बाहेक लेखापरीक्षणको पुनरावलोकन गर्न नसिकने व्यवस्थाबारे आम सरोकारवालालाई जानकारी गराउने लगायतका विषयमा आवश्यक समन्वय गर्नुपर्ने अवस्था छ । साथै लेखापरीक्षणमा संलग्न हुने कर्मचारीबाट आर्थिक अनुशासन पालना भए नभएको सम्बन्धमा नियमित अनुगमन गरी अनुशासन पालना गर्न गराउन थप प्रयास गर्नुपर्ने देखिएको छ ।
- लेखापरीक्षणको विश्वसनीयता तथा प्रभावकारिता अभिवृद्धि गर्न सम्पादन गरिने लेखापरीक्षण तथा अन्य कार्यहरूमा नागरिक र सरोकारवालाको संलग्नतालाई बढाउनुपर्दछ । नागरिक तथा नागरिक समाजका संस्थाहरूसँग सहकार्य गर्दै प्रमाण सङ्कलन र लेखापरीक्षण नतिजाको सम्प्रेषण एवं अनुगमनमा यस्ता संस्थाको उपयोग गर्नुपर्दछ ।
- सरकारी निकायले लेखापरीक्षण सन्दर्भमा माग भएका सूचना समयमा नै उपलब्ध गराउने र लेखापरीक्षणको समयमा उपस्थित भई छलफल भाग लिई बेरुजू हुन नदिने र भएमा पनि तोकिएको समयमा फर्स्यौंट गरी आर्थिक अनुशासन कायम गर्न सहयोग गर्नुपर्दछ ।
- सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय संगठनको लिमा तथा मेक्सिको घोषणा र विभिन्न समयमा संयुक्त राष्ट्रसंघको महासभाले पारित गरेका प्रस्ताव अनुसार महालेखापरीक्षकलाई वित्तीय एवं प्रशासनिक र कार्यात्मक स्वतन्त्रता कायम गर्न आवश्यक स्रोत साधन उपलब्ध हुने व्यवस्था गर्नुपर्दछ ।

१५.१९ नियमन व्यवस्था

- नेपाल राष्ट्र बैङ्क, धितोपत्र बोर्ड, सहकारी विभाग, बीमा समिति, नागरिक उड्डयन प्राधिकरण, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था, कम्पनी रजिष्ट्रार कार्यालयलगायतका खाद्यान्न, पेय पदार्थ, औषधिको गुणस्तर नियन्त्रणको जिम्मेवारीमा रहेका नियमनकारी निकायहरूको दक्षता अभिवृद्धि गरी नियमनकारी भूमिकालाई प्रभावकारी बनाउनुपर्दछ । नियमनकारी निकायहरूको काममा प्रभावकारिता ल्याउन अन्तर निकाय समन्वय र कार्यात्मक स्वतन्त्रतामा ध्यान दिनुपर्ने देखिएको छ ।
- अपराध अनुसन्धान, भ्रष्टाचार तथा जालसाजी, सम्पत्ति शुद्धीकरण, राजस्व तथा कर छलीका विषयमा अनुसन्धान गरी मुद्दा दायर गर्ने सरकारी नियमनकारी निकायहरूको क्षमता अभिवृद्धि गरिनुपर्दछ ।
- कुनै वस्तुको तोकिएको भन्दा बढी मुनाफा लिई बिक्री वितरण गर्ने, बजारमा न्यून गुणस्तरीय, कम तौल तथा म्याद नाघेका वस्तु तथा सेवा आपूर्ति हुने, अत्यावश्यक वस्तुको कृत्रिम अभाव सिर्जना गर्ने, मूल्य

वृद्धि गर्ने, अभावको बेलामा ग्याँसलगायतका पेट्रोलियम पदार्थको विक्री वितरणमा अवरोध र असमान व्यवहार गर्ने, लुकाउने लगायतका समस्या समाधान गर्न सम्बद्ध निकायको समन्वयमा बजार अनुगमन तथा कारबाही गर्ने व्यवस्थालाई प्रभावकारी बनाउनुपर्दछ ।

- सार्वजनिक खरिद वा सेवा प्रदायक निकायको त्रुटिपूर्ण कार्यबाट कुनै निकाय, उपभोक्ता वा सेवाग्राहीलाई कुनै किसिमको आर्थिक, भौतिक, शारीरिक वा अन्य किसिमको हानी नोक्सानी पुग्न गएमा त्यसको उचित क्षतिपूर्ति भरण गराउने व्यवस्था हुनुपर्दछ ।
- निःशुल्क कानुनी सहायता, पारस्परिक कानुनी सहायता तथा अदालतको अन्तिम फैसलाबाट भएका फैसलाबमोजिमका दण्ड, जरिवाना, कैद कार्यान्वयनमा प्रभावकारिता वृद्धि गरिनुपर्दछ ।
- विदेशी विश्वविद्यालयबाट सम्बन्धन प्राप्त नेपालमा सञ्चालित विश्वविद्यालय, सामुदायिक तथा संस्थागत विद्यालयहरूको अनुगमन प्रणाली सुदृढीकरण गरिनुपर्दछ ।
- निजी, सामुदियक तथा सरकारी अस्पतालबाट प्रवाह हुने सेवाको सर्वसुलभता र गुणस्तरको नियमित अनुगमन हुने व्यवस्था गर्नुपर्दछ । महामारीको बेलामा सामाजिक उत्तरदायित्व बहन नगरी सेवा प्रवाह नगर्ने वा चर्को शुल्क लिने जस्ता विकृति रोक्न कडा कानुनी व्यवस्था गरी कार्यान्वयन गर्नुपर्दछ ।
- स्वास्थ संस्था तथा औषधि र खाद्य सामग्रीको नियमन विभिन्न निकायबाट गरिँदा प्रभावकारी नभएको र खाद्य तथा औषधि एकआपसमा अन्तरसम्बन्धित मानव स्वास्थ्यमा असर पार्ने महत्वपूर्ण विषय भएकोले सोको नियमन गर्न अधिकार सम्पन्न खाद्य तथा औषधि नियमन प्राधिकरण खडा गर्ने व्यवस्था हुनुपर्दछ।

१५.२० संघीयता कार्यान्वयन गर्न वित्तीय व्वस्थापन

- नेपालको संविधानको अनुसूचीमा उल्लेख भएका एकल तथा साझा अधिकार सूचीअनुसारका कानुन निर्माण गरी कार्यान्वयन गर्नुपर्दछ ।
- संघ, प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाको वर्गीकरण तथा बाँडफाँट सम्बन्धी मापदण्ड, २०७६ अनुसार आयोजना कार्यान्वयन हुनुपर्दछ । अन्तरप्रदेशमा सञ्चालन हुने जस्तै सडक, विद्युतीय प्रशारण लाइन, सिँचाइ जस्ता परियोजना सञ्चालन गर्दा तीनवटै तहबीच समन्वय गरिनुपर्दछ ।
- प्रदेश सरकार तथा स्थानीय तहले परामर्शदातामार्फत तयार गरेका विस्तृत आयोजना प्रतिवेदनको अभिलेख राखी कार्यान्वयनमा ल्याउनुपर्दछ । साथै संघबाट अध्ययन गरी तयार गरिएका प्रतिवेदनहरू प्रदेश तथा स्थानियतहमा हस्तान्तरण गरी दोहोरो अध्ययन नहुने व्यवस्था मिलाउनुपर्दछ ।
- संघ, प्रदेश र स्थानीयतहको साझा अधिकार अन्तरगत सङ्कलन भएको राजस्व सम्बन्धित विभाज्यकोषमा जम्मा दाखिला गरी बाँडफाँट गर्नुपर्दछ ।
- संघ, प्रदेश तथा स्थानीयतहले सार्वजनिक वित्तीय उत्तरदायित्व सूचकहरूको आधारमा नियमितरूपमा सार्वजनिक वित्तीय व्यवस्थापनको जवाफदेहिताको स्वःमूल्याङ्कन गर्ने एवं एकीकृत वित्तीय व्यवस्थापन रणनीति तयार गरी कार्यान्वयन गर्नुपर्दछ ।
- स्थानीय तहका पदाधिकारीले पाउने सुविधा, आर्थिक सहायता वितरण, सवारीसाधन खरिदको लागि राष्ट्रिय रूपमा नै मापदण्ड तोकी खर्च नियन्त्रण एवं एकरूपता कायम हुनुपर्दछ । त्यस्तै प्रदेश सरकार तथा स्थानीय तह स्वयंले निर्णय गरी अतिरिक्त सुविधा दिने गरेकोले ती कर्मचारीको सेवाका शर्त एवं पाउने सुविधाका सम्बन्धमा कानुनी व्यवस्था हुनुपर्दछ । साथै प्रदेश र स्थानीय तहका पदाधिकारीले प्राप्त गर्ने सेवा सुविधामा एकरूपता ल्याउन संघले समन्वयकारी भूमिका निर्वाह गर्नुपर्दछ।

- संघीयताको मर्मबमोजिम नेपाल सरकारले सङ्कलन गरेको राजस्व प्रदेश र स्थानीय तहमा रहेको आन्तरिक आयको अन्तरलाई न्यूनीकरण गर्ने गरी वितरण गरिनुपर्दछ ।
- संघीय सरकारले प्रदेश र स्थानीय तहमा प्रत्यक्ष असर पर्ने कानुन बनाउँदा तथा आयोजना छनौट गर्दा सम्बन्धित प्रदेश र स्थानीय तहको राय सुझाव लिने व्यवस्था मिलाउनुपर्दछ ।
- प्रदेश सरकारअन्तर्गतको संगठन संरचना र कर्मचारी व्यवस्थापनमा पुनरावलोकन गरी संघीय सरकार तथा स्थानीय तहबाट हुने वा भइरहेका कार्यहरूमा दोहोरोपना हुन नदिने तथा विकास निर्माण एवं सेवा प्रवाहमा संघ तथा स्थानीय तहहरूबीच आवश्यक समन्वय र सहकार्य गर्नुपर्दछ ।
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम आफ्नो अधिकार क्षेत्रअन्तर्गत पर्ने विषयमा राजस्व सङ्कलनलाई प्रभावकारी बनाई आन्तरिक आय वृद्धि गरी संघीय हस्तान्तरणको निर्भरता कम गर्दै लैजान उचित व्यवस्था गर्नुपर्दछ ।
- स्थानीय तहले सार्वजनिक खरिदसम्बन्धी कार्यलाई व्यवस्थित गर्न खरिद नियमावली तयार गर्नुपर्दछ।
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम स्थानीय तहले आफ्नो आय व्ययको चौमासिक विवरण प्रदेशमा पठाउने व्यवस्था कडाइका साथ पालना गरिनुपर्दछ । सबै स्थानीयतहले सब-नेसनल ट्रेजरी रेगुलेटरी एप्लिकेसन (सूत्र सफ्टवेयर) प्रयोगमा ल्याउनुपर्दछ ।
- स्थानीय तहको आन्तरिक लेखापरीक्षण व्यवस्थालाई स्वतन्त्र, विश्वसनीय र प्रभावकारी बनाउन सबै स्थानीय तहको लेखापरीक्षण गर्न प्रदेश वा जिल्ला तहमा आन्तरिक लेखापरीक्षण निकायको व्यवस्था हुनुपर्दछ ।
- स्थानीय तहले पदाधिकारी र कर्मचारीको सुविधा, सवारी साधन, इन्धन, बैठक भत्ता, अनुगमन जस्ता प्रशासनिक खर्च तथा वितरणमुखी तथा टुक्रे कार्यक्रममा गर्ने खर्चको व्यवस्थापन गर्दै त्यस्ता खर्चलाई मितव्ययी र नतिजामूलक बनाउनुपर्दछ ।
- प्रदेश सरकार वा स्थानीय तहले महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्दछ। ती सरकारका वित्तीय व्वस्थापनमा संलग्न जनशक्तिलाई आर्थिक प्रशासन एवं वित्तीय विवरणको प्रस्तुतीकरण सम्बन्धमा तालिम प्रवाह गर्नुपर्दछ ।
- स्थानीय तहका कार्यपालिकाका पदाधिकारीलाई संविधानमा रहेका अधिकार सूची, कानुन निर्माण प्रक्रिया, सार्वजनिक खरिद, आयोजना व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन जस्ता विषयमा क्षमता अभिवृद्धि गर्ने कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।
- प्रदेशहरूबीचको सहकार्य तथा समन्वय अभिवृद्धि गर्न तथा सम्भावित विवादका विषयहरूलाई आपसी छलफल र समझदारीबाट सम्बोधन गर्न प्रदेश समन्वय परिषद्को भूमिका र प्रभावकारिता बढाउनुपर्ने देखिन्छ ।
- प्रदेश तथा स्थानीय तहबाट प्रवाह हुने सेवालाई विश्वसनीय, सरल, चुस्त र लागत प्रभावी र विश्वसनीय बनाउन आवश्यक व्यवस्था गर्नुपर्दछ ।
- प्रदेश तथा स्थानीय तहमा वित्तीय प्रशासन र आर्थिक अनुशासनलाई सबल बनाउन अनुगमन, मूल्याङ्कन, जिम्मेवारी र जवाफदेहिता पालना गर्ने गराउने सम्बन्धमा अध्ययन गरी आवश्यकताअनुसार कानुनी तथा संरचनागत सुधार गर्नुपर्दछ ।

निष्कर्ष

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४१ बमोजिम महालेखापरीक्षकको कार्यालयले आर्थिक वर्ष २०७७।७८ मा सम्पादन गरेका कामको स्थिति तथा प्रगतिसमेत समावेश गरी यो वार्षिक प्रगति प्रतिवेदन तयार गरिएको छ । संवैधानिक अधिकार र लेखापरीक्षण ऐन, २०७५ ले गरेको कानुनी व्यवस्थाबमोजिम यो वर्ष लेखापरीक्षण सम्पन्न गरिएका ५४६२ निकायको लेखापरीक्षण नतिजा, वित्तीय, कार्यमूलक तथा विशेष लेखापरीक्षणको विवरण, कार्यालयको आन्तरिक व्यवस्थापन, आय-व्ययको स्थिति, अन्तराष्ट्रिय सम्बन्ध तथा सहयोग, राष्ट्रियस्तरका तालिम, सेमिनार तथा गोष्ठीमा सहभागिता, बाह्य सरोकार पक्षसँगको सम्बन्ध र कार्यालयले आगामी दिनमा गर्नुपर्ने सुधारका क्षेत्र समावेश गरी यो वार्षिक प्रगति प्रतिवेदन तयार गरिएकोले कार्यालयबाट सम्पादित कामको पारदर्शिता एवं प्रभावकारितामा अभिवृद्धी हुने विश्वास गरिएको छ ।

तालिका - १
(दफा ४.१ सँग सम्बन्धित)

महालेखापरीक्षकको कार्यालय
व्यवस्थापन तथा केन्द्रीय सचिवालय
२०७८।३।३१ सम्ममा पदपूर्ति स्थिति

सि.नं.	पदको नाम	दरबन्दी संख्या	पदपूर्ति संख्या	रिक्त संख्या	पदपूर्ति मध्ये	
					महिला	पुरुष
१.	उप महालेखापरीक्षक	४	४	०	१	३
२.	नायब महालेखापरीक्षक	१४	१४	०	१	१३
३.	निर्देशक	८५	७६	९	१	७५
४.	विशेषज्ञ निर्देशक	१	१	०		१
५.	सूचना प्रविधि निर्देशक	१	१	०		१
६.	कानुन निर्देशक	१	१	०		१
७.	लेखापरीक्षण अधिकारी	२५५	१९७	५८	३६	१६१
८.	कम्प्युटर अधिकृत	२	२	०		२
९.	कानुन अधिकृत	२		२		०
१०.	टेलिफोन अधिकृत	१	१	०		१
११.	लेखापरीक्षण अधीक्षक	१३०	९६	३४	२५	७१
१२.	टेलिफोन अपरेटर	१	१	०	१	०
१३.	कम्प्युटर अपरेटर	१४	१४	०	२	१२
१४.	टाइपिष्ट प्रथम	२	१	१		१
१५.	सहायक कम्प्युटर अपरेटर	२०	१	१९		१
१६.	लेखापरीक्षण निरीक्षक	१६	८	८		८
१७.	काउण्टर सहायक	१		१		०
१८.	जुनियर मेकानिक्स	१	१	०		१
१९.	जुनियर इलेक्ट्रिसियन	१	१	०		१
२०.	सवारी चालक	३०	५	२५		५
२१.	हेभी सवारीचालक	२		२		०
२२.	कार्यालय सहयोगी	३०	५	२५	१	४
	जम्मा	**६१४**	**४३०**	**१८४**	**६८**	**३६२**

तालिका २

(दफा ४.२ सँग सम्बन्धित)

बढुवा भएका कर्मचारीहरूको विवरण

२०७७।७८

क्र.सं.	कर्मचारीको नाम थर	पद	बढुवा मिति	कैफियत
१	श्री कान्छा तामाङ्ग	लेखापरीक्षण अधीक्षक	२०७७।४।३	
२	श्री एलिशा थापा	लेखापरीक्षण अधीक्षक	२०७७।४।३	
३	श्री डिलबहादुर तामाङ्ग	लेखापरीक्षण अधीक्षक	२०७७।४।३	
४	श्री छिरिङ तोप्के लामा तामाङ	निर्देशक	२०७७।१०।१५	
५	श्री कल्पना अर्याल	निर्देशक	२०७७।१०।१५	
६	श्री श्रीधरप्रसाद पन्त	निर्देशक	२०७७।१०।१५	
७	श्री विष्णुराज रिजाल	निर्देशक	२०७७।१०।१५	
८	श्री पुरुषोत्तम महर्जन	निर्देशक	२०७८।१।२	
९	श्री दीन दयाल फुयाल	निर्देशक	२०७८।१।२	
१०	श्री दामोदर अर्याल	निर्देशक	२०७८।१।२	
११	श्री किशोर दुरा	निर्देशक	२०७८।१।२	
१२	श्री नारायणप्रसाद अधिकारी	निर्देशक	२०७८।१।२	
१३	श्री घनश्याम अधिकारी	लेखापरीक्षण अधीक्षक	२०७७।१२।३०	
१४	श्री शोभाकान्त पंगेनी	लेखापरीक्षण अधीक्षक	२०७७।१२।३०	
१५	श्री सुमन काफ्ले	लेखापरीक्षण अधीक्षक	२०७७।१२।३०	
१६	श्री मन्जुमाया मुक्तान	लेखापरीक्षण अधीक्षक	२०७७।१२।३०	
१७	श्री राजीवकुमार यादव	लेखापरीक्षण अधीक्षक	२०७७।१२।३०	
१८	श्री सुलोचना पाण्डे	लेखापरीक्षण अधीक्षक	२०७७।१२।३०	
१९	श्री हर्कमान गर्बुजा	कम्प्युटर अपरेटर	२०७८।२।२६	
२०	श्री कृष्णप्रसाद सापकोटा	कम्प्युटर अपरेटर	२०७८।२।२६	
२१	श्री पुष्करराज उपाध्याय	कम्प्युटर अपरेटर	२०७८।२।२६	
२२	श्री बमु गिरी	कम्प्युटर अपरेटर	२०७८।२।२६	
२३	श्री अनिलकुमार दहित	कम्प्युटर अपरेटर	२०७८।२।२६	

तालिका - ३

(दफा ४.३ सँग सम्बन्धित)

सेवा निवृत्त हुनुभएका कर्मचारीहरूको विवरण

२०७७।७८

सि.नं.	पद	नाम	अवकाश मिति	कैफियत
१	निर्देशक	श्री सुन्दरनारायण चौधरी	२०७७।४।१५	अनिवार्य अवकाश
२	निर्देशक	श्री कृष्णप्रसाद पौडेल	२०७७।५।१७	अनिवार्य अवकाश
३	निर्देशक	श्री सुरेश शर्मा	२०७७।६।१५	अनिवार्य अवकाश
४	निर्देशक	श्री ताराप्रसाद घिमिरे	२०७७।९।१२	अनिवार्य अवकाश
५	लेखापरीक्षण अधिकारी	श्री शिवकुमार तामाङ्ग	२०७७।९।१५	अनिवार्य अवकाश
६	निर्देशक	श्री मोहनकुमार पराजुली	२०७७।१०।२७	अनिवार्य अवकाश
७	निर्देशक	श्री तीर्थराज तण्डुकार	२०७८।२।८	अनिवार्य अवकाश
८	कार्यालय सहयोगी	श्री रामप्रसाद लम्साल	२०७८।२।३०	अनिवार्य अवकाश
९	लेखापरीक्षण अधीक्षक	श्री कान्छा तामाङ	ूू२०७८।३।९	अनिवार्य अवकाश
१०	निर्देशक	श्री विश्वराम त्वाती	२०७७।४।१	राजीनामा
११	निर्देशक	श्री जगन्नाथ न्यौपाने	२०७७।८।२२	राजीनामा
१२	निर्देशक	श्री बलबहादुर कार्की	२०७७।९।१	राजीनामा
१३	ह.स.चा.	श्री नारायणदत्त पन्थ	२०७७।९।१	राजीनामा
१४	ह.स.चा.	श्री कृष्णबहादुर तामाङ्ग	२०७७।९।१	राजीनामा
१५	ह.स.चा.	श्री श्यामकाजी महर्जन	२०७७।९।५	राजीनामा
१६	ह.स.चा.	श्री उमेशप्रसाद पाठक	२०७८।१।१	राजीनामा

तालिका - ४
(दफा ४.४ सँग सम्बन्धित)

सरुवा भई आएका/गएका कर्मचारीहरूको विवरण
२०७७।७८

सरुवा भई आएका कर्मचारी

सि.नं.	पद	नाम	रमाना मिति	कैफियत
१	कम्प्यूटर अपरेटर	श्री प्रेमप्रसाद पराजुली	२०७७।९।२२	
२	लेखापरीक्षण निरीक्षक	श्री बद्रीनाथ पौडेल	२०७८।२।३०	
३	कम्प्युटर अपरेटर	श्री अर्जुन कुमार राउत	२०७७।५।२	
४	सहायक कम्प्युटर अपरेटर	श्री पुष्कर राजउपाध्याय	२०७७।६।१४	
५	सहायक कम्प्युटर अपरेटर	श्री बमु गिरी	२०७७।७।१८	
६	सहायक कम्प्युटर अपरेटर	श्री शेर बहादुर बयक	२०७७।९।१४	

सरुवा भई गएका कर्मचारी

सि.नं.	पद	नाम	रमाना मिति	कैफियत
ञ	लेखापरीक्षण अधिकारी	श्री शिवहरी पोखरेल	२०७७।११।१३	
ट्र	कम्प्युटर अपरेटर	श्री निमिता पोखरेल	२०७७।१२।२५	
घ	काउन्टर सहायक	श्री देवकीकुमारी गौतम	२०७८।२।२४	
द्ध	स.क.अ.	श्री सुमित्रा बस्नेत	२०७८।२।२६	
छ	स.क.अ.	श्री सुनिता तमाङ	२०७८।२।२७	
ट	स.क.अ.	श्री मनोज कुमार मगर	२०७८।२।२७	
ठ	स.क.अ.	श्री अस्मिता तामाङ्ग	२०७८।२।२७	
ड	स.क.अ.	श्री सुप्रिया लामा	२०७८।२।२७	
ढ	स.क.अ.	श्री शोभा कुमारी न्यौपाने	२०७८।२।२७	
ञण	स.क.अ.	श्री नगिना भण्डारी	२०७८।२।२७	
ञञ	स.क.अ.	श्री शान्ति दाहाल	२०७८।२।३०	
ञट्र	स.क.अ.	श्री रम्भा श्रेष्ठ	२०७८।२।३०	
ञघ	कम्प्यूटर अपरेटर	श्री शेरबहादुर बयक	२०७८।२।३१	
ञद्ध	स.क.अ.	श्री राम बहादुर विष्ट	२०७८।३।३	

महालेखा परीक्षकको कार्यालय

कार्यालय कोड नं.: २०८००३५०१

दातृ निकायगत बजेट र खर्चको आर्थिक बिवरण

आर्थिक वर्ष : २०७७/७८

म. ले. प. फा. न. २१४

बजेट मुल शीर्षक नं : महालेखा परीक्षकको कार्यालय[२०८०००१३]
कार्यालय / आयोजनाको नाम : महालेखापरीक्षकको कार्यालय
आयोजना रहेको स्थान : बबरमहल

खर्च शीर्षक नं.	खर्च संकेत	सोतको		शुरू बजेट	संशोधन /रकमान्तर/श्रोतान्तर बाट		अन्तिम बजेट	निकासा	जम्मा खर्च	बाँकी बजेट	गत बर्षको खर्च
		प्रकार	भुक्तानी विधि		थप	घट					
२१११२	पारिश्रमिक पदाधिकारी	नेपाल सरकार	नगद	१,०००,०००.००	०	०	१,०००,०००.००	९६८,१५६.००	९६८,१५६.००	३१,८४४.००	९६८,१५६.००
२११४१	पदाधिकारी बैठक भत्ता	नेपाल सरकार	नगद	३००,०००.००	०	०	३००,०००.००	०	०	३००,०००.००	०.००
२११४२	पदाधिकारी अन्य सुबिधा	नेपाल सरकार	नगद	१००,०००.००	०	०	१००,०००.००	३०,४००.००	३०,४००.००	६९,६००.००	२४,४००.००
२११४९	पदाधिकारी अन्य भत्ता	नेपाल सरकार	नगद	१००,०००.००	०	०	१००,०००.००	२४,०००.००	२४,०००.००	७६,०००.००	२४,०००.००
२२२११	इन्धन (पदाधिकारी)	नेपाल सरकार	नगद	२००,०००.००	०	०	२००,०००.००	०	०	२००,०००.००	१९५,३७०.००
२२२१३	सवारी साधन मर्मत खर्च	नेपाल सरकार	नगद	१००,०००.००	०	०	१००,०००.००	१००,०००.००	१००,०००.००	०.००	१८,०००.००
२२३११	मसलन्द तथा कार्यालय सामाग्री	नेपाल सरकार	नगद	१००,०००.००	०	०	१००,०००.००	०	०	१००,०००.००	२०,९१०.००
२२३१५	पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च	नेपाल सरकार	नगद	१००,०००.००	०	०	१००,०००.००	२८,९९५.००	२८,९९५.००	७१,००५.००	०.००
२२६११	अनुगमन, मूल्यांकन खर्च	नेपाल सरकार	नगद	४००,०००.००	०	०	४००,०००.००	०	०	४००,०००.००	३२०,०००.००
२२७११	विविध खर्च	नेपाल सरकार	नगद	३००,०००.००	०	०	३००,०००.००	२९७,९५१.००	२९७,९५१.००	२,०४९.००	४८०,२६८.००
जम्मा				२,७००,०००.००	०.००	०.००	२,७००,०००.००	१,४४९,५०२.००	१,४४९,५०२.००	१,२५०,४९८.००	२,०५१,१०४.००

फछर्यौट हुन बाँकी पेश्की: ४०,०००.००

पेश्की कटाई खर्च : १,४०९,५०२.००

तयार गर्ने :-
हस्ताक्षर :-
नाम :- नृपराज जोशी
दर्जा :- लेखापरीक्षण अधिकारी

पेश गर्ने :-
हस्ताक्षर :-
नाम :-किशोर पाण्डे
दर्जा :- निर्देशक

प्रमाणित गर्ने :-
हस्ताक्षर :-
नाम :- महेश्वर काफ्ले
दर्जा :- नायव महालेखापरीक्षक

को.ले.नि.को. काठमाडौंबाट
निकासा भीडान भयो ।

तालिका - ५
(दफा ७.१ संग सम्बन्धित)

महालेखा परीक्षकको कार्यालय
कार्यालय कोड नं.: २०८००३५०१
दातृ निकायगत बजेट र खर्चको आर्थिक बिवरण
आर्थिक वर्ष : २०७७/७८

म. ले. प. फा. न. २१४

बजेट मूल शीर्षक नं : महालेखा परीक्षकको कार्यालय (प्रशासनिक खर्च समेत)[२०८०००११३]
कार्यालय / आयोजनाको नाम : महालेखापरीक्षकको कार्यालय
आयोजना रहेको स्थान : बबरमहल

खर्च शीर्षक नं.	खर्च संकेत	स्रोतको		शुरू बजेट	संशोधन /रकमान्तर/श्रोतान्तर बाट		अन्तिम बजेट	निकासा	जम्मा खर्च	बाँकी बजेट	गत बर्षको खर्च
		प्रकार	भुक्तानी विधि		थप	घट					
२११११	पारिश्रमिक कर्मचारी	नेपाल सरकार	नगद	२८८,१००,०००.००	०	०	२८८,१००,०००.००	२४६,४२४,३३७.३६	२४६,४२४,३३७.३६	४१,६७५,६६२.६४	२५४,३३६,२३९.२७
२११२१	पोशाक	नेपाल सरकार	नगद	५,७००,०००.००	०	०	५,७००,०००.००	४,४१०,०००.००	४,४१०,०००.००	१,२९०,०००.००	४,६८०,०००.००
२११३२	महंगी भत्ता	नेपाल सरकार	नगद	१३,६००,०००.००	०	०	१३,६००,०००.००	१०,६४१,४६६.६६	१०,६४१,४६६.६६	२,९५८,५३३.३४	११,२०५,१७५.९९
२११३४	कर्मचारीको बैठक भत्ता	नेपाल सरकार	नगद	५००,०००.००	०	०	५००,०००.००	४२४,०००.००	४२४,०००.००	७६,०००.००	५४८,०००.००
२११३५	कर्मचारी प्रोत्साहन तथा पुरस्कार	नेपाल सरकार	नगद	२००,०००.००	०	०	२००,०००.००	१९०,८०९.००	१९०,८०९.००	९१९१.००	४,०९३,५१२.००
२११३६	अन्य भत्ता	नेपाल सरकार	नगद	५००,०००.००	०	०	५००,०००.००	४८०,०००.००	४८०,०००.००	२०,०००.००	४९०,०८५.००
२१२१२	योगदानमा आधारित नि. तथा उ. कोष खर्च	नेपाल सरकार	नगद	७००,०००.००	०	०	७००,०००.००	३९,३८२.८०	३९,३८२.८०	६६०,६१७.२०	०.००
२१२१३	योगदानमा आधारित बीमा कोष खर्च	नेपाल सरकार	नगद	२,९००,०००.००	०	०	२,९००,०००.००	१,८०५,८५५.५०	१,८०५,८५५.५०	१,०९४,१४४.५०	१,९७१,०९३.००
२२१११	पानी तथा बिजुली	नेपाल सरकार	नगद	३,१००,०००.००	०	०	३,१००,०००.००	२,४६०,८८४.७९	२,४६०,८८४.७९	६३९,११५.२१	३,२३५,१२४.६९
२२११२	संचार महसुल	नेपाल सरकार	नगद	२,०००,०००.००	५००,०००.००	०	२,५००,०००.००	२,११३,९३०.२०	२,११३,९३०.२०	३८६,०६९.८०	१,९३३,७८७.३०
२२२१२	इन्धन (कार्यालय प्रयोजन)	नेपाल सरकार	नगद	५,८००,०००.००	०	०	५,८००,०००.००	४,९१८,५४२.००	४,९१८,५४२.००	८८१,४५८.००	४,१०४,०४५.११
२२२१३	सवारी साधन मर्मत खर्च	नेपाल सरकार	नगद	३,२००,०००.००	८००,०००.००	०	४,०००,०००.००	३,९८०,१७७.५०	३,९८०,१७७.५०	१९,८२२.५०	३,८३५,८९१.५०
२२२१४	बिमा तथा नवीकरण खर्च	नेपाल सरकार	नगद	१,४००,०००.००	०	०	१,४००,०००.००	१,३१९,२८७.८४	१,३१९,२८७.८४	८०,७१२.१६	८००,०००.००
२२२२१	मेशिनरी तथा औजार मर्मत सम्भार	नेपाल सरकार	नगद	१,७००,०००.००	०	०	१,७००,०००.००	७६५,६१८.००	७६५,६१८.००	९३४,३८२.००	१,०२४,७९४.००
२२२३१	निर्मित सार्वजनिक सम्पत्तिको मर्मत	नेपाल सरकार	नगद	१,२००,०००.००	०	०	१,२००,०००.००	८४३,२७९.००	८४३,२७९.००	३५६,७२१.००	७५८,०३६.००
२२२९१	अन्य सम्पत्तिहरूको संचालन तथा सम्भार	नेपाल सरकार	नगद	१००,०००.००	०	०	१००,०००.००	३८,८७२.००	३८,८७२.००	६१,१२८.००	५१,६८३.००
२२३११	मसलन्द तथा कार्यालय सामाग्री	नेपाल सरकार	नगद	६,६००,०००.००	०	०	६,६००,०००.००	४,३२२,५६८.५०	४,३२२,५६८.५०	२,२७७,४३१.५०	६,४०८,४५५.६४
२२३१४	इन्धन - अन्य प्रयोजन	नेपाल सरकार	नगद	३००,०००.००	०	०	३००,०००.००	२३,३५०.००	२३,३५०.००	२७६,६५०.००	४८,६००.००
२२३१५	पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च	नेपाल सरकार	नगद	५,६००,०००.००	०	१,३००,०००.००	४,३००,०००.००	२,०४२,१८१.००	२,०४२,१८१.००	२,२५७,८१९.००	२,१७२,४७२.००
२२४११	सेवा र परामर्श खर्च	नेपाल सरकार	नगद	१६,५००,०००.००	०	११,५००,०००.००	५,०००,०००.००	२,९०४,१९०.००	२,९०४,१९०.००	२,०९५,८१०.००	३,२६०,६५८.००
२२४१२	सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च	नेपाल सरकार	नगद	७००,०००.००	०	०	७००,०००.००	४७७,५३८.००	४७७,५३८.००	२२२,४६२.००	२६८,९४०.००
२२४१३	करार सेवा शुल्क	नेपाल सरकार	नगद	१५,९००,०००.००	०	०	१५,९००,०००.००	१२,६३२,२८६.००	१२,६३२,२८६.००	३,२६७,७१४.००	८,६३३,३४५.३५
२२५११	कर्मचारी तालिम खर्च	नेपाल सरकार	नगद	२,४००,०००.००	०	०	२,४००,०००.००	१,३५८,८३३.५०	१,३५८,८३३.५०	१,०५१,१६६.५०	८६,७९०.००
२२५२२	कार्यक्रम खर्च	नेपाल सरकार	नगद	८,८००,०००.००	०	०	८,८००,०००.००	२,९३५,७५७.००	२,९३५,७५७.००	५,८६४,२४३.००	२,३५९,६५६.००
२२६११	अनुगमन, मूल्यांकन खर्च	नेपाल सरकार	नगद	६३,६००,०००.००	११,५००,०००.००	०	७५,१००,०००.००	५७,२८९,९८०.००	५७,२८९,९८०.००	१७,८१०,०२०.००	७२,२४६,४५९.६०
२२६१२	भ्रमण खर्च	नेपाल सरकार	नगद	५००,०००.००	०	०	५००,०००.००	१२,०००.००	१२,०००.००	४८८,०००.००	९१,५५७.००
२२७११	विविध खर्च	नेपाल सरकार	नगद	४,९००,०००.००	०	०	३,४९६,८९८.००	३,४९६,८९८.००	३,४९६,८९८.००	१,४०३,१०२.००	४,३१८,८९२.००
२६२११	अन्तराष्ट्रिय सदस्यता शुल्क तथा सहयोग	नेपाल सरकार	नगद	३००,०००.००	०	०	३००,०००.००	२४५,२३०.००	२४५,२३०.००	५४,७७०.००	१६७,६६५.२५
२८१४२	घर भाडा	नेपाल सरकार	नगद	२२,८००,०००.००	०	०	२२,८००,०००.००	१९,५४७,३०३.७४	१९,५४७,३०३.७४	३,२५२,६९६.२६	१६,६८२,२४१.९३
२८१४३	सवारी साधन तथा मेशिनर औजार भाडा	नेपाल सरकार	नगद	३,६००,०००.००	०	०	३,६००,०००.००	२,४३५,३३९.००	२,४३५,३३९.००	१,१६४,६६१.००	१,७५३,३२६.००
जम्मा				४८३,२००,०००.००	१२,८००,०००.००	१२,८००,०००.००	४८३,२००,०००.००	३९०,५७९,८९७.३९	३९०,५७९,८९७.३९	९२,६२०,१०२.६१	४११,५६६,५२५.६३

फछर्यौट हुन बाँकी पेश्की: २,९५५,५२२.००
पेश्की कटाई खर्च : ३८७,६२४,३७५.३९

तयार गर्ने :-
हस्ताक्षर :-
नाम :- नृपराज जोशी
दर्जा :- लेखापरीक्षण अधिकारी

पेश गर्ने :-
हस्ताक्षर :-
नाम :-किशोर पाण्डे
दर्जा :- निर्देशक

को. ले. नि. का. काठमाडौंबाट निकाला भीलान भयो

प्रमाणित गर्ने :-
हस्ताक्षर :-
नाम :- महेश्वर काफ्ले
दर्जा :- नायव महालेखापरीक्षक

तालिका - ६
(दफा ७.१ सँग सम्बन्धित)

महालेखा परीक्षकको कार्यालय
कार्यालय कोड नं : २०८००३५०१
दातृ निकायगत बजेट र खर्चको आर्थिक बिवरण
आर्थिक वर्ष : २०७७/७८

म. ले. प. फा. न. २१४

बजेट मुल शीर्षक नं : महालेखा परीक्षकको कार्यालय (प्रशासनिक खर्च समेत)[२०८०००११४]
कार्यालय / आयोजनाको नाम : महालेखापरीक्षकको कार्यालय
आयोजना रहेको स्थान : बबरमहल

खर्च शीर्षक नं.	खर्च संकेत	स्रोतको		शुरू बजेट	संशोधन /रकमान्तर/श्रोतान्तर बाट		अन्तिम बजेट	निकासा	जम्मा खर्च	बाँकी बजेट	गत वर्षको खर्च
		प्रकार	भुक्तानी विधि		थप	घट					
३१११२	गैर आवासिय भवन निर्माण/खरिद	नेपाल सरकार	नगद	९०,०००,०००.००	०	९०,०००,०००.००	०	०	०	०	०.००
३१११२१	सवारी साधन	नेपाल सरकार	नगद	०.००	०	०.००	०	०	०	०	०.००
३१११२२	मेशिनरी तथा औजार	नेपाल सरकार	नगद	३,०००,०००.००	०	०	३००००००	२,६००,११९.००	२,६००,११९.००	३९९,८८१.००	१,११५,८४२.६०
३१११२३	फर्निचर तथा फिक्चर्स	नेपाल सरकार	नगद	४२,९००,०००.००	०	३०,०००,०००.००	१२९०००००	२,३६३,९६३.००	२,३६३,९६३.००	१०,५३६,०३७.००	३,४००,०२९.००
३१११३४	कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च	नेपाल सरकार	नगद	१,४००,०००.००	०	०	१४०००००	५९४,४४०.००	५९४,४४०.००	८०५,५६०.००	०.००
जम्मा				१३७,३००,०००.००	०.००	१२०,०००,०००.००	१७,३००,०००.००	५,५५८,५२२.००	५,५५८,५२२.००	११,७४१,४७८.००	४,५१५,८७१.६०

फछ्यौट हुन बाँकी पेश्की: ०.००
पेश्की कटाई खर्च : ५,५५८,५२२.००

तयार गर्ने :-
हस्ताक्षर :-
नाम :- नृपराज जोशी
दर्जा :- लेखापरीक्षण अधिकारी

पेश गर्ने :-
हस्ताक्षर :-
नाम :-किशोर पाण्डे
दर्जा :- निर्देशक

प्रमाणित गर्ने :-
हस्ताक्षर :-
नाम :- महेश्वर काफ्ले
दर्जा :- नायव महालेखापरीक्षक

को.ले.नि.का. काठमाडौंबाट
निकासा भीडान भएको

तालिका - ७
(दफा ७.१ संग सम्बन्धित)

महालेखा परीक्षकको कार्यालय
कार्यालय कोड नं.: २०८००३५०१
दात् निकायगत बजेट र खर्चको आर्थिक बिवरण
आर्थिक वर्ष : २०७७/७८

को.ले.नि.का. काठमाडौंबाट
निकासा भीडान भयो ।

म. ले. प. फा. न. २१४

बजेट मुल शीर्षक नं : सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्यक्रम[३०५०११०१३]
कार्यालय / आयोजनाको नाम : महालेखापरीक्षकको कार्यालय
आयोजना रहेको स्थान : बबरमहल

खर्च शीर्षक नं.	खर्च संकेत	स्रोतको		शुरु बजेट	संशोधन /रेकमान्तर/श्रोतान्तर बाट		अन्तिम बजेट	निकासा	जम्मा खर्च	बाँकी बजेट	गत वर्षको खर्च
		प्रकार	भुक्तानी विधि		थप	घट					
२२११२	संचार महसुल	नेपाल सरकार	नगद	६८,०००.००	०	०	६८,०००.००	६८,०००.००	६८,०००.००	०	८,२२४.००
२२११२	संचार महसुल	वर्ल्ड बैंक - ट्रष्ट कोष	सोधभर्ना हुने अनुदान	३३२,०००.००	०	०	३३२,०००.००	३३२,०००.००	३३२,०००.००	०	६८,३९०.००
२२२११	इन्धन (पदाधिकारी)	नेपाल सरकार	नगद	१००,०००.००	०	०	१००,०००.००	६९,८८२.००	६९,८८२.००	३०,११८.००	१००,०००.००
२२२११	इन्धन (पदाधिकारी)	वर्ल्ड बैंक - ट्रष्ट कोष	सोधभर्ना हुने अनुदान	५००,०००.००	०	०	५००,०००.००	३४१,१८७.००	३४१,१८७.००	१५८,८१३.००	४००,०००.००
२२२१३	सवारी साधन मर्मत खर्च	नेपाल सरकार	नगद	३५,०००.००	०	०	३५,०००.००	३३,५८९.००	३३,५८९.००	१,४११.००	३४,०००.००
२२२१३	सवारी साधन मर्मत खर्च	वर्ल्ड बैंक - ट्रष्ट कोष	सोधभर्ना हुने अनुदान	१७३,०००.००	०	०	१७३,०००.००	१६३,९९१.००	१६३,९९१.००	९,००९.००	१६५,११०.००
२२२३१	निर्मित सार्वजनिक सम्पत्तिको मर्मत	नेपाल सरकार	नगद	५९,०००.००	०	०	५९,०००.००	०	०	५९,०००.००	४३,१३०.००
२२२३१	निर्मित सार्वजनिक सम्पत्तिको मर्मत	वर्ल्ड बैंक - ट्रष्ट कोष	सोधभर्ना हुने अनुदान	३१५,०००.००	०	०	३१५,०००.००	०	०	३१५,०००.००	२१०,५७१.००
२२३११	मसलन्द तथा कार्यालय सामाग्री	नेपाल सरकार	नगद	५१०,०००.००	०	०	५१०,०००.००	४७६,४९२.१५	४७६,४९२.१५	३३,५०७.८५	२७७,००९.००
२२३११	मसलन्द तथा कार्यालय सामाग्री	वर्ल्ड बैंक - ट्रष्ट कोष	सोधभर्ना हुने अनुदान	२,४६३,०००.००	०	०	२,४६३,०००.००	२,३२६,४१२.४४	२,३२६,४१२.४४	१३६,५८७.५६	१,३५१,१८७.००
२२३१३	पुस्तक तथा सामग्री खर्च	नेपाल सरकार	नगद	१७,०००.००	०	०	१७,०००.००	९,८६३.००	९,८६३.००	७,१३७.००	०.००
२२३१३	पुस्तक तथा सामग्री खर्च	वर्ल्ड बैंक - ट्रष्ट कोष	सोधभर्ना हुने अनुदान	७३,०००.००	०	०	७३,०००.००	४८,१६०.००	४८,१६०.००	२४,८४०.००	०.००
२२४११	सेवा र परामर्श खर्च	नेपाल सरकार	नगद	२६,२९१,०००.००	०	०	२६,२९१,०००.००	१२,३०१,४७२.३०	१२,३०१,४७२.३०	१३,९८९,५२७.७०	८,१३८,८२५.०८
२२४११	सेवा र परामर्श खर्च	वर्ल्ड बैंक - ट्रष्ट कोष	सोधभर्ना हुने अनुदान	१२८,४५९,०००.००	०	०	१२८,४५९,०००.००	६०,०६०,१२४.४६	६०,०६०,१२४.४६	६८,३९८,८७५.५४	३९,७३६,७४४.८८
२२४१९	अन्य सेवा शुल्क	नेपाल सरकार	नगद	६५४,०००.००	०	०	६५४,०००.००	०	०	६५४,०००.००	०.००
२२४१९	अन्य सेवा शुल्क	वर्ल्ड बैंक - ट्रष्ट कोष	सोधभर्ना हुने अनुदान	३,३२०,०००.००	०	०	३,३२०,०००.००	०	०	३,३२०,०००.००	०.००
२२५११	कर्मचारी तालिम खर्च	नेपाल सरकार	नगद	५,७७६,०००.००	०	०	५,७७६,०००.००	२४४,९९३.९०	२४४,९९३.९०	५,५३१,००६.१०	३७९,५१२.१७
२२५११	कर्मचारी तालिम खर्च	वर्ल्ड बैंक - ट्रष्ट कोष	सोधभर्ना हुने अनुदान	२८,२२४,०००.००	०	०	२८,२२४,०००.००	१,१९६,१४९.००	१,१९६,१४९.००	२७,०२७,८५१.००	१,७४२,६३४.८३
२२५२९	विविध कार्यक्रम खर्च	नेपाल सरकार	नगद	२,०६८,०००.००	०	०	२,०६८,०००.००	१५४,९२१.००	१५४,९२१.००	१,९१३,०७९.००	५९,५५८.००
२२५२९	विविध कार्यक्रम खर्च	वर्ल्ड बैंक - ट्रष्ट कोष	सोधभर्ना हुने अनुदान	१०,१०९,०००.००	०	०	१०,१०९,०००.००	७५६,३७९.००	७५६,३७९.००	९,३५२,६२१.००	२९०,७८३.००
२२६११	अनुगमन, मूल्यांकन खर्च	नेपाल सरकार	नगद	१७८,०००.००	०	०	१७८,०००.००	१३२,२३६.००	१३२,२३६.००	४५,७६४.००	०.००
२२६११	अनुगमन, मूल्यांकन खर्च	वर्ल्ड बैंक - ट्रष्ट कोष	सोधभर्ना हुने अनुदान	८७२,०००.००	०	०	८७२,०००.००	६४५,६२४.००	६४५,६२४.००	२२६,३७६.००	०.००
२२६१२	भ्रमण खर्च	नेपाल सरकार	नगद	२५०,०००.००	०	०	२५०,०००.००	०	०	२५०,०००.००	७४,६०४.००
२२६१२	भ्रमण खर्च	वर्ल्ड बैंक - ट्रष्ट कोष	सोधभर्ना हुने अनुदान	९६८,०००.००	०	०	९६८,०००.००	०	०	९६८,०००.००	३२८,६२०.००
२२७११	विविध खर्च	नेपाल सरकार	नगद	३२६,०००.००	०	०	३२६,०००.००	८२,३३२.००	८२,३३२.००	२४३,६६८.००	६७,०९३.००
२२७११	विविध खर्च	वर्ल्ड बैंक - ट्रष्ट कोष	सोधभर्ना हुने अनुदान	१,६६०,०००.००	०	०	१,६६०,०००.००	४०१,९७६.१०	४०१,९७६.१०	१,२५८,०२३.९०	३२८,७४१.००
नेपाल सरकार तर्फको जम्मा				३६,३३२,०००.००	०.००	०.००	३६,३३२,०००.००	१३,५७३,७८१.३५	१३,५७३,७८१.३५	२२,७५८,२१८.६५	९,१८१,९५५.२५
वर्ल्ड बैंक - ट्रष्ट कोष तर्फको जम्मा				१७७,४६८,०००.००	०.००	०.००	१७७,४६८,०००.००	६६,२७२,००३.००	६६,२७२,००३.००	१११,१९५,९९७.००	४४,६२२,७८१.७१
कुल जम्मा				२१३,८००,०००.००	०.००	०.००	२१३,८००,०००.००	७९,८४५,७८४.३५	७९,८४५,७८४.३५	१३३,९५४,२१५.६५	५३,८०४,७३६.९६

फछर्यौट हुन बाँकी पेश्की: ०.००
पेश्की कटाई खर्च : ७९,८४५,७८४.३५

तयार गर्ने :-
हस्ताक्षर :-
नाम :- नृपराज जोशी
दर्जा :- लेखापरीक्षण अधिकारी

पेश गर्ने :-
हस्ताक्षर :-
नाम :-किशोर पाण्डे
दर्जा :- निर्देशक

प्रमाणित गर्ने :-
हस्ताक्षर :-
नाम :- महेश्वर काफ्ले
दर्जा :- नायव महालेखापरीक्षक

को.ले.नि.का. काठमाडौंबाट
निकासा भीडान भयो ।

तालिका - ८
(दफा ७.१ संग सम्बन्धित)

महालेखा परीक्षकको कार्यालय
कार्यालय कोड नं : २०८००३५०१
दात् निकायगत बजेट र खर्चको आर्थिक बिवरण
आर्थिक वर्ष : २०७७/७८

म. ले. प. फा. न. २१४

बजेट मुल शीर्षक नं : सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्यक्रम[३०५०११०१४]
कार्यालय / आयोजनाको नाम : महालेखापरीक्षकको कार्यालय
आयोजना रहेको स्थान : बबरमहल

खर्च शीर्षक नं.	खर्च संकेत	स्रोतको		शुरु बजेट	संशोधन रकमान्तर/श्रोतान्तर बाट		अन्तिम बजेट	निकासा	जम्मा खर्च	बाँकी बजेट	गत बर्षको खर्च
		प्रकार	भुक्तानी विधि		थप	घट					
३११२२	मेशिनरी तथा औजार	नेपाल सरकार	नगद	२,५५०,०००.००	०	०	२,५५०,०००.००	२२८६०५०	२,२८६,०४९.९०	२६३,९५०.१०	१,९३६,४३९.००
३११२२	मेशिनरी तथा औजार	वर्ल्ड बैंक - ट्रष्ट कोष	सोधभर्ना हुने अनुदान	१२,४५०,०००.००	०	०	१२,४५०,०००.००	१११६१३००	११,१६१,३००.१०	१,२८८,६९९.९०	९,४२१,८०९.००
३११२३	फर्निचर तथा फिक्चर्स	नेपाल सरकार	नगद	३,३८८,०००.००	०	०	३,३८८,०००.००	११८८६५	११८,८६५.००	३,२६९,१३५.००	
३११२३	फर्निचर तथा फिक्चर्स	वर्ल्ड बैंक - ट्रष्ट कोष	सोधभर्ना हुने अनुदान	१६,६००,०००.००	०	०	१६,६००,०००.००	५८०३३९	५८०,३३९.००	१६,०१९,६६१.००	
नेपाल सरकार तर्फको जम्मा				५,९३८,०००.००	०.००	०.००	५,९३८,०००.००	२,४०४,९१४.९०	२,४०४,९१४.९०	३,५३३,०८५.१०	१,९३६,४३९.००
वर्ल्ड बैंक - ट्रष्ट कोष तर्फको जम्मा				२९,०५०,०००.००	०.००	०.००	२९,०५०,०००.००	११,७४१,६३९.१०	११,७४१,६३९.१०	१७,३०८,३६०.९०	९,४२१,८०९.००
कुल जम्मा				३४,९८८,०००.००	०.००	०.००	३४,९८८,०००.००	१४,१४६,५५४.००	१४,१४६,५५४.००	२०,८४१,४४६.००	११,३५८,२४८.००

फछर्यौट हुन बाँकी पेश्की: ०.००
पेश्की कटाई खर्च : १४,१४६,५५४.००

तयार गर्ने :-
हस्ताक्षर :-
नाम :- नृपराज जोशी
दर्जा :- लेखापरीक्षण अधिकारी

पेश गर्ने :-
हस्ताक्षर :-
नाम :-किशोर पाण्डे
दर्जा :- निर्देशक

प्रमाणित गर्ने :-
हस्ताक्षर :-
नाम :- महेश्वर काफ्ले
दर्जा :- नायव महालेखापरीक्षक

को.ले.नि.का. काठमाडौंबाट
निकासा भीलान भयो

तालिका - ९
(दफा ७.१ संग सम्बन्धित)

म.ले.प.फारम नं:११०

महालेखा परिक्षकको कार्यालय, बबरमहल काठमाण्डौं[208003501]

राजस्वको आर्थिक विवरण

आ.व. २०७७/७८

सि.नं.	राजस्व शीर्षक	राजस्वको विवरण	राजस्व आम्दानी	सञ्चित कोष दाखिला	नगद बाँकी	कैफियत
१	१४२२४	परीक्षाशुल्क	४८००	४८००		
२	१४२२९	अन्यप्रशासनिक सेवा शुल्क	६३०००	६३०००		
३	१४५२९	अन्यराजस्व	५३२६०००	५३२६०००		
४	१५१११	बेरूजू	१९१४३६.९८	१९१४३६.९८		
		कुल जम्मा	५,५८५,२३६.९८	५,५८५,२३६.९८		

तयार गर्ने:
हस्ताक्षर :
नाम : नृपराज जोशी
दर्जा: लेखापरीक्षण अधिकारी
मिति :

पेश गर्ने:
हस्ताक्षर:
नाम : किशोर पाण्डे
दर्जा: निर्देशक
मिति :

प्रमाणित गर्ने:
हस्ताक्षर:
नाम : महेश्वर काफ्ले
दर्जा: नायव महालेखापरीक्षक
मिति :

RMIS अनुसार को.ले.नि.का. काठमाडौंबाट
राजस्व भिडान भयो ।

तालिका - १०
(दफा ७.२ सँग सम्बन्धित)

म.ले.प.फा.नं. ६०७
साविक म.ले.प.फा.नं. १९४

महालेखापरीक्षकको कार्यालय
बबरमहल, काठमाडौं
कार्यालय कोड २०८००३५०१
धरौटीको आर्थिक विवरण
आ.व. २०७७।७८

१.	**आम्दानी**		
१.१	गत आर्थिक वर्षसम्मको जिम्मेवारी सारेको		२,५१७,७६५.६९
१.२	चालू आर्थिक वर्षको		१,४०१,८५९.३९
		जम्मा:	**३,९१९,६२५.०८**
२.	**खर्च**		
२.१	सदरस्याहा		-
२.२	फिर्ता		१,२३४,५६२.५०
		जम्मा:	**१,२३४,५६२.५०**
३.	**स्रेस्ता अनुसार बाँकी**		**२,६८५,०६२.५८**
३.१	नगद		
३.२	बैंकमा		
४.	**बैंक अनुसार बाँकी**		**२,६८५,०६२.५८**
५.	**फरक रकम (३–४)**		-
६.	**फरक पर्नाको कारण:**		
७.	**धरौटी खाता नं.: १२०१२०००००१००२५२४ (को.ले.नि.का)**		
८	**खाता रहेको बैंक: नेपाल राष्ट्र बैंक, थापाथली, काठमाडौं**		

तयार गर्ने:
हस्ताक्षर :
नाम : नृपराज जोशी
दर्जा: लेखापरीक्षण अधिकारी
मिति :

पेश गर्ने:
हस्ताक्षर:
नाम : किशोर पाण्डे
दर्जा: निर्देशक
मिति :

प्रमाणित गर्ने:
हस्ताक्षर:
नाम : महेश्वर कँफले
दर्जा: नायव महालेखापरीपक
मिति :

को.ले.नि.का. काठमाडौंबाट
निकासा भीडान भयो ।

महालेखापरीक्षकको कार्यालयको

अनुरोध

नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ र अन्य प्रचलित कानुनले तोकेबमोजिम सबै सरकारी निकायहरुको लेखापरीक्षण यस कार्यालयबाट हुने व्यवस्था छ । सार्वजनिक स्रोत साधनको प्राप्ति र उपयोगमा कुनै किसिमको अनियमितता, दुरुपयोग वा हिनामिनाका सम्बन्धमा जानकारी भएमा नागरिक समाज, सामुदायिक संघ संस्था, सरोकारवाला र सर्वसाधारणबाट लेखापरीक्षण टोली/सुपरिवेक्षक वा यस कार्यालयलाई जानकारी गराईदिनु हुन अनुरोध गरिन्छ । साथै यस कार्यालयबाट सम्पादन गरिने कामको सम्बन्धमा गरिनुपर्ने सुधारका विषयमा कुनै सुझाव, गुनासो एवं सूचना भएमा देहायको ठेगानामा जानकारी गराई लेखापरीक्षणलाई उद्देश्यमूलक, विश्वसनीय र गुणस्तरीय बनाउने कार्यमा सहयोग पुऱ्याउन सम्बद्ध सबैमा हार्दिक अनुरोध गरिन्छ ।

पत्राचार वा सम्पर्क गर्ने ठेगाना

महालेखापरीक्षकको कार्यालय, बबरमहल, काठमाडौं

- पोष्ट बक्स नं. १३३२८,
- प्याक्स नं. ०१–४२६२७९८, ४२६८३०९
- फोन नं. ०१–४२६२३८२, ४२६२९५८, ४२३५२७०
- इमेलः oagnep@ntc.net.np, info@oagnep.gov.np
- वेभसाइटः www.oagnep.gov.np
- कार्यालयको उजुरी पेटिका
- लेखापरीक्षण टोली वा सुपरिवेक्षक

१६१८०१४२५३२७० डायल गरी महालेखापरीक्षकको कार्यालयको जरुरी सूचनाबारे जानकारी लिन सकिनेछ ।